साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २७ ✪ १२ साउन २०८३, मङ्गलबार ✪ 28 July 2026, Tuesday ✪ मूल्य रू. १०।-

# शासक मन्त्रीहरूमा संसदीय ज्ञानको अभाव

भक्तपुर । निओ फ्युजन स्कूल अफ कम्प्युटरको २१ औं प्रमाणपत्र, प्रशंसापत्र, सम्मानपत्र तथा सांस्कृतिक कार्यक्रम साउन ९ गते सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले विदेशी शक्ति राष्ट्रको सहयोग र इसारामा बनेको सरकारले देश हितको काम नगर्ने स्पष्ट पार्दै वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूलाई राज्य सञ्चालन, नीति निर्माण गर्न र संसदीय अभ्यासबारे पर्याप्त ज्ञान नभएको बताउनुभयो ।

सरकारको आलोचना लोकतान्त्रिक अभ्यासको अभिन्न पक्ष भएको र गलत कामको विरोध गर्नुपर्ने उल्लेख गर्दै उहाँले राजनीति देश र जनताको हितको लागि हुनुपर्ने बताउनुभयो ।

सरकार सञ्चालन र बजेट व्यवस्थापन गम्भीर विषय भएको र बजेटमा मनपरी ढङ्गले हेरफेर गर्न नहुने उल्लेख गर्दै उहाँले राज्य सञ्चालनमा जिम्मेवारी र अनुशासन आवश्यक पर्ने धारणा राख्नुभयो ।

बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले प्रशिक्षार्थीहरूलाई प्राप्त सीपको सदुपयोग गर्दै लग्नुपर्ने र आफ्नो पढाइलाई निरन्तरता दिँदै उच्च शिक्षा हासिल गर्न प्रेरित गर्नुभयो ।

अहिलेको जीवनशैली प्रविधिमैत्री भएको र प्रविधिको सहजीकरण तथा प्रयोगबिना हाम्रो जीवन सहज नहुने उल्लेख गर्दै उहाँले विज्ञान-प्रविधिको महत्त्व र आवश्यकताअनुसार हामीले यस्ता ज्ञान र सीप सिक्दै र सिकाउँदै जानुपर्ने बताउनुभयो ।

प्रजग कोरियाका विद्यार्थीहरू अनुशासित, मेहनती र असल भएको स्पष्ट पार्दै उहाँले विद्यार्थीलाई सिर्जनात्मक कार्यमा सहभागी गराउनुपर्ने; खराब सङ्गत र दुर्व्यसनबाट टाढा राख्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले प्रशिक्षणबाट सिकेका सीप र ज्ञान समाज, समुदायको हितको लागि सदुपयोग गर्नुपर्ने बताउनुभयो ।


निओ फ्युजन स्कूल अफ कम्प्युटरका निर्देशक एवं कार्यक्रमका सभापति बालकृष्ण बनमालाले कार्यक्रम सफल पार्न उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्दै विद्यार्थीलाई विभिन्न

बाँकी पृष्ठ १२ मा

### शेखरका समयोचित ख्यालहरू आस्थामा प्रदर्शन जारी

# देश र जनविरोधी कार्यको साहित्यमार्फत उदाङ्ग्याउने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष, वरिष्ठ राजनीतिज्ञ एवं मार्क्सवादी साहित्यकार नारायणमान बिजुक्छेँ (रोहित) ले साउन ९ गते एक विशेष समारोहबिच हास्यव्यङ्ग्य कलाकार, निर्देशक, कथाकार, उपन्यासकार 'रामशेखरया ख्याल ब्वज्या' (हास्यव्यङ्ग्य प्रहसन) उद्घाटन गर्नुभयो ।




नाट्यकर्मी समाज नेपालद्वारा आयोजित उक्त कार्यक्रममा पार्टी अध्यक्ष बिजुक्छेँले नेपाली साहित्यबारे समालोचना गर्नुपर्ने आवश्यकता औँल्याउँदै साहित्य पनि एक सशक्त राजनीतिक हतियार भएको हुँदा देशविरोधी र जनविरोधी कार्यको समाजमा उदाङ्ग्याउनुपर्नेमा जोड दिनुभयो ।

राजनीतिक दलका नेता तथा कार्यकर्ताले इमानदारीपूर्वक काम नगरे देश पछि पर्ने विचार व्यक्त गर्दै उहाँले सिद्धान्त, विचार र व्यावहारिक अनुभव नभईकन नयाँ पुस्ता हुँदैमा सबै बुझ्छ भन्ने भ्रममा बस्न नहुने बताउनुभयो ।

भारत र संरा अमेरिका नमिली सिंहदरबारलगायत देशको सम्पत्ति कसैले ध्वस्त गर्न नसक्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "विदेशी शक्ति राष्ट्रले आफ्नो स्वार्थ पूरा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थालाई उपयोग गरिएको हुन्छ । त्यसतर्फ सरकार र जनता जहिल्यै गम्भीर र सचेत हुनुपर्छ ।"

नेपालभाषा साहित्यको नेपाली र अङ्ग्रेजीमा अनुवाद गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष रोहितले हरेक व्यक्ति अध्ययनशील हुनुपर्नेमा जोड दिनुभयो ।

कलाकारिता क्षेत्रबाट रामशेखर नकर्मी चिनेको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष रोहितले भन्नुभयो, "कलाकार रामशेखर आफू नहाँसी अरूलाई हँसाउनमा सफल कलाकार हुनुहुन्थ्यो । राजनीति थाहा नभएको बताउने उहाँ राजनीतिक दल र नेताहरूलाई तीखो व्यङ्ग्य गर्न पछि पर्नुहुन्न ।"

"साहित्य र कलाको माध्यमबाट गोलीले भन्दा बढी मनमा चोट पुग्ने गरी घोचपेच गर्ने क्षमता भएको 'शेखर दाइ' हास्यव्यङ्ग्यको सवालमा मात्र होइन धेरै विषयमा जानकार भएका व्यक्ति हुनुहुन्थ्यो", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले जनताको आजु (उद्देश्य) अझै पूरा नभएको हुँदा न्याय, समानता पाउन र देश जोगाउन आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सिंहदरबार, अदालत, सांसद भवनजस्ता देशको सम्पत्तिमा कसले किन आगजनी गर्‍यो भन्नेबारे नयाँ पुस्तामाझ विभिन्न साहित्यिक विधाबाट सुसूचित पार्नुपर्नेमा जोड दिँदै उहाँले देश बनाउन र जोगाउन नडराईकन, नझुकीकन साहित्य लेखेर नयाँ पुस्तालाई वैचारिक खुराक दिनुपर्ने बताउनुभयो ।

देश र जनताको निम्ति हरेकले आ-आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले देश र समाजको हित हुने साहित्य कोरेर जनतालाई सचेत र सङ्गठित गर्नु जरुरी छ भन्नुभयो ।

हास्य कलाकार आशाकाजी थकुले समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचारको विरोधमा व्यङ्ग्य गर्नुपर्ने उल्लेख गर्दै ख्याल (हास्यव्यङ्ग्य) विधालाई प्रहसनमा निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

शोषक, सामन्तहरूको विरोधमा लेखेर उनीहरूलाई नै हँसाउने काम ख्यालको उद्देश्य रहेको चर्चा गर्दै उहाँले जनतालाई जागरुक बनाउन, वैचारिक स्तर उठाउन, ख्यालको प्रहसनमा लाग्दा अनेक दुःखकष्ट झेल्नुपरेको समस्याबारे प्रकाश पार्नुभयो ।

बाँकी पृष्ठ १२ मा

# शनिवारीय समाचारपत्रहरू र रोचकता

काठमाडौँ । कहिलेकाहीँ केही दैनिकहरूको शनिबारको अङ्क पढ्ने र बुझ्ने रोचक सामग्रीहरू पढ्ने अवसर पाठकहरू पाउँछन् । २७ असार २०८३ को 'अन्नपूर्ण' मा 'केनेडीको म्युजियममा दरबार हत्याकाण्डको झल्को' शीर्षकले पाठकहरूको ध्यान तान्यो ।

२२ नोभेम्बर १९६३ को दिन ओस्वाल्डले चलाएको गोलीले तत्कालीन अमेरिकी राष्ट्रपति केनेडीको हत्या भयो ।

ओस्वाल्ड कुनै अपराधी वा चर्चित गुप्तचर पनि थिएन बरु गोली हान्ने भवनमा काम गर्ने एक पूर्वसैनिक थियो । तर, उनी सोभियत सङ्घमा बस्दा रुसी युवतीसँग विवाह भएको थियो र अमेरिका फर्केपछि उनले क्युवाको समर्थनमा गतिविधि गरेका थिए ।

पक्राउ परेपछि ओस्वाल्डले आफू निर्दोष रहेको दाबी गर्‍यो । उनले आफू निर्दोष भएको दाबी गर्दै भने, "म त बलिको बोका मात्रै हुँ ।"

केनेडीको हत्याको दुई दिनपछि उनलाई अदालत लैजाँदै गर्दा भीडलाई पन्छाउँदै ज्याक रुबी ओस्वाल्डको अगाडि पुगी उसको पेटमा गोली हान्यो । टीभीमा त्यो दृश्य मानिसहरूले हेरिरहेका थिए ।

हत्यारा रुबीले राष्ट्रपति केनेडीप्रतिको सम्मान र उनकी पत्नी ज्याकलिन केनेडीले अदालतको पीडा भोग्न नपरोस् भन्ने भावनाले आफूले गोली चलाएको दाबी गर्‍यो ।

तर, रुबीको जीवनको अन्तिम वर्षहरूमा दिएका केही सङ्केतपूर्ण केही अभिव्यक्तिले सत्य अझै बाहिर आएको छैन जस्ता कुराले घटनालाई थप षड्यन्त्रमूलक बनायो ।

संयुक्त राज्य अमेरिकामा अरु पनि राष्ट्रपतिहरूको हत्या भएको देश हो । ठूलो देश बढी जनसङ्ख्या भएको तथा अनेक संस्कृतिको विविधता भएको देश भएको हुनाले नेपालीहरूले जसरी अमेरिकालाई सजिलै आकलनमा अनुमान गर्छन्; ती सत्य र सुन्दर हुँदैनन् ।

'अन्नपूर्ण' कै २७ असार २०७३ को अङ्कमा 'परदेशमा भेटिएको आफ्नै देश' शीर्षकमा लेखकले संयुक्त राज्य अमेरिकामा विभिन्न राज्य र दर्शननीय प्राकृतिक सुन्दर स्थलहरूको यात्रा गरे र मुग्ध भए । त्यस्तै, अनेक भौतिक र प्राविधिक प्रगतिबाट पनि विस्मित भए । भौतिक प्रगतिलाई लेखकले प्राकृतिक वरदानजस्तै मानेको अनुभव हुन्छ तर व्यवहारमा उल्टो छ । भौतिक प्रगतिको सुरुमै अमेरिकी कपासको खेती र अन्य भौतिक उत्थानको निम्ति अफ्रिकी दासहरूको रगत र पसिनाले त्यहाँको भूमि लत्पतिएको थियो । त्यहाँका दासहरूको सालाखाला आयो २७ वर्षको थियो ।

अमेरिकी स्वतन्त्रताको सङ्ग्रामको कारण त्यसबेला बेलायतको सूर्य नडुब्ने साम्राज्यलाई हराउने एक बहादुर देश थियो । पहिलो साम्राज्यवादी शक्तिलाई हराउने 'स्वतन्त्र' देश !

तर, आश्चर्य मान्नु नपर्ने विषय के हो भने स्वतन्त्रता आन्दोलनपछिका राष्ट्रपतिहरू सबै दास मालिकहरूका मालिक र धेरै भूमि, व्यापार र उद्योगधन्दाका मालिक थिए । पछि राष्ट्रपति मुनरोको शासनपछि संयुक्त राज्य अमेरिका स्वयं दक्षिण अमेरिकी देशहरूमाथि आक्रमण गर्दै पश्चिमी गोलार्द्धलाई नै आफ्नो करेसाबारी बनाएरै छोड्यो । आज १२० भन्दा बढी देशमा अमेरिकी सेना छन् र डलरको प्रभुत्व झन् डरलाग्दो ढङ्गले आर्थिक शासन चलाउँदै छन् ।

तर, अमेरिकी पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा संयुक्त राज्य अमेरिका

बाँकी पृष्ठ १२ मा

### शुभचिन्तकहरूबिच

# 'मजदुर', 'श्रमिक' को अन्तरक्रिया

भक्तपुर । 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिकलाई अझ स्तरीय बनाउन पत्रिकाका शुभचिन्तकहरूसँग एक अन्तरक्रियात्मक छलफल कार्यक्रम साउन १० गते सम्पन्न भयो ।

'मजदुर' दैनिकका प्रकाशक तथा सम्पादक उद्धव सुजखुले देश र जनताको पक्षमा लेख लेख्ने लेखक तथा सहयोगीहरूलाई धन्यवाद दिँदै सङ्कटको समयमा पनि निरन्तर प्रकाशित भइरहेको 'मजदुर' र 'श्रमिक' आस्थाको पत्रिका हो भन्नुभयो ।

समाजवादी आन्दोलन अघि बढाउन, मजदुर, किसान या श्रमजीवीवर्गको पक्षमा लेख रचना लेखेर समाज परिवर्तनमा सहयोग पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पत्रिकाले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको निरन्तर विरोध गरेर जनतालाई सुसूचित पार्ने काम गरिरहेको बताउनुभयो ।

अन्तरक्रियात्मक सो छलफल कार्यक्रममा हिमालयश्वरलाल मूलले लेख लेख्न सक्ने क्षमता भएका साथीहरूलाई घच्घच्याउनुपर्ने आवश्यकता औँल्याउँदै नवउदारवादको पक्षमा कार्यकर्तामाझ अझै कक्षा सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

लेखक एवं 'मजदुर' दैनिकका सहयोगी योगेन्द्रमान बिजुक्छेँले पत्रिकालाई स्तरीय बनाउन र निरन्तर प्रकाशन गर्न लेखक, स्रष्टा र समालोकहरूको सहयोग आवश्यक हुन्छ भन्नुभयो ।

भ्रष्टाचार पुँजीवादी व्यवस्थाको छाया हुने उल्लेख गर्दै उहाँले सिद्धान्तहीन पार्टी पतन हुने लेख र रचनाबारे समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

'मजदुर' दैनिकका सम्पादक चक्रबहादुर चाकतुले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रमम विश्वनाथ प्रजापति, निरज लवजु, सुजन माक, सुनिल दुवाल, आशाकुमार चिकंबन्जार, सुरेश परियार, रामप्रसाद प्रजापति, सुन्दर राजचल, सरोज वैद्य, विश्वराम प्रजापति, सुनिता गाइसी, हरिसुन्दर सुवाल, प्रकाश गुरुङ, हरिराम सुवाल, गणेशराम थुसालगायतले बोल्नुभएको थियो ।

# काठमाडौँ र ललितपुरका बुद्धिजीवी, संस्कृतिकर्मी तथा सम्पदाप्रेमीलाई भक्तपुर नगरपालिकामा स्वागत

भक्तपुर । भक्तपुर नगरपालिकाले काठमाडौँ र ललितपुरका बुद्धिजीवी, संस्कृतिकर्मी तथा सम्पदाप्रेमीहरूको टोलीलाई भक्तपुरमा स्वागत गर्दै नगरको सम्पदा संरक्षण, शिक्षा, विकास र पुनर्निर्माणका अनुभवबारे जानकारी गरायो ।





कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनील प्रजापतिले भक्तपुर नगरपालिकाले आफ्नो गतिविधि र अनुभवलाई भावी पुस्ताका लागि दस्ताबेजीकरण गर्ने उद्देश्यले विभिन्न पुस्तकहरू प्रकाशन गर्दै आएको बताउनुभयो ।

उहाँले राजनीतिक दलहरू नैतिकता, सदाचार र सामाजिक उत्तरदायित्व सिकाउने विश्वविद्यालयजस्तो हुनुपर्ने धारणा व्यक्त गर्दै प्रजग कोरिया सानो देश भए पनि ठूलो शक्तिको अगाडि नझुक्ने, आत्मनिर्भरता र आत्मविश्वासका साथ अघि बढ्ने साहसबाट हामीले पनि सिक्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर ऐतिहासिक, सांस्कृतिक तथा शैक्षिक दृष्टिले देशकै समृद्ध नगरमध्ये एक रहेको उल्लेख गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितले अघि सारेका शिक्षा सुधारका प्रयास तथा 'एक घर, एक स्नातक' अभियानले भक्तपुरको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो ।

बाँकी पृष्ठ ११ मा



शान्तिको वास्तविक अर्थ समाजवादको विरोध नहुनु हो ।

-कार्ल मार्क्स

## सम्पादकीय

# देशको समस्या शासक दलहरूको शासक बन्ने अर्घेल्याइँ हो

नेपालीमा एउटा 'एक धार्नी चाकु खाएर पनि चाकुको स्वाद नपाएका' भन्ने उखान छ । शासनमा बारम्बार बसेर पनि केही गर्न नसकेका नेका, एमाले, एमाओवादी, राप्रपा र मधेशवादी दलहरू फेरि फेरि सरकारमा जानको निम्ति लछाड-पछाड गर्न थालेका छन् । कस्तो विडम्बना !

नेपाली काङ्ग्रेस र एमाले आफै सरकारमा रहँदा देशमा सबभन्दा विध्वंश झेले तर त्यसको दोषी आफूहरू होइनन् भन्ने वर्तमान सरकार संरा अमेरिका र भारतको मोदी सरकारको प्रत्यक्ष र अप्रत्यक्ष हात थियो भनी किन भन्न सकेनन् ?

त्यसो होइन भने अहिले पनि 'नेका र एमाले नेताहरूले 'हामीले सरकार चलाउन नजानेकै कारण हाम्रा सरकारको पतन भएको हो र 'हामी पराजीत शक्ति हो' भनी किन भन्न हिच्किचाउँदै छन् ? के सत्य बोल्नु नराम्रो हो ?

आजको रास्वपाको सरकार जतिसुकै केटाकेटीको 'सरकार' भने पनि वा 'संसद् र सरकार चलाउन जानेन' भने पनि आ-आफ्ना प्रतिनिधिहरूले संसद्मा आलोचना गर्न पछि हट्दै छन् ?

यो भाषा बोलेको भए नयाँ सांसदहरूले 'तिमीहरूकै पतनको कारण हामी यहाँ पुगेका हौँ' भनी निश्चय पनि उत्तर दिने थिए । गल्ती, कमजोरी र अपराध लुकाएर न रोगीले डाक्टर, वैद्यबाट राम्रो उपचार पाउनेछन् न त प्रहरीको छानबिनबाट मुक्त हुनेछन् । जनताको आँखा दूरबीन सरह हुँदा जनताबाट सरकारका अपराधहरू जोगिने कुरै छैन ।

हिजोका नेपाली काङ्ग्रेस र एमालेका नेताहरू र मुख्यमुख्य कार्यकर्ताहरूको मनोबल तलसम्म खस्किसकेको हुँदा सरकारमा बसे पनि उनीहरू सिंहदरबारको मेयर र टेबलबाटै तर्सिनेछन्; सपनामा सधैँ हेलिकप्टरबाट भागेको र जनताले तलबाट गोली हानेको र हेलिकप्टरहरू दुर्घटनाहरू भएको अनुभव गर्नेछन् । प्रस्ट भनौँ भने पुराना सरकार चलाएका नेताहरूको हात र मुखहरू आफ्नै हिजोका अपराधहरूबाट काम्दै गरेका छन् भन्दा फरक नपर्ला !

बारम्बार सरकारमा जाने ती नेताहरूलाई सरकारमा पुन: राख्ने एउटै मात्र तर्क हुनेछ - हारेको सिपाहीँ झन् राम्रो लड्न जानेको हुन्छ ।

कसैले यसै तर्कलाई अघि सार्ने जमर्को गरेमा नेपोलियनको मात्रै उदाहरणले ती तर्क गर्नेहरू सबैको मुखमा बुझो लाग्नेछ । कुतर्कको भरमा जनतालाई शासन गर्ने दृष्टिकोण पूर्णरूपले असफल हुनेछ ।

सरकार बनाउँदा र बजेट बनाउँदा पुन: शासक दलहरूमाझ मतभेद र झै-झगडा हुन्छ किन ? सिद्धान्त र नीतिबारे छलफल र वादविवाद स्वाभाविक मात्र होइन आवश्यक पनि छ । बजेट बनाउँदा शासक दलले 'निर्वाचन घोषणापत्र' मा उल्लेख भएको र वचन दिएको आर्थिक नीतिभित्र बसेर योजनाहरूको तर्जुमा गर्नु आवश्यक हुन्छ । घोषणापत्रमा उल्लेख भएको आर्थिक नीति र सोअनुसारको कल-कारखाना, सहरी विकास, कृषि विकास, खनिज उत्खनन् एवं उद्योगहरूको विकासको पूर्वाधारको निम्ति कार्य सुरु गर्नुपर्ने हुन्छ ।

तर, व्यवहारमा सबै नेपाली जनताले सुनिरहेकै हुन् सरकारमा प्रभाव राख्ने नेता र मन्त्रीहरूले आ-आफ्नै गाउँ, सहर वा क्षेत्रमा प्राथमिकताको निम्ति अर्बौं रकम राख्न लगाई साह्रै थोरै काम गरी रकमको दुरुपयोग गरेको हुन्छ ।

देशको आवश्यकता हेरी कुनै निश्चित गाउँ, सहर वा जिल्लाकेन्द्रित होइन केन्द्रीय स्तरको योजनामा केन्द्रित हुनु आवश्यक हुन्छ । प्रदेश, नगर र गाउँमा आ-आफ्नै बजेटअनुसार विकास निर्माण गर्ने हो । बरु, सरकारले सबै जिल्लाको सन्तुलित विकास हुने गरी केन्द्रीय नीति र योजना बनाउनु आवश्यक छ ।

प्रदेशले आ-आफ्नो प्रदेशलाई आ-आफ्नै आवश्यकताअनुसार विकास निर्माण गर्ने हो । केन्द्रप्रति निर्भर नभई स्वायत्तता र आफ्नै खुट्टामा उभिन सक्ने नीति बनाउनु महत्त्वपूर्ण हुन्छ । त्यस्तै गाउँ र नगरलाई स्वायत्तता र विकेन्द्रीकरणको सिद्धान्तलाई स्वीकार गरेमा स्वायत्तता फलदायी हुनेछ; यसबारे सारा सरकारहरू असफल थिए ।

# शासक दलहरूबाट देश र जनताको हित हुने अवस्था छैन

✍ प्रज्ज्वल

एमालेका खड्ग ओली नेतृत्वको पार्टी र पुष्पकमल दाहाल, माधवकुमार नेपाललगायतको नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) बिच प्रदेश सरकार साझेदारीमा गठन गर्ने सहमति गरिएको सार्वजनिक भयो । यो सहमति ठेकेदार भनिएका शारदाप्रसाद अधिकारीको निवासमा भएको पनि सार्वजनिक भयो । एमाले र नेकपा दुवै आफूलाई कम्युनिस्ट दाबी गर्छन् तर सहकार्यको सहमति शोषक वर्गलाई साक्षी राखेर गर्छन् । कम्युनिस्टहरूले मजदुर वर्गलाई साक्षी राखेर सहमति गर्नुपर्ने होइन ?

एमाले र तत्कालीन माओवादी (हालको नेकपा) बिच २०६५ साउन ३१ गते दाहाललाई प्रधानमन्त्री बनाउन उद्योगी व्यापारी भनिएका राज्यलक्ष्मी गोल्छाको भूमिकामा सहमति गरिएको सार्वजनिक भएको थियो । यस वापत २०७० सालमा संविधानसभामा गोल्छालाई एमालेबाट समानुपातिक सदस्यमा चयन गरियो । त्यसबेला गोल्छाले एमालेका नेताहरूलाई ७ करोड रुपैयाँ दाम चढाएको गोल्छालाई राजिनामा गर्न दबाब दिएको सार्वजनिक भएको थियो ।

एमाले र तत्कालीन माओवादीबिच २०६७ माघ ३० गते एमालेका खनाललाई प्रधानमन्त्री बनाउने सहमति गरियो । यो सहमतिमा बौद्ध भिक्षु भनिएका ल्हारक्याल लामा र उही राज्यलक्ष्मी गोल्छाकै हात रहेको सार्वजनिक भयो । खनालले २०७० सालपछि ल्हारक्याललाई अर्थ राज्यमन्त्रीसमेतमा सिफारिस गरे । तीन देश नेपाल, भारत र चीनको तिब्बतको नागरिकता भएको सार्वजनिक भएपछि ल्हारक्यालले मन्त्री पदबाट राजिनामा दिएका थिए ।

एमाले र तत्कालीन माओवादीबिच २०७४ असोज १७ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन गठबन्धन गर्ने सहमति गरियो । यो सहमति गराउन उद्योगी–व्यापारी भनिएका दीपक भट्ट, रामेश्वर थापा, दुर्गा प्रसाई, अजयराज सुमार्गी, शारदाप्रसाद अधिकारी, उही राज्यलक्ष्मी गोल्छाको भूमिका रहेको सार्वजनिक भयो । त्यसबेला प्रसाईको घरमा ओली र दाहालले मार्सी चामलको भात खाएको तस्वीर प्रकाशित भएको थियो । भट्टले २०७४–७५ मा ओली र दाहालको बैठक आफ्नो घरमा पटक पटक भएको बताएको पनि सार्वजनिक भयो ।

उद्योगी–व्यपारी भनिएकाहरूको भूमिकामा शासक दलहरू विभाजन पनि भएका धेरै उदाहरण छन् । २०७७ फागुन ११ गते प्रतिनिधिसभा पुन:स्थापनापछि एमाले र तत्कालीन माओवादीको विभाजन उद्योगी व्यापारी भनिएका राजेन्द्र तिमिल्सिनाको भूमिका रहेको सार्वजनिक भयो । एमालेबाट अलग भएर नेकपा (एस) गठन गरेका माधवलाई पनि उद्योगी व्यापारी भनिएका सुमार्गी, पूर्वमन्त्रीहरू किसन र आलेलगायतले सघाएको सार्वजनिक भयो ।

उद्योगी व्यापारी भनिएका मीनबहादुर गुरुङले २०७२ सालको भूकम्पपछि जीर्ण एमाले कार्यालय बनाउन एमालेलाई कालिमाटी, कीर्तिपुरमा कार्यालय भवन बनाउन जग्गासमेत उपलब्ध गराएको थियो । अर्का उद्योगी–व्यापारी भनिएका मोतीलाल दुगडले थापाथली हाइटमा एमाले कार्यालय व्यवस्थापन गरेका थिए भने आङछिरिङ शेर्पाले धुम्वाराहीमा कार्यालयका लागि जग्गा उपलब्ध गराएका थिए । तत्कालीन माओवादीका दाहाल ठेकेदार शारदाप्रसाद अधिकारीको घरमा बसेको पनि सार्वजनिक भएको थियो ।

यसरी सहयोग गर्नेहरूमध्ये दुगडलाई एमालेले उद्योग राज्यमन्त्री बनाएका थिए भने आङछिरिङलाई नेपाल ट्रष्टको हजारौँ रोपनी जग्गा सस्तोमा वाहालमा दिएका थिए । दाहालले शारदाप्रसाद अधिकारीलाई द्रुतमार्गलगायत देशभरी धेरै ठेक्का दिलाउने काम गरे । हाल अनुसन्धानमा जेलभित्र रहेका भट्टलाई पनि सरकारहरूबाट अनेक आर्थिक फाइदा दिलाउने काम भएको सार्वजनिक भयो । उद्योगी–व्यापारी भनिएकाहरूको चासो अर्थ, उद्योग, ऊर्जा, भौतिक पूर्वाधार र सञ्चारजस्ता मन्त्रालय र मन्त्रीलाई प्रभाव राख्ने भएको पनि सार्वजनिक भयो ।

शासक दलका नेताहरू देउवा, ओली, दाहाल, माधव, कमल थापा, उपेन्द्र यादव, सीके राउत, राजेन्द्र लिङडेन, चित्रबहादुर केसीलगायत पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री बनेका तर देश र जनताको नि:स्वार्थ सेवामा नलागेका हुँदा गत भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरी आगजनीलगायत उपद्रव र विध्वंश भएको हो । तर, शासक दलका नेताहरू अझै चेतिएका छैनन् ।

एमालेका पूर्वमन्त्री एवम् सांसद रघुवीर महासेठ, उनको श्रीमती जुलीकुमारी महतो, तत्कालीन राजा ज्ञानेन्द्रका छोरी ज्वाइँ राजबहादुर शाहीसहितको २० प्रतिशत शेयर भएको भारतीय दूरसञ्चार कम्पनी यूटीएल खारेज गर्ने फैसला सर्वोच्च अदालतले २०८१ जेठ २५ गते नै गरेको थियो । त्यसयता सूचना मन्त्रालय सम्हालेका एमालेका पृथ्वीसुब्बा गुरुङ, तत्कालीन माओवादीका रेखा शर्मा र चुनावी सरकारका जगदीश खरेल तथा हाल रास्वपाका मन्त्री विक्रम तिमल्सिनासमेतले यूटीएलको अनुमति पत्र खारेज र वक्यौता कर असुली गरेका छैनन् । यसले साढे सात अर्ब रुपैयाँ नेपाललाई नोक्सान भइरहेको सार्वजनिक भयो । ५० युनिट बिजुलीभन्दा बढी खपत गर्ने सामान्य उपभोक्तामाथि ५ प्रतिशत भ्याट असुल गर्ने रास्वपा सरकारले यूटीएलसँगको अर्बौं रुपियाँ वक्यौता असुल गर्न चाहेन । विगतका सरकारहरूले मिलिमतोमा अर्को दूरसञ्चार कम्पनी ऐनसेलसँग ६२ अर्ब रुपैयाँ पुँजीगत लाभकर असुल नगरेको सार्वजनिक भएको थियो । सङ्घ र प्रदेशमा 'वाम सरकार' यसअघि पनि पटक पटक गठन भएको हो तर देश र जनतालाई नोक्सानबाहेक केही भएन । अहिले प्रदेशमा पुन: 'वाम सरकार' र सङ्घमा रास्वपा सरकारबाट पनि देश र जनतालाई हित हुने अपेक्षा गर्न सकिन्न । शासक दल सबै एकै ड्याङ्का मूला सावित भइरहेको छ ।

# किसानको नाममा ४० प्रतिशत प्रोत्साहन बिचौलियालाई पोषण




शुक्र

कृषिप्रधान देश नेपालले गत आव २०८२/८३ मा चार खर्ब ३७ अर्ब ७७ करोड रुपैयाँका कृषि तथा पशुजन्य वस्तु आयात गरेको सार्वजनिक भयो । एक आवमा ५९ अर्ब ६६ करोड रुपैयाँको धान, चामल, मकै, गहुँलगायतका अनाज, ३८ अर्ब ३५ करोड रुपैयाँको तरकारी तथा कन्दमूल, ३४ अर्ब ७३ करोड रुपैयाँको फलफूल तथा सुक्खा फलफूल आयात गरियो ।

दश अर्ब ४१ करोड ७० लाख रुपैयाँको चिया, कफी र मसला, ३५ अर्ब ३५ करोड २५ लाख ८८ हजार रुपैयाँको तेलहन, विभिन्न बिउ, औषधीय वनस्पति, पराल तथा पशु आहारका कच्चा पदार्थ, २८ अर्ब ८३ करोड २८ लाख ८१ हजार रुपैयाँको पशु आहार तथा खाद्य उद्योगका अवशेष, १८ अर्ब २१ करोड रुपैयाँको तयारी खाद्य वस्तु आयात गरियो ।

आठ अर्ब १७ करोड ५९ लाख रुपैयाँको तयारी खाद्य पदार्थअन्तर्गत अन्न, पिठो, दूधबाट बनेका परिकार तथा बेकरीजन्य उत्पादन, ६ अर्ब ६५ करोड १६ लाख रुपैयाँको चिनी तथा चिनीजन्य मिठाई, पाँच अर्ब ३८ करोड ७४ लाख रुपैयाँको सुर्ती तथा निर्मित सुर्तीका विकल्पजन्य उत्पादन आयात गरियो ।

पाँच अर्ब ९७ करोड दुई लाख रुपैयाँको दुग्धजन्य पदार्थ, अण्डा, प्राकृतिक मह तथा अन्य पशुजन्य खाद्य पदार्थ, तीन अर्ब ५० करोड ८३ लाख रुपैयाँको मिलिङ उद्योगका उत्पादन, माल्ट, स्टार्च तथा गहुँको ग्लुटेन, दुई अर्ब २४ करोड १७ लाख रुपैयाँको तरकारी, फलफूल तथा वनस्पतिबाट बनेका प्रशोधित खाद्य पदार्थ, एक अर्ब ५३ करोड पाँच लाख ९४ हजार रुपैयाँको माछा, क्रस्टेसियन, मोलस्क तथा अन्य जलचर आयात गरियो ।

पशु वा वनस्पतिजन्य बोसो तथा तेल, त्यसका प्रशोधित उत्पादन र मोम (मह) आयातमा मात्रै एक खर्ब ७९ अर्ब ६३ करोड ६४ लाख ३१ हजार रुपैयाँको आयात गरियो । बलिया पाखुरा भएका युवाहरूलाई विदेश पठाएर भित्रिएको विप्रेषणले विदेशीको अनाज किन्न नेपाली जनतालाई सरकारले बाध्य पारेको के ३५ वर्षयताका सरकारहरू गाँसेगुसे एकै नासे छैनन् ।

गत आवमा एक खर्ब ३२ अर्ब ७७ करोड रुपैयाँको कच्चा सोयाबिन तेल आयात गरी एक खर्ब २८ अर्ब ७४ करोड रुपैयाँको प्रशोधित सोयाबिन तेल निर्यात गरिएको सार्वजनिक भयो । २१ अर्ब ७७ करोड रुपैयाँको कच्चा सूर्यमुखी तेल आयात गरी ८ अर्ब ९४ करोड रुपैयाँको मात्र प्रशोधित सूर्यमुखी तेल निर्यात गरियो । यो तथ्याङ्कले नेपालको निर्यात व्यापार कमजोर देखायो ! सरकारी नीति गलत भएकै कारण १७ खर्ब ८१ अर्ब रुपैयाँ व्यापार घाटा भएको किन होइन ?

सरकारले चालु आव २०८३/८४ मा कृषि उत्पादन बढाएर आयात प्रतिस्थापन गर्ने उद्देश्य राखेको छ । रासायनिक मलको आपूर्ति बढाउनेदेखि कृषि बिमा, किसानलाई पुँजीगत अनुदान, सिँचाइ विस्तार र व्यावसायिक खेती प्रवर्द्धनलाई प्राथमिकतामा राखियो । तर, नेपालमा पर्याप्त खेतीयोग्य जमिन भए पनि सरकारी नीतिकै कारण कृषिमा परनिर्भर हुँदै आएको हो । कृषि श्रमिकको अभावले खेतीयोग्य जमिन बाँझो रहनु, उत्पादन लागत नउठ्नु, बजार व्यवस्थापन कमजोर, गुणस्तरीय मल, सिँचाइको अभाव हुनु, आधुनिक प्रविधि र कृषि औजारको कमीले कृषि उत्पादन दिनानुदिन घटिरहेको छ । सरकारी अनुदान कागजमा होइन किसानको उत्पादनमा दिनु आवश्यक छ । भारतबाट आयात हुने अनाज र तेलजन्य वस्तु खान योग्य नभएको हुँदा नेपालीको स्वास्थ्य बचाउन खुला सीमा नियमन गर्नु आवश्यक छ ।

न्यूनतम २ करोड रुपैयाँसम्म पुँजी लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने सरकारी घोषणा बिचौलिया पोस्ने कार्यक्रम मात्र भयो । साधारण किसान साँझ बिहान हातमुख जोड्न धौधौ हुनुपर्ने अवस्था रास्वपा सरकारको कार्यकालमा पनि यथावत भयो ।

# राजनीति, सरकार र सुशासनको नारा

✍ विवेक

रास्वपाका सभापति रवि लामिछानेले निर्वाचनको बेला 'सरकार बनेको १०० दिन भित्र क्षमतावान व्यक्तिहरुलाई विदेशमा पाए सरहको सेवा सुविधा दिएर नेपाल फर्काउन अष्ट्रेलिया, युरोपका गल्ली गल्लीमा आफै गएर पम्प्लेट टाँस्ने बताएका थिए। फागुन २१ गते सम्पन्न निर्वाचनमा बहुमतमात्र होइन, झन्डै दुई तिहाइकै सरकार गठन गर्न पुग्ने गरी जनताले मत दिए। रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहको नेतृत्वमा सरकार गठन भएको १०० दिन बितिसकेको छ। लामिछानेले बोलेअनुसार काम गरेनन् । त्यसबारे पत्रकारहरुले सोधेको प्रश्नमा लामिछाने भागी भागी हिँड्दै छन्।

निर्वाचनकै क्रममा उनले सुकुम्बासी बस्ती बस्तीमा पुगेर 'रास्वपाको सरकारले घर भत्काउने छैन, कसैले सुकुम्बासी बस्तीमा डोजर चलाउँछ भने म छात्ती थप्न आउँछु' पनि भनेका थिए। रास्वपाको सरकार गठनपछि सुकुम्बासी बस्ती हटाउने कामलाई पहिलो प्राथमिकतामा राख्यो। न कुनै योजना न कुनै वैकल्पिक व्यवस्था जबरजस्ती उठाएर सुकुम्बासीहरुलाई विभिन्न होल्डिङ सेन्टरहरूमा राख्न लग्यो। घरबार विहीन भएको पीडा सहन नसकेर ३ जनाले ज्यान गुमाए। एउटा खोला किनाराबाट उठाएर अर्को खोला किनारामा बनाइएका होल्डिङ सेन्टरमा लगेर राखिएको हुँदा डुबानमा परेर त्यसको ठुलो आलोचना भयो। पार्टी सभापतिको सुकुम्बासी समस्याबारे मुख बन्द छ।

रास्वपाको झुट बोल्न माहिर अर्को पात्र हुन्-अर्थमन्त्री स्वर्णिम वाग्ले। नेपाली काङ्ग्रेसमा छँदा उनले स्वास्थ्य बीमा कार्यक्रम असाध्य राम्रो भनेर प्रशंसा गरे। त्यतिबेला गगन थापा स्वास्थ्यमन्त्री थिए। रास्वपा प्रवेश गरेर अर्थमन्त्री बनिसकेपछि उनले भने- "३५०० रुपैयाँले १ लाखको सुविधा राज्यले धान्न सकिँदैन।"

तेस्रो पात्र हुन् -गृहमन्त्री सुधन गुरुङ। भदौ २३ र २४ पछि एकाएक उदाएका उनको बोलीको केही ठेगान छैन। मन्त्रीहरूलाई तलबभत्ता किन दिनुपर्यो ? प्रधानमन्त्री सभामुखजस्ता भीआईपी व्यक्तिहरूको अघिपछि किन सुरक्षाकर्मी राख्नुपऱ्यो ? हटाउनुपर्छ भन्थे उनी। तर अहिले उनी आफै अघिपछि सुरक्षाकर्मी राखेर दौडिरहेका छन्। एक जना मन्त्रीका लागि आठ आठ जना सचिव राख्न सहमत भएका छन्।

हामी नयाँ हौ भनेर सरकारमा पुगेकाहरूको बोली र व्यवहार जनताले उल्टो पाएका छन्। रास्वपाभित्र गैरजिम्मेवार अभिव्यक्ति दिने तीमात्र होइनन् सूचि लामै छ। राजनीतिमा बोलीअनुसार व्यवहार भएन भने त्यसलाई पाखण्डी भनिन्छ। त्यो एक प्रकारको ठगी पनि हो। हुन त सहकारी ठगी, सम्पत्ति शुद्धीकरण, नक्कली नागरिकता र पासपोर्टका आधा दर्जन मुद्दा बोकेकाहरूका लागि यस्ता झुट बोल्नु सामान्य विषय हुन सक्छ तर जनताको आँखा दुरबिन सरह हुन्छ भने कुरा सबैले बुझ्नुपर्छ।

जनताले रास्वपा र त्यसका उम्मेदवार राम्रो भएर मत दिएका थिएनन्। पहिलेका शासकहरू भ्रष्टाचारले गन्हाएका, उनीहरूबाट कुनै आशा गर्न नसकिने अवस्था आएको ठानेर निरास भएका जनताले विकल्पको रूपमा रास्वपा रोजेका हुन्। अहिले 'टावाका माछा भुँग्रोमा' भने झै भएका छन्। नेका, एमाले, माओवादीले २०४६ सालपछि ३५-३६ वर्ष सरकार चलाए। उनीहरूले राजनीतिलाई पैसा कमाउने व्यापार बनाए। जस्तोसुकै अपराध गर्दा पनि त्यसको जिम्मेवारी नलिने प्रवृत्तिको विकास गरे। राजनीतिक कार्यकर्ताहरूले हात हालेका हरेक क्षेत्र ध्वस्त हुन्छ भन्ने जनमानसमा नकारात्मक भावनाको विकास भयो। सबै क्षेत्रमा भागबन्डाको आधारमा राजनीतिक कार्यकर्ताहरू नियुक्त गर्दा भ्रष्टाचारले चरम रूप लिन पुग्यो। रास्वपाको सरकारले केही महिनाभित्रै ती पार्टीहरूलाई समेत माथ गर्ने गरी काम गर्दै छ।

राजनीतिक दल भनेको नेता, कार्यकर्ताहरूलाई अनुशासन, नैतिकता, सदाचार सिकाउने शिक्षालय हो। दलका नेताहरू नै प्रधानमन्त्री, उपप्रधानमन्त्री, सभामुख, मन्त्री हुने भएको हुँदा ती महत्त्वपूर्ण पदमा पुग्ने व्यक्तिहरूबाट नै राजनीतिक कार्यकर्ताहरूले सिक्ने गर्छन्। २०४६ सालपछिका घटनालाई हेर्ने हो भने शैलजा आचार्य र जगन्नाथ आचार्यले आफ्ना मन्त्रालयमा भएको भ्रष्टाचारको बारे प्रश्न उठ्ने बित्तिकै नैतिकताका आधारमा राजीनामा दिए। पञ्चायतकालमा सिंहदरबार आगजनी काण्डमा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले, रङ्गशाला काण्डमा केशरबहादुर बिष्टले राजीनामा दिएको राजनीतिमा नैतिकताका उदाहरणको रूपमा लिने गरिन्छ।

**कहाँबाट बिग्रियो ?**

२०४६ पछि नेका र एमाले पालैपालो सरकारमा गएदेखि विभिन्न विकृतिहरू देखा परे। ती पार्टीका सांसदहरू जे गरेर पनि पैसा कमाउनतर्फ लागे। पार्टीले अनुशासनको कुनै कारबाही चलाएन। पुरुष सांसदले सुत्केरी महिलाले प्रयोग गर्ने औषधी (फोर्टुम) को भुक्तानी लिए, मन्त्री र सांसदहरू सरकारी गाडीसहित नाइट क्लबहरूमा भेटिए र सांसदहरू सुन तस्करीमा सहभागी भए। अझ सरकार परिवर्तनको क्रममा सुरा सुन्दरी काण्डसमेत भए। ती सबै पार्टी नेतृत्वको जानकारीमा भएका घटनाहरू हुन्। त्यो सरुवा रोगसरी नेता कार्यकर्ताहरूमा महामारीको रूपमा फैलियो। पत्रकार, बुद्धिजीवी र सचेत नागरिकहरूले सार्वजनिक रूपमा आलोचना गरे पनि कुनै मतलब गरिएन।

प्रधानमन्त्री, उपप्रधानमन्त्री, सभामुख, मन्त्रीहरू नेपालमै उपचार हुने स-साना रोगहरूको उपचारको लागि समेत विदेशमा लाखौँ खर्च गर्न जाने क्रम बढ्यो, भ्रष्टाचार मौलाउन थाल्यो। त्यसले भ्रष्ट नेता कार्यकर्ताहरूको मनोबल बढायो। पछिल्लो चरणमा जनताको चर्को आवाजपछि सरकारले नेपालमा उपचार हुने रोगको विदेशमा उपचार गर्न पठाउन नमिल्ने कानुन बनायो। त्यसको पनि पालना भएन। कानुनविपरीत उपचार गर्न गएका पूर्वराष्ट्रपति, प्रधानमन्त्रीहरू र केही मन्त्रीहरूले अहिले रकम फिर्ता गरेका छन्। राज्य कोषको दुरुपायोग गर्ने सबैसँग रकम फिर्ता लिनु सकारात्मक कुरा हो।

विभिन्न क्षेत्रमा राजनीतिक नियुक्तिको व्यवस्था छ। ती ठाउँमा जुनसुकै पार्टीको सरकार आए पनि योग्य, असल र क्षमतावान व्यक्तिहरू नियुक्ति गरेको भए सरकारको त्यत्रो बद्नाम हुने थिएन। विश्वविद्यालय पढाउन नसक्ने प्राध्यापक, उपचार गर्न नसक्ने चिकित्सक, पढाउन नसक्ने शिक्षक र कानुनको राम्रो जानकार नभएको न्यायाधीश भागबन्डामा नियुक्ति गरेपछि त्यसको परिणाम बद्नाम बाहेक केही हुँदैन। त्यही भएको थियो।

उद्योगधन्दा राम्रो सञ्चालन गर्न सक्षम व्यक्तिलाई प्राधिकरण प्रमुख र शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गर्न सक्ने व्यक्तिलाई विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी दिएको भए हरेक क्षेत्रको प्रगति हुने थियो। नियुक्ति पाउन पार्टी नेताहरूको घरघरमा गएर चाकरी गर्नुपर्ने, करोडौँको दक्षिणा चढाउनुपर्ने प्रवृत्तिले देशको अवस्था बिग्रँदै गएको हो।

लाउडा काण्ड, चेज एयर काण्ड, सुनकाण्ड, बालुवाटार जग्गा काण्ड, भुटानी शरणार्थी काण्ड, सीसीटीभी काण्ड, सहकारी काण्डजस्ता ठुल्ठुला काण्डहरूमा समेत सरकारले छानबिन प्रक्रिया अगाडि नबढाउने, छानबिन समिति गठन गरेकै अवस्थामा पनि मुख्य पात्रलाई प्रतिवादी नै नबनाउने जस्ता गलत प्रवृत्तिले जनतामा दलहरूप्रति विश्वास घट्न गएको हो। राजनीतिक दलका नेता र कार्यकर्ताहरूले जस्तोसुकै अपराध गरे पनि मुद्दा फिर्ता गर्ने, दलहरूबाट नियुक्त न्यायालयबाट सफाइ पाउने जस्ता घटनाहरूले जनतामा निराशा छाएको हो।

राजनीतिमा नैतिक मूल्य र मान्यता नाम मात्रैको बाँकी रह्यो। राजनीतिमा आएर एक दुई पटक मन्त्री भएकाहरूको सम्पत्ति ठुल्ठुला उद्योगपति र व्यापारीहरूको भन्दा बढी भएको देखिन्छ। नेताहरूको सम्पत्ति देखेर नै प्रदेश र स्थानीय तहमा जिम्मेवार पदमा पुगेकाहरूले पनि त्यही सिको गर्न थाले। स्थानीय तहमा सङ्ख्यात्मक रूपमा धेरै भएकाले अख्तियारले मुद्दा चलाएका र उजुरी परेको आधारमा सबभन्दा बढी स्थानीय तहको भएको पाइएको छ।

जनताले विकल्पको रूपमा रास्वपालाई मत दिए। उनीहरूको चाला पनि पहिलेका भन्दा कुनै कमी देखिएन। गृहमन्त्री आफै कुकुर लिएर चोरको अनुसन्धान गर्न पुग्छन्, चोरको खोजी गर्न आफै दौडेर तमासा देखाउँछन्। यस्ता कामले क्षणिक रूपमा चर्चा पाए पनि त्यसले दीर्घकालीन रूपमा राम्रो गर्दैन। कुकुरबाट अपराधी पत्ता लगाउने काम विशेष तालिम प्राप्त पदाधिकारीहरूले गर्ने हो। त्यस्तै चोरीको अनुसन्धान गर्ने काम पनि प्रहरीको विशेष अनुसन्धानका व्यक्तिहरूले गर्ने हो। देशको परराष्ट्र नीतिविपरीत दलाई लामाको जन्मदिन मनाउन स्वीकृति दिने र नेपालले भारतको सीमाना धेरै ठाउँमा मिचेको भनी देशघाती अभिव्यक्ति दिने बेलगाम काम गर्नेहरू गृह र प्रधानमन्त्री बनेका छन्। नयाँका नाउँमा आएकाहरूले कतै देशको अस्तित्व धरापमा पार्ने त होइन ?

प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत जसरी अहिलेको सरकार निरङ्कुश ढङ्गले अगाडि बढ्दै छ। त्यो खतराको सङ्केत हो। इमानदार, प्रजातन्त्रप्रति प्रतिबद्ध र जनताको सेवामा समर्पित भएर लाग्ने कर्मचारीहरू अहिले प्रधानमन्त्री कार्यालय, गृह र अन्य मन्त्रालयहरूमा सरुवा भएर जान नचाहेका कुराहरू पनि आइरहेका छन्। एक कर्मचारी भन्छन्- उनीहरू (मन्त्री) को के विश्वास छ, सनकको भरमा केही गर्यो भने के गर्ने ? प्रधानमन्त्री र मन्त्रीहरूले आफूलाई संविधान र ऐन कानुनभन्दा माथि ठानेका छन्। मनमा जे आयो त्यही कानुन। निरङ्कुशता भनेको यही हो।

पहिलेका शासक पार्टीहरूले राम्रो गरेनन् भनेर जनताले नयाँ पार्टीलाई जिताए। नयाँ पार्टीले झन शिक्षा र स्वास्थ्य उपचारमा समेत कर, विद्युत्मा भ्याट लगाएर जनतालाई मारमा पारेको छ। त्यसको चर्को विरोधपछि शिक्षा र स्वास्थ्यमा कर हटाउने मन्त्री परिषद्ले निर्णय गर्यो। बजेटमा पास भएको कर नीति प्रधानमन्त्रीले फेसबुकबाट हटाउँदा अर्थमन्त्रीले नैतिक जिम्मेवारी लिनुपर्छ कि पर्दैन ? विदेशमा दैनिक हजारौंको संख्यामा युवाहरू गइरहँदा रवि लामिछानेको नैतिकता कहाँ गयो ? नैतिकता अरूलाई शिक्षा दिएर हिँड्ने विषय होइन त्यो त आफै उदाहरण बनेर देखाउने हो। के रास्वपाको सुशासन नीति यही हो ?

---

## सन्दर्भ : नेपालमा चीनविरोधी गतिविधि

# साम्राज्यवादीहरूको 'छद्‌म युद्ध' अध्ययन - ३३

✍ रामरतन चौधरी

२०८२ भदौ २३ र २४ गतेको घटनापछि नेपालमा अमेरिकी साम्राज्यवाद हाबी भयो। अमेरिकी उक्साहटमा तिब्बतबाट भागेका पृथकतावादी दलाई लामाको पनि नेपालमा गतिविधि बढ्न थाल्यो। निर्वाचनपछि बनेको बालेन सरकारको गतिविधि 'एक चीन नीति' विपरीत हुँदै गएको छ। दलाई लामाका पक्षधरहरू अहिले खुल्लमखुला सल्बलाउँदै छन्।

**तिब्बत मामिलामा गोष्ठी**

पश्चिमा मुलुकहरूले चीनलाई चुनौती दिन एउटा 'अन्तर्राष्ट्रिय तिब्बती अध्ययन सङ्घ' 'International Association for Tibetan Studies' बनाएका थिए। सो संस्था सन् १९७९ मा अक्सफोर्ड विश्वविद्यालयका माइकल एरिस (Michael Aris) ले आयोजना गरेको तिब्बती अध्ययन सम्मेलनबाट स्थापना भएको हो। यस संस्थाको बोर्डमा व्यक्तिगत रूपले नेपाल, भुटान, बेलायत, जापान, फ्रान्स, चेक गणतन्त्र, अस्ट्रिया र दलाई लामाका समर्थकहरूले प्रतिनिधित्व गरेका छन्। यसले तिब्बतीहरूको धर्म, भाषा, इतिहास र कलाको अध्ययन र प्रवर्द्धन गर्ने नाममा पृथकतावादी दलाई लामालाई सघाउने काम गर्दछ। यो संस्थाले आफ्नो कुनै राजनीतिक उद्देश्य नरहेको बताउँछ। तर, चिनियाँ सरकारको स्वीकृतिविना तिब्बती मामिलामा हस्तक्षेप गरेर चीनको सार्वभौमिकतालाई चुनौती दिन्छ।

यो संस्थाले २०८३ भदौ ७ गतेदेखि १३ गतेसम्म (अगस्ट २३ देखि २९) काठमाडौँमा आफ्नो १७ औँ गोष्ठी गर्दै छ। सो कार्यक्रममा तिब्बत मामिलाका अनुसन्धानकर्ता तथा विज्ञहरूको नाममा विभिन्न मुलुकबाट प्रतिनिधिहरू सहभागी हुँदै छन्। यो गोष्ठी काठमाडौँ विश्वविद्यालयको 'Himalaya Centre for Asian Studies at Kathmandu University'/ 'Kathmandu University Centre for Buddhist Studies at Rangjung Yeshe Institute' को संयुक्त आयोजनामा हुन लागेको हो। गोष्ठीको संयोजकमा प्रा.सागर शर्मा र प्रा. थोमस डक्टर छन्। यसको उद्घाटन समारोह काठमाडौँ विश्वविद्यालयको धुलिखेलमा हुने र बाँकी कार्यक्रम होटल सोल्टीमा हुने समाचार छ। काठमाडौँ विश्वविद्यालयका प्रा. शर्माले सम्मेलनमा अक्सफोर्ड र क्याम्ब्रिजजस्ता विश्व प्रसिद्ध विश्वविद्यालयका विद्वान् र प्राध्यापकहरू सहभागी हुने बताएका छन्। उनका अनुसार ३९ देशका विद्वानहरूले यस कार्यक्रममा भाग लिनेछन्। आयोजकले यो कार्यक्रम शैक्षिक उद्देश्यका लागिमात्र भएको र चिनियाँ प्राध्यापकहरूसमेत सहभागी हुने बताएको छ। तर, यसको भित्री उद्देश्य तिब्बत मामिला उछाल्नु नै हो।

तिब्बत मामिलामा नेपालमा गोष्ठी हुने जानकारी पाएपछि साउन ५ गते मङ्गलबार चिनियाँ राजदूत चाङ माओमिङले नेपालका परराष्ट्र सचिव अमृतबहादुर राईसँग भेट गरी चासो व्यक्त गरे। उनले सो कार्यक्रम 'निर्वासनमा रहेका पृथकतावादी तिब्बती धर्मगुरु दलाई लामाका समर्थकहरूले प्रयोग गर्न सक्ने' भन्दै सचेत गराए। यो विषयलाई चीनले गम्भीरताका साथ हेर्दै छ।

**सिक्कामा चुच्चे नक्सा हटाएर गुम्बाको आकृति**

बालेन नेतृत्वको रास्वपा सरकारले एक रुपैयाँको सिक्कामा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नेपालको नक्सा हटाएर मुस्ताङ जिल्लाको मराङ गाउँमा अवस्थित लो गेखर गुम्बाको तस्वीर राख्ने तयारी गरेको थियो। सरकारी अधिकारीहरूले सिक्का सानो भएको हुँदा नेपालको नक्सा प्रस्ट नदेखिएको कारण गुम्बाको आकृति राख्न लागेको वेतुकको तर्क गरे। तर, यो गुम्बामा अमेरिकी चासो देखिएको छ।

यो गुम्बा नेपालको सबैभन्दा पुरानो बौद्ध गुम्बाहरूमध्ये एक मानिन्छ। सन् २०१५ को भूकम्प र त्यसपछिका वर्षहरूमा आएको गम्भीर जलवायु परिवर्तनले गुम्बामा ठूलो क्षति पुगेको थियो। केही वर्षअघि मुस्ताङ जिल्लाको मराङ गाउँमा रहेको लो गेकर गुम्बा (घार गुम्बा) को पुनर्स्थापना र भूकम्पीय सुदृढीकरणका लागि संरा अमेरिकाले अमेरिकी राजदूत सांस्कृतिक संरक्षण कोषबाट (U.S Ambassadors Fund For Cultural Preservation) नोर्बुसम फाउन्डेसनलाई २ लाख ८५ हजार अमेरिकी डलर अनुदान सहयोग गरेको थियो। सो परियोजना २०२१ मा सुरु भएर २०२३ मा सम्पन्न भयो। उक्त बौद्ध गुम्बा पुनर्स्थापना कार्यको उद्घाटन सन् २०२१ नोभेम्बर ८ मा गण्डकी प्रदेशका सांसद महेन्द्र थकाली, लोगेकर दामोदर कुण्ड नगरपालिकाका अध्यक्ष लोप्साङ सोम्फे विष्ट र अमेरिकी दूतावासका जनसम्पर्क अधिकृत ग्यारेट विल्करसन (Garrett Wilkerson) ले संयुक्त रूपमा गरेका थिए। रास्वपा सरकारले सिक्काबाट नेपालको चुच्चे नक्सा हटाउने र अमेरिकाले लगानी गरेको गुम्बाको तस्वीर राखेर भारत र अमेरिका दुवैलाई खुसी पार्न चाहेको थियो। यसले नेपालको भूराजनीतिलाई झन् जटिलतातर्फ धकेल्ने र भविष्यमा 'सिआईए' र 'रअ' को सहयोगमा मुस्ताङ्ग क्षेत्रलाई दलाई लामाले आफ्नो अखडा बनाउने खतरा रहन्थ्यो। तर, चौतर्फी विरोध भएपछि यो निर्णयबाट सरकार पछि हटेको समाचार छ।

**बौद्ध कलेज स्थापनाको प्रस्ताव**

सन् २०२३ फेब्रअरीको अन्त्यतिर तत्कालीन प्रम प्रचण्डको पालामा भारतले मुस्ताङ्मा बौद्ध कलेज स्थापना गर्न ७० करोड ३३ लाख नेपाली रुपैयाँ अनुदान दिने प्रस्ताव गरेको थियो। 'मुस्ताङ साक्या बौद्ध सङ्घ' ले कलेज खोल्न बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाबाट प्रस्ताव आएको हुँदा काठमाडौँस्थित भारतीय दूतावासले सो कलेज निर्माण गर्न अनुमतिका लागि नेपाल सरकारसँग आग्रह गरेको थियो। उक्त कलेजले विदेशी विद्यार्थीलाई समेत आध्यात्मिक, शिक्षा दिने र संस्कृति तथा पूर्वाधार विकासमा विदेशी विद्यार्थीलाई आकर्षित गर्ने बताइएको थियो। तर, जनदबाबका कारण सरकारले अनुमति दिएको थिएन। यो विषय पुनः उठ्ने सम्भावना छ। विश्वभरका तिब्बती पृथकतावादीहरूलाई मुस्ताङ्मा थुपारेर चीनविरोधी गतिविधि गर्न विस्तारवादी भारत, संरा अमेरिका र पश्चिमाहरूले फेरि षडयन्त्र गर्न सक्छन्। नेपाली जनता विरोधमा उत्रनु पर्छ।

**मुस्ताङ्गमा अमेरिका, भारत र दलाई लामाको चासो**

गण्डकी प्रदेशमा पर्ने मुस्ताङ उत्तरतिर तिब्बती पठारसम्म फैलिएको हिमाली क्षेत्र हो। मुस्ताङको औसत उचाइ १३,२०० फिट (४,०२३ मिटर) छ भने यसको क्षेत्रफल ३,५७३ वर्ग किलोमिटर (१,३८० वर्ग माइल) रहेको छ। मुस्ताङ क्षेत्रफलको हिसाबले नेपालको पाचौँ ठूलो जिल्ला भए पनि विसं २०७८ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या १४,४५२ मात्रै छ। यसको प्रशासनिक मुख्यालय जोमसोम हो। मुस्ताङ तल्लो र माथिल्लो गरी दुई उप-क्षेत्रमा विभाजित छ।

अन्वेषकहरूले मुस्ताङमा लगभग १०,००० मानव निर्मित गुफाहरू रहेको बताएका छन्। ती गुफाहरूमा कम्तीमा २/३ हजार वर्ष पुरानो मानव शरीर र कङ्कालहरू फेला परेका छन्। गुफाहरूमा १२ औँदेखि १४ औँ शताब्दीका बहुमूल्य बौद्धचित्र, मूर्तिकला, पाण्डुलिपि र असङ्ख्य कलाकृतिहरू पनि पाइएका छन्। सन् २००७ मा संयुक्त राज्य अमेरिका, इटाली र नेपालका अन्वेषकहरूले लोमान्थाङ नजिकैको मुस्ताङ गुफाहरूमा १३ औँ शताब्दीको प्राचीन बौद्ध कला, चित्र, पाण्डुलिपि र माटोका भाँडाकुँडाहरू फेला पारेका थिए। यसले नेपालको मुस्ताङ क्षेत्र ऐतिहासिक र पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण रहेको प्रस्ट हुन्छ।

नेपालको माथिल्लो मुस्ताङमा दुर्लभ प्राकृतिक खनिज युरेनियमको भण्डार रहेको छ। यसकारण यो क्षेत्रमा अमेरिका, भारतलगायतका देशहरूको आँखा परेको हो। संरा अमेरिकाले नेपालको युरेनियम हात पारेर चीनविरोधी गतिविधि गराउन मुस्ताङ्गलाई उपयुक्त स्थल ठानेको छ। विगतमा संरा अमेरिकी साम्राज्यवादले मुस्ताङ्लाई खम्पा विद्रोहको मुख्य थलो बनाएको थियो। विद्रोहीहरूको सर्वोच्च कमान्डर वाङ्दी त्यहीँ बस्थे। उनीहरू नेपालको भूमिमा बसेर राति राति तिब्बतमा आक्रमण गर्थे र लुटपाट गरेर फर्कन्थे। अमेरिकी सरकारले खम्पाहरूलाई हतियार, आर्थिक तथा प्राविधिक सहयोग र सैन्य तालिम दिएको थियो। भारतले पनि देहरादुनको चक्रतामा establishment of 22 नामको तालिम केन्द्रहरू खडा गरेर हजारौं खम्पालाई तालिम दिएको थियो। यसकारण अमेरिका र अमेरिकाको पिछलग्गु भारत यही क्रम दोहोऱ्याउन चाहन्छन्। सन् १९९२ (विसं २०४९) सम्म माथिल्लो मुस्ताङ विदेशीहरूको निम्ति प्रतिबन्धित क्षेत्र रहेको थियो। तर, अहिले 'सिआईए', 'रअ' लगायत विदेशी गुप्तचरहरूको चलखेल गर्ने थलो बन्दै छ।

*२०८३ साउन १० गते*

# कैयौं प्रहारले गाल्न नसकेको वन्दनीय चट्टानी नारी !

शोभा भाउजूले देह त्याग्नुभएको हिजै जस्तो लाग्थ्यो तर चार वर्ष नाघिसकेछ । यद्यपि, हाम्रो मनमस्तिष्कमा उहाँ जीवित नै हुनुहुन्छ । नेपालको राजनीतिक आकाशका निर्विवाद नक्षत्र तथा साम्यवादी विचारधाराका बौद्धिक व्यक्तित्वका धनी नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितकी जीवनसङ्गिनीको रूपमा मात्रै शोभा भाउजूलाई सम्झिनु, सामाजिक र पारिवारिक क्षेत्रमा असल-संस्कारी बुहारी र सासू आमापछिको सफल घरमुलीको स्थानमा समेत उहाँको अपार भूमिकाबारे अनभिज्ञ हुनु हो । यसबारे केही कुरा राख्न चाहन्छु ।

### विवाहपूर्व शोभा प्रधानलाई मानसिक प्रहार

युवावस्थामै गरिब किसान र दु:खी जनताको सेवामा नि:स्वार्थरूपले लागिपर्दा आफ्नो ज्येष्ठ सुपुत्र (रोहित) ले खेपेका दु:ख, कष्टकर भोगाइ र कठिनाइहरूबारे हाम्री प्रात:स्मरणीय आमालाई राम्ररी ज्ञात थियो । उहाँ धार्मिक र रुढिवादी भए तापनि



सान्है व्यावहारिक हुनुहुन्थ्यो । तर समाजका केही अप्ठेरा मूल्य मान्यतासित दिक्क मान्नुहुन्थ्यो । त्यतिबेला समाजमा प्रगतिशील विचारबाट ओतप्रोत व्यक्तिमाथि अति नकारात्मक सोच राख्ने समुदाय र छरछिमेकका केही निर्दयी या परपीडक स्वभावका दुष्ट मान्छेहरूले आफ्नो छोराबारे नानाभाँतीका मनगढन्ते कुरा बेला न कुबेला सुनाइरहन्थे । सायद यही कारणले हुन सक्छ, १० वर्षको निर्वासन जीवनपश्चात् आफ्नो मातृभूमिमा पाइला टेकेदेखि आमाले विभिन्न स्थानमा रहेको हाम्रै कुलको नाउँमा नामसारी भएको कुनै पनि भूमिमा एउटा सानो घर बनाएर बस्नु भनेर रोहित दाइलाई भनिरहनुहुन्थ्यो ।

"चखुँचा बखुँचा तय्ताहे बास म, छन्ता मोला ? इ: न्हयाब्लें छं धाय्थें जुइला ? अ जुतले लानी मन मिलेजुमा ज्ञानीमा पासा छम्हा नं स्वय् छन्ता, मज्युला ?" अर्थात्, (चराचुरुङ्गीलाई त बासको खाँचो हुन्छ; तिमीलाई पर्दैन र ? समय सधैं एकनास हुँदैन । अहिलेसम्म भ्याइन्छ; मन मिल्ने र ज्ञानी स्वभावकी एउटी कन्या जीवनसाथीको लागि हामी खोजौंला हुन्न र ?) 'रामायण' मा राजा दशरथका ज्येष्ठ पुत्र रामचन्द्रले १२ वर्ष बनवास बसे वा गृह त्याग गरे; सूर्यमाया बिजुक्छेंको आफ्नो ज्येष्ठ पुत्र नारायणमान बिजुक्छेंले १० वर्ष गृह त्याग गरी निर्वासन जीवन बिताएका ती रात अनि दिनहरू कति पीडादायक भए होलान् भनेर हाम्री आमाले छोरालाई सम्झेर प्राय: भकानो छोड्नुभएको अझै सम्झनामा ताजै छ । आफ्नै पुर्ख्यौली जग्गामा एउटा घर बनाई छोराले त्यही घरजम गरी बसे राम्रो हुन्थ्यो भन्ने आमाको तीव्र इच्छा थियो ।

"जनताको घर नै मेरो घर हो; अहिलेसम्म कसैले नाइँनास्ति गऱ्या छैनन् ।" यसरी भावनाको गहिराइमा डुबेर दाजुले आमालाई सम्झाउनुहुन्थ्यो । दु:खकष्ट, यातना र असङ्ख्य काहालीलाग्दा उतारचढावलाई आफ्नो जीवनको पर्याय बनाएर देश र जनताकै सेवामा लागेका छोराको 'अव्यावहारिक कुरा' सुनेर बेलाबखत उच्छ्वासले आफूलाई घेरा हालेको यथार्थ आमाले चालै पाउनुभएन ।

कठिन गुप्तवास समाप्तिपश्चात् गृहप्रवेश गरेका छोराले परिवारजनको धेरै प्रयासपछि विवाहको लागि मञ्जुरीको सङ्केत देखाएपछि बुढ्यौलीको घुम्टो ओढेकी हर्षित आमाको खुट्टोले भुइँ टेक्न छोड्यो । बिजुक्छेँ परिवारको जेठा छोराका लागि रामेछाप जिल्लाको जिरीभन्दा पर ठोसे बजारमा स्थायी बसोबास गर्दै आउनुभएका श्यामलाल प्रधान र नारायणदेवी प्रधानकी जेठी छोरी शोभा प्रधानको नाम सुकुलढोकास्थित घरमा प्रेमपूर्वक उच्चारण भयो; त्यसरी उच्चारित नाम संयुक्त परिवारको हाम्रो निवासमा धेरै बेरसम्म गुञ्जिरह्यो । दाइ राजनीतिक व्यक्तित्व भएकाले इर्ष्या र डाहा गर्ने सामन्ती स्वभावका कुतत्त्वहरूले भ्रमपूर्ण हल्ला फैलाई सर्वसाधारणलाई भ्रमित पार्न नसकून् भन्ने उद्देश्यले बिना कसैको हस्तक्षेप वा जानकारी केटा र केटीबिच प्रत्यक्ष संवादका लागि मिलाइएको समयबमोजिम दिन तोकियो र सोचेअनुसार वार्तालापको परिणाम दुवैको तर्फबाट सकारात्मक निस्क्यो । तर, केटी पक्षबाट असन्तुष्टिका भेलहरूले नेपालको कम्युनिस्ट राजनीतिक फाँटका उदाउँदो वेदाग जाज्वल्य युवा व्यक्तित्व बिजुक्छेंसँग वैवाहिक जीवन बिताउने शोभा प्रधानको इच्छालाई निर्ममतापूर्वक बगाई लाने चेष्टा नगरेको होइन ।

आफूभन्दा २०-२२ वर्ष जेठो; जसको आफ्नै कुनै निजी सम्पत्ति छैन; घरमा नबसी डेरामा बस्छन्; सर्वदा जेलनेलको डर भइरहन्छ; आफ्नै राम्रो आम्दानीको स्रोत छैन; सके श्रीमतीकै भर पर्नुपर्ने होला; सुखी र विलासी जीवनको किञ्चित पनि सम्भावना नहुने; सुनचाँदी गरगहनाको नामै उच्चारण गर्न मन नपराउनेसँगको वैवाहिक जीवनको चारपाङ्ग्रे गाडी सहजै गुड्न कतिको सम्भव होला र !? यी यावत् कुराले प्रशय पाउने गरी शोभा प्रधानको प्रबल अभिलाषालाई निमोठ्न थुप्रै नाटकहरूको मञ्चन गरियो । परन्तु, ती सबै प्रयासहरूले दाज्यूप्रतिको उहाँको विश्वास, आदर र भरोसालाई अलिकति पनि हल्लिन नदिन शोभा प्रधान आफ्नो निर्णयमा शालीनतापूर्वक चट्टानजस्तै अडिरहनुभयो । हुन त शोभा प्रधानलाई सान्है माया गर्ने मातापिता र भलो चाहने नजिकका मान्छे हुन् या जीवनमा आइपर्ने समस्याहरू खुलस्तसँग साझा गर्ने दौंतरी, जोसुकैले पनि उहाँको उज्ज्वल भविष्यको अपेक्षा राख्नुलाई अन्यथा लिन मिल्दैन । उमेर र बैंस छँदै सिउँदो उजाडिएर एक्लिने नारीको केही वर्षमै सिन्दुरको रहर मृगतृष्णा मात्र भई जाने कथाहरू पनि शोभा प्रधानलाई नसुनाइएका होइनन् । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्षज्यूको कुन कुरा, स्वभाव र विचार शोभा प्रधानको मनमन्दिरमा कहिल्यै नमेटिने tattoo जस्तै छापिन गयो, आफ्ना लागि ती कुराहरू अमूल्य बनेर सेती जस्तै हृदयमा गडिन पुग्यो; यी सबैथोक शोभा प्रधानलाई नै थाहा होला ! कहींकतै वा कसैबाट पनि केही सीप नलागेपछि शोभा प्रधानलाई नेमकिपाका अध्यक्षको अर्धाङ्गिनी हुनबाट कुनै पनि प्रकारको छेकबार सफल हुनै सकेन । उहाँभन्दा अघि पनि बौद्धिक क्षेत्रमा अबल र आर्थिकरूपले सम्पन्न कन्याहरूको कुरा दाजुको लागि नआएको होइन तर विचार, विवेक, समझदारी, सामाजिक संस्कार अनि सरलतामा भने शोभा प्रधानलाई उनीहरूले पछि पार्न सकेनन् । एक नारीको यही सुन्दर पक्ष अध्यक्षज्यू अर्थात् मेरा दाजुलाई औधी मन परेको हुन सक्छ ।

### आमापछिको असल र संस्कारी घरमुली बुहारी शोभा प्रधान

हामी सगोलमा छँदा लस्करै बसेर खाना खाने गर्थ्यौं । म अलिकति फुडी ( म्हुतु सामा) स्वभावको भएकोले खानाको थालमा अन्डा, माछामासु र ट्वाक्क परेको अचार नहुँदासम्म भातको गाँस निल्न सान्है मुश्किल हुन्थ्यो । औंलाहरू थालमा नाचिरहन्थे तर गाँस टिपेर मुखमा हाली निल्न नसक्नेसम्मको अवस्था सृजना हुने गर्थ्यो । मेरो अवस्था देखेर दाइले मेरो लागि एउटा अन्डा बनाइदिन भन्नुहुन्थ्यो; एकैछिनमा शोभा भाउजूले मेरो थाल अन्डाले सजाइदिनुहुन्थ्यो । लाज मानेर भए पनि म दङ्ग हुन्थें तर अरू दाजु-भाइको थालमा अन्डा नहुनु मेरोमा मात्र हुनुले स्वाभाविक रूपले मलाई सङ्कोच लाग्थ्यो; अप्ठेरो हुन्थ्यो । तर, फेरि त्यति नहुँदो हो त मेरो थालमा केही खाना बाँकी हुन्थ्यो । हाम्री आमा कसैले पनि अन्न फालेको सान्है मन पराउनु हुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, "बाबू जा वाय् मत्यो, अन्नं सरा बिइस । वा छ्ग सय्केता खुला बी" अर्थात्- "खाना फाल्न हुँदैन, बाबू ! अन्नले सराप्छ; एक गेडा धान फलाउन ६ महिना लाग्छ ।"

।२।

कहिलेकाहीं मैले खान नसकेर थालमा बाँकी राखेको खानाले आमाको मन नदुखोस् र मैले आमाको गाली खान नपरोस् भन्ने हेतुले बिना कुनै सङ्कोच थालमा छोडेको खानासमेत खानुभई भान्साको वातावरण शान्त पार्न शोभा भाउजूले सौम्य भूमिका निर्वाह गर्नुहुन्थ्यो । यस्तो देखेपछि "आय् शोभा, वाय्गु जा वाताहे नकेब्यू । छं यङ थ्वाय्गु बानीचा स्येनितिनी क:" अर्थात् "ए शोभा, उसले छोडेको भात उसलाई नै खान देऊ, तिमीले गर्दा यसको बानी बिग्रिने भयो" भनी आमाले मलाई सङ्केत गर्दै दु:खमानी भाउजूलाई भन्नुहुथ्यो । शोभा भाउजू भने आमाका ती वाक्यहरू नसुने झैँ गरी निहुरिँदै भातको गाँस निल्दै हाँसेर टारिदिनुहुन्थ्यो । भान्सामा मेरो खराब बानीले गर्दा घरेलु वातावरण सौहार्द नहुने र आफू स्वयम्लाई पनि अप्ठेरो हुने भएकोले अब उपरान्त आमाको चित्त नदुखाउने र भाउजूलाई दु:ख नदिने दृढ सङ्कल्प गर्दै पहिल्यै सफासँग भोजन गर्ने कठोर वाचा गरें । मेरो यस आनीबानीमा सय प्रतिशत प्रगति भएको सकारात्मक परिणाम हालसम्म पनि कायम नै छ । मेरा अन्य दाजुभाइलाई यस मामिलामा अबका दिनहरूमा पनि मसँग प्रतिस्पर्धा गर्न सहज हुने छैन सायद !

त्यतिबेला शोभा प्रधानलाई भाउजू भनी सम्बोधन गर्न पाएको एक दुई वर्षमात्र भएको थियो । उहाँलाई भित्रबाट छाम्दा महसुस हुने गरी काखीमा ठुलो आकारको पिलोजस्तो खटिराले सताइरहेको थियो । अस्पताल गई चिकित्सकसँग सल्लाह लिनु अनिवार्य थियो । अस्पताल जाने दिन निधो भयो तर उहाँले सहयोगको लागि आफूसँग अस्पतालमा आइदिन दाजुलाई आग्रह गर्नुभएन । आफ्नो श्रीमान्को हरेक दिनको समय पार्टीको कार्य र जनताको सेवाको लागि अत्यन्त महत्त्वपूर्ण छ भन्ने वास्तविकताबारे शोभा भाउजूलाई राम्रो बोध थियो । त्यसैले, सहयोगको लागि भक्तपुर अस्पतालमा उहाँसँग म गएँ । पिलोको अवस्था बुझेर सानो शल्यक्रिया गर्न हतार भएको जानकारी अस्पतालले दियो र लगत्तै चिरफार सुरु गरियो । त्यो पिलोबाट त्यति धेरै बाक्लो पीप निस्केको अहिलेसम्म मैले देखेको छैन । म त डरले आत्तिएँ; तर भाउजूले बिना कुनै Pain-killer गरेको उक्त शल्यक्रियाको प्रलय पीडा सहेरै बस्नु भो ।

विकसित देशहरूको हकमा भने श्रीमती गर्भवतीपछि प्रसव पीडा हुँदा बखतमात्र होइन कुनै पनि प्रकारको स्वास्थ्य समस्याले पिरोलिँदा श्रीमान् उनको सामीप्यमा हुनु अनिवार्य छ । यसका धेरै सकारात्मक मनोवैज्ञानिक कारणहरू छन् भन्ने वास्तविकता चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको धेरैलाई थाहा भएकै कुरो हो । साथै किनमेल (Shopping) का लागि बजार जाँदा हरेक नारीले आफ्नो श्रीमान्को साथ-सङ्गत औधी मन पराउँछन् । नढाँती भन्दा, मेरो हकमा देशबाहिर या भित्र आफ्नो हैसियतअनुसार प्रत्येक सानोखाले किनमेलमा म धैर्यताका साथ मेरी इन्दिराको छेउछाउमै उभिएको हुन्थें । किनमेलको सिलसिलामा Shopping Mall भित्र श्रीमान्को एकछिनको समयले उसको जीवनसङ्गिनी हर्षित हुन्छिन् भने त्यो दाम्पत्य जीवनको सुन्दर पक्ष हो भनेर बुझ्नुपर्छ । पुरुषप्रधान समाजको मानसिकता च्यापेर श्रीमतीलाई नोकर्नीको दर्जामा स्वीकार गर्नु भनेको 'दहेज' वा दाइजोको नाउँमा छिमेकी मुलुक भारतमा विवाहित महिलाहरूमाथि गरिने असह्य यातना र घोर अत्याचार गर्नु जत्तिकै निन्दनीय र घृणित छ । मानवताको सीमा नाघेर तुच्छ व्यवहारमार्फत स्वास्नीलाई तह लगाएको छु भनी चौडा छाती गर्नु कुनै पुरुषार्थ होइन त्यो त कायरता हो ।

सामाजिक समस्यासँगै घरायसी समस्या समाधानमा पनि पुरुष र महिलाको भूमिका समान हुनुपर्छ भन्ने यथार्थ सबै लोग्नेमान्छेले बुझ्नु आवश्यकै छ अन्यथा महिला दिवसको अवसरमा मात्र नारी स्वतन्त्रता, नारी हकहित, नारी अधिकार र नारी समानताको वकालत गर्नु नारीप्रतिकै अपमान हो; बेइमानी हो; निर्दोष जनतामाथिको छलकपट हो । सायद यसै दुष्ट र अनैतिक चरित्रका निच व्यक्तिहरूका कारण आजित भएका धेरै भुक्तभोगी महिलाहरू भन्ने गर्दछन्, कुनै पनि चलचित्रका लेखक-कलाकारहरूले ३ घण्टासम्म दर्शकलाई मूर्ख बनाउँछन् भने मुलुकको राजकाज कब्जा गर्ने मनसाय भएका निर्लज्ज र बेवकुफ राजनीतिक नेताहरूले जनतालाई जिन्दगीभर मूर्ख बनाउँछन् ।

।३।

### बज्रपात झेलेका अनभिज्ञ भद्र सासू र सहनशील निडर बुहारी

२०४५ सालको 'भक्तपुर काण्ड' को बखत नेमकिपाको काम र गतिविधिहरूप्रति सकारात्मक धारणा




राजामान बिजुक्छें

विकास गरेका सज्जन व्यक्तिहरूलाई समेत गिरफ्तार गरी १३ (क) अर्थात् फाँसीको माग गरिएको थियो । शोभा भाउजू त्यतिञ्जेल नेमकिपाको कुनै पनि वर्गीय कमिटीहरूसँग आबद्ध हुनुभएको थिएन । उहाँ साँझ-बिहान एउटी गृहिणी र दिउँसो एउटी शिक्षिकाको भूमिकामा हुनुहुन्थ्यो । 'दिएको खाने अऱ्हाएको गर्ने' बानी परेका स्थानीय प्रहरी प्रशासनलाई यसको कुनै हेक्का नै थिएन । नेपाल प्रहरीको केन्द्रीय कार्यालय (Nepal police Club) को हिरासतमा यातना भोगिरहेका आफ्ना श्रीमान्को बारे सोधपुछको बहानामा, चार पाँच जना पुरुषहरू हुने घरमा एकजना मात्र पनि नहुँदाको समयमा डकैती शैलीमा बिना कुनै सूचना लाठी र बन्दुक भिरेका Intimidating स्वभावले ग्रस्त प्रहरी जत्था घरभित्र पस्थे; लाठी बजार्दै नानाभाँतीका प्रश्न गर्थे । तिनीहरूले जबरजस्ती दराज फोरेर अध्ययनका लागि धेरै वर्ष खर्चेर सङ्कलित सबै महत्त्वपूर्ण पुस्तकहरू जफत गरे । यो २०४५ सालको भक्तपुर काण्डको सत्य कथा हो ।

तर, 'गोहीको आँसु'सँगै प्रहरीका उच्च ओहदाका अधिकारीहरूबाट व्यक्त हुने गुलियो पोतेका, सुन्दा मीठो लाग्ने भाष्य वाक्छल मात्र हो भन्ने यथार्थ भाउजूलाई थाहा थियो । थुप्रै लोभलालच देखाएर पनि केही सीप नलागेपश्चात् 'ह्योजु'को हत्यामा आफ्नो श्रीमान्को भूमिका रहेको हो भनी सानो कागजमा हस्ताक्षर गरी स्वीकार्न भाउजूलाई धेरै तनाव र मानसिक यातना दिन थाले अन्यथा परिणाम अप्रिय हुने धम्की दिन्थे । तर, आफ्नो निर्दोष श्रीमान्विरुद्धको लाञ्छना र आरोप सरासर असत्य, अप्रमाणित, झूट र जालझेलभित्रको प्रतिशोध मात्र हो भनी बुझेकाले राजनीतिकरूपले परिपक्व नभइसकेको अवस्थामा पनि शोभा प्रधान चट्टानजस्तै अविचलित उभिनुभयो । उहाँले आफ्नो देशभक्त स्वाभिमानी श्रीमान्विरुद्ध लगाइएका मिथ्या आरोपहरूको प्रतिवाद गरिरहनुभयो । भाउजूलाई धेरै चुनौतीहरूसँग एकैसाथ लुकामारी खेल्दै एक-एक गरी सबैलाई पछार्नु थियो ।

गर्भमा विकसित हुँदै गरेको शिशुको लागि पथ-परहेजको अनुशासनमा बस्ने कि; काखमा हुर्कंदै गरेको बालकलाई स्याहार्ने कि; श्रीमान्उपर लगाइएको राजनीतिक प्रतिशोधको आधारहीन लाञ्छनाको सामना गर्ने कि; काम विशेषले बाहिर निस्कँदा नेमकिपाप्रति भिन्न मत राख्ने केही क्षुद्र पथचारीहरूबाट गरिने अपमानसँग जुझ्ने कि; दुराशयले भरिएको मन भएका अधम छर-छिमेकी र केही घटिया आफन्तहरूको असह्य व्यवहारलाई चुपचाप सहने कि; चुत्थो प्रहरी प्रशासनले दिने मानसिक तनाव र यातनालाई कसरी बढार्ने भन्नेबारे सोच्ने कि; मुलुक र नेपाली भुइँमान्छेहरूको सेवामा लागेका आफ्ना ज्येष्ठ पुत्रमाथि के 'अनिष्ट' आइलागेको भन्दै बिलौनाले छट्पटिएकी सासूमालाई सम्हाल्ने । यस्ता अनेक जटिलताहरूलाई एक्लोज्यानले यो गर्ने कि त्यो गर्ने भइरहन्थ्यो शोभा भाउजूलाई । बज्रपात पर्नु भनेको यही हो सायद ! आफूमाथि आकाश खस्नु भनेको पनि यही हो सायद ! न खाएको विष लाग्नु भनेको पनि यही नै हो सायद ! यसरी शोभा भाउजूमाथि एकै खेपमा सबैखाले निर्दयी प्रकोपहरूले मानवता बिर्सेर कुल्चिन खोजे । यी यावत् अप्रिय घटनाहरूबाट एकदमै अनभिज्ञ अबोध छोरा छातीमा च्यापी आफू एक्लो हुँदा विगत सम्झेर भाउजूका पनि आँखाहरू नभिजेका कहाँ होलान् र ? प्रहरी प्रशासनको कडा निगरानीका कारण साथीभाइ र दिदीबहिनीसँगको फाटफुटको भेटमा आफ्नाहरूलाई पनि धेरै पीडा नहोस् भन्ने अभिप्रायले आफ्नो अनुहारमा पहिलेजस्तै उज्यालोपन कायम राख्न आत्मबलका धनी सहनशील शोभा भाउजूले भरपूर प्रयास गर्नुहुन्थ्यो । यही सन्दर्भमा अहिले नेपालको साङ्गीतिक बजारमा चर्चित गायक दीप श्रेष्ठको गीत सम्झिन मन लाग्छ -

*झिरमा उनिनु त्यो एउटा कुरा*
*पिरमा उनिनु त्यो एउटा कुरा*
*नभिज्ने आँखा कसको छ र ?*
*तर झर्नु नझर्नु त्यो अर्को कुरा !*

बाक्लो हरियो मनोरम अग्लो जङ्गलको बिच भएर बग्ने खोलाले तल झरेपछि मात्र अद्भूत लामो झरना भनेर सबैतिरबाट प्रशंसा प्राप्त गर्छ । मुग्लिङ-नारायणघाट सडकतिर चण्डी भञ्ज्याङमा अवस्थित धेरै अग्लाइबाट तलसम्म खस्न मन पराउने अति सुन्दर जलविरे झरनालाई मात्र थाहा होला-भुइँको चट्टानसँग बज्रिनुको पीडा ! चाहे यसलाई जलविरे भनून् या लामो झरना; पीडा उही हो जसलाई शोभा भाउजूसँग तुलना गर्न मन लाग्छ ।

।४।

भक्तपुर काण्डकै सिलसिलामा हङकङबाट आएकी एउटी मानव अधिकारकर्मी तथा महिला पत्रकारलाई नेपाल सरकारले राज्यस्तरबाट मच्चाएको घोर दमन र महिला तथा पुरुष साथीहरूले भोगिरहेका दु:खकष्ट सुनाइरहँदा उनका आँखा रसाएको स्मृतिमा अझै ताजै छ । शोभा भाउजूलाई उनले सहानुभूति प्रकट गर्दा अन्तिममा मैले भनेको थिएँ - "She has a sunny personality and a natural resilience." उत्तरमा उनले भनेकी थिइन्, "I know. I like her congeniality. She is great !"

खस भाषा बोल्न नजान्ने सान्है सोझी, बुढ्यौलीमा पनि धपक्क बलेकी सासूआमाको साथमा एउटा बच्चा काखमा अर्को गर्भमा राख्दै गर्दा डर धम्की देखाउँदै छाडा व्यवहारले प्रस्तुत हुने ती असभ्य प्रहरी जत्थासँग कसरी निडर भएर शोभा प्रधानले सामना गर्नुभयो होला; सम्झिँदा पनि जो कसैको जिउ सिरिङ हुन्छ होला ! कारागारबाट जेल चलानपछि छोरालाई काख च्यापी कुनै प्रकारको मौसमको वास्ता नगरी आफ्नो श्रीमान्लाई नखु जेलमा भेट्न जान भक्तपुरबाट दुइटा बस चढ्नुपर्थ्यो । वैशाख-जेठको प्रचण्ड गर्मी


*बाँकी पृष्ठ ९ मा*

# चीनको गरिबीविरुद्धको लडाइँमा विजयको एउटा कथा-२

✍ समा

हरेक सहरको आफ्नै इतिहास हुन्छ । साथै, सभ्यता हुन्छ, संस्कृति हुन्छ र छुट्टै पहिचान पनि । निङ्त गौंथली जस्तो सानो र चिटिक्क परेको त्यस्तै एउटा सहरको नाम हो । निङ्तको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक महत्त्वबारे चिनियाँ सरकारका सेवकहरू जानकार थिए । चीनको एउटा सानो काउन्टीमा पनि दशौं हजार चिनियाँहरू बसोबास गर्छन् । ती काउन्टीहरू आज पनि चिनियाँ कम्युनिस्ट पार्टीको वास्तविक जरा अर्थात् जग हो । “जगसम्म पुगेर जनताको सेवा गर” भन्ने शिक्षा युवा पुस्तालाई आज पनि दिइन्छ । अध्यक्ष माओकै समयमा ‘युवाहरू गाउँ जानू’ भन्ने अभियान चलेको थियो । कक्षा १०-१२ सकिएपछि अर्थात् विद्यालय शिक्षापछि अनिवार्य रूपमा गाउँको अनुभव लिने, जनजीवनको अध्ययन गर्ने नीति फलदायी बन्यो । सुन्दर भविष्यका लागि युवाहरूलाई आफ्नो देशको धरातल थाहा हुन जरुरी हुन्छ भन्ने विचार चीनको वास्तविकता बन्यो ।

युवाहरू पार्टीको आशा र भविष्य हुन् । युवा अवस्था ऊर्जाको केन्द्र मात्र होइन नयाँ सोच र विचारहरूको केन्द्र हुने गर्दछ । तर यदि युवाहरूले परिपक्वतासाथ आफ्नो




ऊर्जाको उपयोग गरेनन् या असफलता र कमजोरीहरूबाट सिकेनन् भने त्यो ठूलो समस्या बन्न सक्छ । निङ्तजस्ता सहर र काउन्टीहरूमा पठाइँदा युवा अफिसरहरूलाई गरिने अभिमुखीकरणमा यस्तै विचार दिइन्थ्यो । तातै खाऊँ जल्दै मरूँको व्यवहार समाजकै निम्ति ठूलो समस्या बन्न सक्दछ । युवाहरूमा सफलताका लागि आतुरमात्र होइन अधैर्य हुने समस्या पनि छ । जनतामाझ काम गर्न सबैभन्दा पहिला धैर्य जरुरी हुन्छ त्यसकारण धैर्यवान् बन्नू भन्ने मार्गदर्शन नेता सीले युवा अफिसरहरूलाई गर्नुभएको शब्ददृश्य पुस्तकमा छ । “लथालिङ्ग र कसिएका नट्सहरू खोल्न धैर्य चाहिन्छ । जो युवा सफलताको पछि अधैर्य भई कुद्छ ऊ असफलताको खाल्डोमा नराम्ररी खस्न सक्छ” - पुस्तकले यही सन्देश दिन्छ ।

युवा अफिसरहरूसँग ऊर्जा हुँदाहुँदै पनि ती अनुभवले खारिएका हुँदैनन् । त्यसकारण आफ्नो अधिकांश समय जनतामाझ र अनुभवी अग्रजहरूसँग बिताउनुपर्ने हुन्छ । काउन्टी या सहरको वास्तविक समस्याको पिँढसम्म पुग्ने धैर्य हुनुपर्छ । लापरवाही गर्ने छुट कतै हुनुहुँदैन । युवाहरू परिमाणात्मक परिवर्तनहरूलाई गुणात्मक परिवर्तनमा फेर्न प्रतिबद्ध या लगनशील हुनुपर्छ । आफ्नो काममा लगनसहितको निरन्तरता जरुरी हुन्छ । जसरी पानीका थोपाहरूको निरन्तर हिर्काइले चट्टानमा पनि प्वाल पर्छ त्यसरी नै युवाहरू समर्पित रहनुपर्ने विचार नेता सीको हो । निङ्तमा काम गर्दा बटुलेको अनुभवको सार पनि यही हो ।

युवाहरूको अर्को समस्या भनेको ती विकल्पहरूमा अल्मलिन्छन् । अनुभवविनाको शिक्षाले गलत धारणाको पनि विकास गराउन सक्छ । युवाहरूले कार्ल मार्क्सको भौतिकवादी दृष्टिकोण हुर्काउन जरुरी हुन्छ । कुनैपनि परिस्थितिको भौतिकवादी विश्लेषणविना समस्याको समाधान विध्वंसमा टुङ्गिन सक्दछ । युवाहरूले अनपेक्षित रूपले नीति नै बदल्न सक्छन् । कुनै पनि काउन्टी या सहरको जिम्मेवारी प्राप्त हुनासाथ सतही अध्ययनबाट गरिने निर्णयहरू हानीकारक हुन सक्दछन् । सावधानीपूर्वक लिइने निर्णयले चुनौतिहरू सामना गर्न सघाउँछ । युवाहरूसँग क्षमताभन्दा ज्यादा महत्त्वाकाङ्क्षा हुँदा त्यसले पनि समस्या निम्तिन्छ । युवा अफिसरहरूको राम्रो शिक्षा र कम व्यावहारिक अनुभवका कारण पनि असफलताको पासोमा पर्ने गर्छन् । त्यसकारण महत्त्वाकांक्षाभन्दा पनि व्यावहारिक अनुभव र क्षमता अभिवृद्धिमा ध्यान दिन नेता सीले मार्गनिर्देश गर्नुभएको छ ।

काउन्टीहरूमा गरिबी उन्मूलनका निम्ति खटिएका युवा अफिसर र पार्टी विस्तारका निम्ति सक्रिय कार्यकर्ताहरूसँग बलियो सैद्धान्तिक र वैचारिक आधारशीला आवश्यक हुन्छ । त्यति मात्र होइन जनताको सेवा गर्ने जीवनदर्शन र व्यवहार हरेकले सिकेको हुनुपर्छ । पार्टीको उद्देश्य र सरकारको लक्ष्यप्रति समर्पित युवा दस्ताकै कारण आजको चीनमा गरिबी उन्मूलन सम्भव भएको हो भन्ने वास्तविकता बुझ्न पुस्तकले सघाउँछ ।

किन पार्टी कार्यकर्ता बन्ने ? कस्तो जनसेवक बन्ने ? केका लागि अफिसर बन्ने ? भन्ने प्रश्नको एउटै जवाफ हुन्छ “नि:स्वार्थपूर्वक जनताको सेवाका लागि ।” चीनको गर्विलो इतिहास छ । चीन सभ्यताको देश हो । पाँच हजार वर्ष पुरानो सभ्यता र आर्थिक समृद्धि पुनर्जागरणका लागि चीनले लिएको युवा ऊर्जा उपयोगको नीति सफल भएको अनुभव पुस्तकले पनि गराउँछ । युवालाई नि:स्वार्थ बन्न र भ्रष्टाचारसँग लड्न सिकाउँदै पार्टी, देश र जनताको सेवालाई प्राथमिकतामा राख्न सिकाउने चिकपा नै हो । नेता माओले भन्नुभएको छ - “चिकपा एउटा त्यस्तो राजनीतिक पार्टी हो जसले देश र जनताको सेवा गर्नुलाई आफ्नो स्वार्थ मान्दछ ।”

पार्टीको सिद्धान्त र अनुशासनमा रहेर पार्टीको निर्देशन पालना गर्ने युवा सुखी हुन्छन् । जनताको सेवा नै सुखको स्रोत हो भन्ने बुझेका युवा सफल हुन्छन् भन्ने विचार नै चीनको सफलताको कारण हो भन्दा उपयुक्त होला । युवाहरू नैतिकवान् हुनुले देशको सुन्दर भविष्यको सङ्केत गर्छ । एकताबद्ध भई काउन्टी र सहरहरूको प्रतिष्ठा या गौरव निर्माणमा लागेका युवाहरूमा द्रब्यमोह हुनुहुँदैन । व्यक्तिवादविरुद्ध सामुहिकतामा जोड दिनुले कुशल नेतृत्वको विकास सम्भव हुन्छ । अफिसरहरूसँग सही गलत छुट्याउन सक्ने गुण आवश्यक हुन्छ । जनतालाई न्याय कानुनले मात्र होइन अफिसरहरूको न्याय गर्ने क्षमताले पनि दिन्छ । कहिलेकाहीँ आफ्नो विवेक र चेतनाको प्रयोग संविधान या कानुनभन्दा माथि हुन्छ । नेता सीले युवा अफिसरहरूलाई आफ्नो अनुभवको आधारमा यसरी मार्गनिर्देश गर्नुभएको अनुभूति पुस्तकबाट मिल्छ ।

कुनै पनि क्षेत्रमा पठाउनुअघि अफिसरको छनोटले निकै ठूलो महत्त्व राख्छ । लेनिनले भन्नुभएको छ - “मानिसहरूको अध्ययन गर, क्षमतावान कामदारको खोजी गर ।” कुशल व्यक्तिको छनोट आफैमा चुनौतिपूर्ण र कठिन हुने गर्दछ । प्रतिभाशाली व्यक्ति छान्नु अघि त्यो व्यक्तिको प्रतिभा पहिचान आवश्यक छ । प्रतिभाशाली व्यक्तिसँग नैतिकता, उदारता, क्षमता, उपलब्धिको आकाङ्क्षा जरुरी हुन्छ । अध्यक्ष माओका अनुसार नैतिकवान् बन्नुको अर्थ मार्क्सवाद-लेनिनवादमा निपुण बन्नु, राजनीतिक रूपले दूरदर्शी बन्नु, काममा प्रतिस्पर्धी क्षमता राख्नु, समर्पणको भावना हुनु, समस्यासँग जुझ्ने क्षमता या आत्मबल हुनु, देश, पार्टी र आफ्नो वर्गप्रति इमानदार बन्नु हो । चिनियाँ सरकारको कुशल अफिसर बन्न हरेक पाइलामा परीक्षा दिनुपर्ने हुन्छ । निङ्तका निम्ति त्यस्तै अफिसरहरूको खाँचो थियो । नेतृत्वले आफ्नो समकालीन र तल्लो तहका अफिसरहरूको भावना र प्रतिभा मार्ने काम कदापि गर्नुहुँदैन बरु तिनको प्रतिभा हुर्कने वातावरण दिनुपर्छ भन्ने विचार नेता सीको हो । नेतृत्वले आफ्नो क्षमता अभिवृद्धिका लागि स्वसिकाइमा पनि जोड दिनुपर्छ । पार्टी भावना, मानवीय भावना स्वस्फूर्त आवश्यक हुन्छ । नैतिकता, साहस, मानवीय भावना कम्युनिस्टहरूको गुण नै हो ।

युवा अफिसरहरूलाई कम्युनिस्ट बन्न र नेतृत्वमा विकास हुन ऊर्जा दिने नेता सीका मन्तव्यहरू निकै पठनीय छन् । सच्चा कम्युनिस्टको साधनाले मात्र पार्टी या सरकारको उद्देश्य पूरा हुन्छ भन्ने कुरा निङ्तको अनुभवबाट थाहा हुन्छ । निङ्तको विकास गाह्रो मात्र थिएन जटिल र चुनौतिपूर्ण थियो । यद्यपि, अफिसर र पार्टी कार्यकर्ताहरूले निङ्तको परिवर्तनलाई आफ्नो उद्देश्य मानेर मेहनतसाथ काम गरेकै कारण निङ्तको मुहार फेरिएको छ । निङ्तका अफिसर, सचिव र जनसेवकहरूले दिनरात नभनी कसरी काम गरे भन्ने दृष्टान्तहरू पुस्तकमा सङ्ग्रहित छन् । समग्रमा चिकपाको पार्टी संरचना र सङ्गठनको तरिकाले पनि चीनमा गरिबी निवारणको उद्देश्य पूरा भयो । सरकारलाई समाजका प्रारम्भिक पार्टी सङ्गठनको सहयोगविना त्यो सम्भव नै थिएन । यो सत्य पुस्तकले उजागर गर्दछ ।

चीनका गरिबीविरुद्धको लडाइँले युवा अफिसर या कार्यकर्ता अर्थात् युवा पुस्तालाई अझ क्रान्तिकारी बन्ने र नेतृत्वको रूपमा तयार हुने अवसर पनि प्रदान गरेको थियो भन्न सकिन्छ । आज चिकपाको नेतृत्वमा हिजो देशका काउन्टीहरूमा गरिबी उन्मूलन र पार्टी सङ्गठन विस्तारका निम्ति काम गरेका पार्टी कार्यकर्ता र अफिसरहरू छन् । यो चीनको निम्ति गौरवको विषय हो । “जनतालाई सदा मनमस्तिष्कमा राख्नु” भन्ने मार्गनिर्देशन पाएका हिजोका युवाहरू आज सिँगो चीनको नेतृत्व गरिरहेका छन् । आज युवाहरूलाई प्रश्न गरिन्छ कम्युनिस्ट पार्टी नै किन ? “प्रथमत: देशलाई मुक्त गर्न, दोस्रो देशलाई समृद्ध बनाउन र सुख प्राप्त गर्न ।” भन्ने जवाफ युवाहरूबाट आउँछ । निङ्तको सफलताको कथा चिकपाले हुर्काएका युवाहरूको प्रतिनिधि कथा हो भन्नुपर्छ । निङ्त जस्ता सयौं सहर र काउन्टीहरूको सफलताको जगमै आजको भव्य चीन उभिएको हो भन्दा अतिशयुक्ति नहोला ।

गाउँहरूले पनि स्वायत्त ढङ्गले सुधार र खुलापनको राष्ट्रिय नीति अवलम्बन गर्यो । जीविकोपार्जनसँग मात्र जोडिएको कृषिलाई ‘बृहत् कृषि’ अर्थात् उद्योगसँग जोडिएको कृषिमा रूपान्तरण गर्ने कुरा एक रातमा सम्भव थिएन । गरिबीदेखि समृद्धिसम्मको यात्राका लागि कृषि औद्योगिकीकरण प्रमुख हतियार बन्यो । विद्युत् आपूर्ति र यातायातको अभावले उत्पादन खेर जाने र निर्यात नहुने समस्या चीनका १८ वटा विपन्न क्षेत्रहरूको साझा समस्या थियो । त्यति मात्र होइन त्यहाँका जनताको ‘गरिब काउन्टी’ भन्ने मानसिकता ठूलो समस्या बन्यो । एउटा गाउँ एकैचोटी सुनको खानी बन्छ भन्ने सोच पनि गलत हो तर गरिबीको मानसिकता सम्पन्नतातर्फको यात्राका निम्ति बाधक बन्न सक्दछ । युवा सी चिङ फिङले मानिसको मानसिकता बदल्न खुबै मेहनत गर्नुभएको थियो भन्ने बुझ्न पुस्तक नपढी हुन्न ।

निङ्तलाई वृहत् कृषि क्षेत्र बनाउने र त्यहीबाट कच्चापदार्थदेखि अन्तिम वस्तु निर्यात गर्ने आर्थिक विकासको सोच लागु भयो । निङ्तका लागि ठूलाठूला परियोजनाभन्दा साना तथा मझौला किसिमका योजना उपयुक्त भयो । आयस्रोत निकै कमजोर र खर्च बढी हुने ठाउँका लागि वित्तीय नीति खाँचो भयो । त्यति मात्र होइन कृषिसँगै ऊर्जा, यातायात, सञ्चार, विज्ञान, प्रविधि,, शिक्षा, दैनिक आवश्यकताका वस्तु र कच्चापदार्थ उद्योगहरू पनि कमजोर थिए । यी पखेटारूपी क्षेत्रहरूको जोडाइविना निङ्तको उडान सम्भव थिएन । पार्टी सरकारसँग आवश्यक सहयोग लिई विदेशी लगानी आकर्षित गर्नु नै निङ्तका लागि उपयुक्त विकल्प थियो । लगानीकर्ताहरू आकर्षक ठाउँ खोज्छन्, आफ्नो लगानी सुरक्षाको ग्यारेन्टी खोज्छन् । निङ्त त्यस्तो धेरै सम्भावनाको क्षेत्र पनि थिएन तर त्यहाँको नेतृत्व, अफिसरहरूको व्यवहार, लगानीकर्तालाई सहज बनाउने नीति र भ्रष्टाचार एवम् ठगीविरुद्धको अभियानका कारण वैदेशिक लगानी भित्रिन थालेको हो ।

निङ्त भौगोलिक रूपमा पनि विकट रहेकोले बाटो र पुल बनाउनु सबैभन्दा चुनौतिपूर्ण र खर्चिलो देखियो । सरकारलाई यतातर्फ ध्यान आकृष्ट गर्न नेतृत्वकै भूमिका रह्यो । त्यतिमात्र होइन आर्थिक विकासको बाटो र निङ्तको अर्थतन्त्रलाई राष्ट्रिय अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने पुलको निर्माण जरुरी थियो । कार्ल मार्क्सले भन्नुभएको थियो - “एउटा सही आन्दोलन या अभियान दर्जनौं कार्यक्रमभन्दा राम्रो या सही हुन्छ ।” निङ्तले पनि आर्थिक विकासको अभियान सञ्चालन गर्‍यो । जीविकोपार्जनका लागि जनतालाई ऋण दिने र पछि ऋणमुक्त गर्ने कार्यक्रम अर्थात् वितरणमुखी र अनुदानका कार्यक्रमभन्दा सामुहिक खेती, खेतीपातीमा आधुनिकीकरण, हाइब्रिड बिउबिजनको प्रयोग र औद्योगिकीकरण निकै सही साबित भयो । काम गर्ने स्पष्ट सिद्धान्त र नीतिहरू बनाउने काइदा परिणाममुखी बन्यो ।

आर्थिक विकास र गरिबीउन्मूलनको अभियानलाई पत्रकारितासँग जोडेपछि सफलता अझ सहजै प्राप्त हुनेरहेछ । हरेक काउन्टीमा जनताको प्रजातन्त्र स्थापित गर्न चीनको पत्रकारिताले सघायो । के हो प्रजातन्त्र ? जनताको स्वार्थ सबैभन्दा पहिला राख्नु नै प्रजातन्त्र हो, एउटा समाजवादी देशका लागि । कुनै विशेष या हुनेखाने वर्गको पक्षमा नभई बहुमत काम गरी खाने वर्गको पक्षमा उभिनु र तिनका माग पूरा गर्नु प्रजातन्त्र हो । काउन्टी र सहरहरूमा प्रजातान्त्रिक व्यवस्था निर्माण गर्न र जनतालाई प्रजातन्त्रको अनुभूति गराउन आर्थिक विकासका विषयसँगै पत्रकारिताले पनि सघायो । काउन्टीको साँचो दु:ख लेख्ने, भ्रष्टाचारको विरोध गर्ने र गरिबी निवारणको राष्ट्रिय अभियानलाई प्राथमिकता दिन तत्कालीन पत्रिका, रेडियो, टिभीले सघायो । पत्रकारिता एउटा विज्ञान हो जुन राजनीतिबाट अलग्ग हुन सक्दैन । पत्रकारिताको मूल्यमान्यता राजनीतिक आवश्यकता पूर्तिसँग जोडिनुपर्छ । यो अनुभवको सार हो ।

नेता सीले निङ्तको सन्दर्भमा सन् १९८९ तिरै बोल्नुभएको थियो -“निङ्तको आर्थिक विकासका ६ वटा सम्बन्धहरूबारे बढी जोड दिनुपर्छ ।” आर्थिक विकास र आर्थिक फाइदाबिचको सम्बन्ध, स्रोत विकास र औद्योगिक संरचनाको समायोजनबिचको सम्बन्ध, उत्पादनशील शक्तिहरूको बाँडफाँडमा पहाडी र समुद्री क्षेत्रहरूबिचको सम्बन्ध, गरिबीउन्मूलन र सुधार र खुलापन बीचको सम्बन्ध आर्थिक विकास र विज्ञान, प्रविधि, शिक्षाबिचको सम्बन्ध यी ६ वटा सम्बन्धहरूलाई ध्यानमा राखी सन्तुलित र प्रभावकारी विकास मोडल स्थापना गर्न निङ्त सफल रह्यो ।

निङ्तका जनता सार्वजनिक वित्तबारे कम मात्र शिक्षित थिए । नयाँ परिस्थितिमा नयाँ वित्तीय नीति बन्नु समयको माग थियो । स्थानीय उपलब्धताबाटै स्थानीय समस्या हल गर्ने उपाय बढी आत्मनिर्भर साबित भयो । खर्चमा मितव्ययिता र पारदर्शिता निङ्तको आर्थिक विकासको सबल पक्ष थियो । वित्तको मितव्ययितामा वृहत् अर्थशास्त्रीय नीति गज्जबको थियो । उपलब्ध स्रोत र आयको अधिकत्तम उपयोगिताको लागि घरेलु श्रम बजारको आवश्यकता भयो । उत्पादन वृद्धि, रोजगारी सिर्जना र स्रोत व्यवस्थापनमा जोड दिइयो । निङ्तलाई वस्तु अर्थतन्त्र अर्थात् कमोडिटी इकोनोमीको रूपमा विकास गरियो । निङ्तको पुनरुत्थानका लागि वनजङ्गल प्रमुख हतियार बन्यो । ठूल्ठूला बाँसघारीहरूबाट हस्तकलाका सामग्री बनाउने, काठ निर्यात गर्ने काम द्रुत बनाइयो । त्यतिमात्र होइन जङ्गललाई उद्योगको रूपमा विकास गरियो ।

निङ्तको विकास जातीय विविधताको एकताको सुन्दर स्वरूप पनि हो । चीनको ऐतिहासिक विकासक्रम र जातीय समूहहरूको महत्त्व बुझेर विकास निर्माणको कार्य अघि बढाइएको थियो । नेता माओले भन्नुभएको छ - “विविध जातीय समूहहरूको एकता र सहकार्य नै देश रक्षा र विकासको मुख्य आधार हो ।” यद्यपि, अल्पसङ्ख्यक क्षेत्रहरूमा गरिबी उन्मूलनको लागि छुट्टै रणनीति विकास गरियो । हान र अन्य जातिबीच जातीय र आर्थिक भिन्नता हटाउन गाह्रो थियो किनभने जातीय विभाजन निकै लामो इतिहासको उपज थियो । एकल अर्थतन्त्र, सानो क्षेत्र, अनुदान र सहयोगमा आधारित अल्पसङ्ख्यक समुदायलाई वृहत् र आत्मनिर्भर अर्थतन्त्रसँग जोड्न केही दशक नै लाग्यो । “विकास र सुधारका लागि दुई बाटाहरू” भन्ने नारा दिँदै बजार र प्राकृतिक स्रोतहरूको विकास द्रुत बनाइयो । किसानी गर्ने अल्पसङ्ख्यक समुदायलाई शिक्षित बनाई अफिसर तहमा पुर्‍याइयो । अल्पसङ्ख्यकहरूको मूर्त अमूर्त सांस्कृतिक परम्परा र सम्पदा जोगाउने, जातीय मुद्दामा नेतृत्व बलियो बनाउने नीति लिइयो । यद्यपि, जातीय मामिला निकै जटिल हुने गर्दछ । निङ्तकै लागि माटो सुहाउँदो औद्योगिक नीति तय गरिएको थियो ।

कृषिबाट उद्योग, गाउँबाट सहरको विकास कठिन यात्रा साबित भयो । त्यही यात्राले गरिबीबाट विकास या समृद्धिको यात्रा सम्भव भयो । स्थानीय स्रोत साधन, स्थानीय श्रम बजार, स्थानीय उपभोग र स्थानीय विकासको मोडल उपयुक्त साबित भयो ।

निङ्तको गरिबीविरुद्धको सङ्घर्षको दौरान कम्युनिस्ट युवा लिगको गठन र क्रियाशीलता बढाइयो । विपन्न क्षेत्रको बौद्धिक र सांस्कृतिक स्तर उकास्ने अभियान चलाइयो । गरिबी निवारण आर्थिक विषयमात्र होइन यो सांस्कृतिक मुद्दा पनि हो । मानिसको शिक्षा, स्वास्थ्य, अनुशासन र सांस्कृतिक आचरणको विकास पनि गरिबीविरुद्धको लडाइँको अपरिहार्य पक्ष हो ।” नि:स्वार्थ सेवाभाव, व्यक्तिवादी आचरणको अन्त्य, व्यावहारिकताले मानिसलाई समृद्ध बनाउँछ । ग्रामीण भेगमा पार्टी सङ्गठनको विकासले यसमा टेवा पुर्‍यायो । विकास सरकारदेखि स्थानीय एक व्यक्तिसम्मको जिम्मेवारी हो भन्ने दायित्वबोध गराउने शिक्षा दिइयो । जनताको एकमनको एकताले मात्र गरिबीको बिदाइ सम्भव हुनेछ भन्नुहुन्छ, नेता सी । उहाँको त्यो विचार र व्यवहार नै आजको सुन्दर र विकसित निङ्तको स्वरूप हो ।

२२३ पृष्ठको यस पुस्तकका प्रत्येक मन्तब्य र अन्तर्वार्ताहरू अत्यन्त महत्त्वपूर्ण छन्, पठनीय छन् । चीनमा गरिबीको बिदाइ कसरी भयो ? आजको चीनको आधार कसरी तयार गरियो ? चिनियाँ कम्युनिस्ट पार्टीले नेतृत्व र नयाँ पुस्ता तयारी कसरी गर्छ ? जनसेवकहरूको तयारी या छनोट किन जरुरी हुन्छ ? विकेन्द्रिकृत र स्वायत्त विकास मोडल कस्तो हुन्छ भन्ने बुझ्न निङ्तको कथा नपढी हुन्न, यो पुस्तक नहेरी हुन्न । पुस्तकमा निङ्त र नेता सी चिन फिङका सङ्ग्रहित तस्बीरले पनि पुस्तकलाई अझ जीवन्त बनाएको छ । नेता सीले विपन्न सहर विकासको निम्ति राख्नुभएको विचारको सार पुस्तकमा पढ्न पाइन्छ । नेपाल जस्तो देशका लागि निङ्तको वास्तविक कथा मार्गदर्शक बन्न सक्छ ।

# विश्वभरि हत्यारा टोली खटाएको छ अमेरिकाले – १

**✍ जेरेमी कुजमारोभ**



अफगान युद्धमा तैनाथ सिआईएको हत्यारा गिरोह

'न्युयोर्क टाइम्स' मा एउटा लेख छापियो। लेखक थिए, म्याथ्यू आइकिन्स र वेजली मोर्गन। लेखको शीर्षक थियो, 'अमेरिकाका गोप्य पूर्वलडाकु'। ती लडाकुहरूले अफगानिस्तानमा अमेरिकी गुप्तचर निकाय 'सिआइए' का निम्ति लडेका थिए। सन् २०२६ मार्च ८ गते छापिएको सो लेखमा 'जिरो युनिट' का पूर्व सिपाहीको चर्चा थियो। आज अमेरिकामा यस्ता १० हजार पूर्व सिपाही छन्। उनीहरू तर्सीतर्सी बाँचिरहेको अवस्था छ।

कुनैबेला 'सिआइए' को प्रत्यक्ष निर्देशन र खर्चमा अफगानिस्तानमा 'जिरो युनिट' सक्रिय थियो। उनीहरू अहिले अमेरिकी समाजमा भिज्न खोज्दै छन्। भिजा हात पारेर उनीहरू अमेरिकामा जीवन जिउन खोज्दै छन्।

मोहम्मद इकबाल एक यस्तै पूर्वसिपाही हुन्। उनका ६ जना बालबच्चा छन्। तिनको पेट पाल्न उनी सान डियगोको एउटा मजदुर बस्तीमा रहेको होटलमा काम गर्दै छन्।



फिनिक्स कार्यक्रम, १९६८

गत नोभेम्बर महिनामा उनले युद्धकालका आफ्ना पुराना साथीहरूसँग भेटघाट गरे। तिनैमध्ये थिए 'जिरो युनिट' का रहमानुल्लाह लाकनवाल। यी लाकनवालले कुनै बेला वासिङ्टन डिसीमा राष्ट्रिय सुरक्षा गार्डका दुई सिपाहीको हत्या गरेको खबर सर्वत्र फैलिएको थियो।

लेखकद्वय लेख्छन्, "जिरो युनिट एउटा गोप्य कार्यक्रम थियो। तैपनि यो पछि सिआइएले नियन्त्रण्ह्यो। 'कतिपय आलोचकले यसलाई हत्यारा गिरोह' भने।

यी आरोप निराधार छैनन्। किनभने, 'जिरो युनिटहरू' ले 'खोस्ने र कब्जा गर्ने' कारबाहीहरू चलाएका थिए। तिनले शङ्कास्पद व्यक्तिहरूको कालो सूची बनाएर तिनको अपहरण गर्थे। त्यसपछि ती व्यक्तिहरूलाई अमेरिकाले चलाउने कारागारहरूमा ल्याएर यातना दिने गरिन्थ्यो। त्यसपछि ती व्यक्तिको अत्तोपत्तो हराउँथ्यो।

सन् २०१८ मा संयुक्त राष्ट्रसङ्घले एउटा रिपोर्ट प्रकाशित गर्‍यो। उक्त रिपोर्ट अनुसार अमेरिकी सरकारले छापामार कारबाही गर्दा हुने धेरै सर्वसाधारणको हत्यामा 'जिरो युनिटहरू' कै हात हुन्थ्यो। मानवअधिकार संस्था तथा पत्रकारहरूले ती युनिटहरूले आँखा चिम्लेर सर्वसाधारणहरूको हत्या गर्ने गरेको खबर बाहिर ल्याए।

'सिआइए' ले यी खबरहरूलाई 'तालिबानी दुष्प्रचार' भनेर झारा टार्‍यो। 'जिरो युनिटहरू' ले सर्वसाधारण जनताको हत्या गरेको गुनासो स्वयं अफगान सरकारले गरेको थियो। जस्तो, सन् २००९ मा कान्दाहार प्रान्तमा भएको हत्यामा 'जिरो युनिट' का सिपाहीले प्रान्तीय प्रहरी प्रमुख र अन्य नौ जना स्थानीय सरकारी कर्मचारीको हत्या गरेका थिए।

लेखकद्वयले 'जिरो युनिटहरू' का पूर्व सदस्यले दिएको बयान बाहिर ल्याए। बयानअनुसार जिरो युनिटहरूले गर्ने 'अवैध हत्याहरू सम्भवत: अमेरिकी उच्च अधिकारीहरूको अनुमोदन, आदेश र प्रत्यक्ष संलग्नतामा हुन्थ्यो।' अमेरिकी सैनिकहरूलाई 'फेरि रणमैदानमा जान नपरोस्' भन्ने निहुँमा यी हत्याहरू गरिन्थे।

संयुक्त रणनीति कमान्ड (JSOC) का एक पूर्वअधिकारीले एउटा घटनाको वर्णन गरे। उनको बयान अनुसार 'सिआइए' का सल्लाहकारले जिरो युनिटहरूसँग मिलेर एक बन्दीलाई गोली ठोकेर मारेका थिए। हत्याको बेला ती बन्दीले सडकमा अफगान सेनाको ट्रक गइरहेको हेर्दै थिए।

त्यो घटनाको सैन्य छानबिन भयो। 'सिआइए' का इन्सपेक्टर जनरललाई त्यस घटनाबारे सोधपुछ गरियो। उनले 'सिआइए' का अधिकारीहरू गैरकानुनी हत्यामा संलग्न भएको कुरा निराधार रहेको बताए। उनको दाबी झूटो थियो।

'जिरो युनिटहरू' को गठन यो शताब्दीको सुरुमा गरियो। सन् १९९० को दशकमा 'सिआइए' र अमेरिकाको विशेष सैन्यबलले 'उत्तरी गठबन्धन' का मिलिसियालाई तालिम दिएका थिए। तिनै मिलिसियाबाट 'जिरो युनिटहरू' बनेका थिए। २००१ सेप्टेम्बर ११ को घटनापछि अमेरिका र नेटो देशहरूले अफगानिस्तानमाथि आक्रमण गरे। लगत्तै 'जिरो युनिटहरू' बनाइयो।

लेखकद्वयका अनुसार विदेशी लडाकुलाई ज्याला दिन पेन्टागनलाई कानुनी झन्झट हुन्थ्यो। तर, 'सिआइए' ले त्यो काम सजिलै गर्न सक्थ्यो। स्थानीय युद्ध सरदारहरूलाई झोलाभरि पैसा दिन 'सिआइए' लाई कानुनी छुट थियो।



थोमस क्लाइन्स



थियोडोर श्याकले




क्विनिम फोल्सेना

परिणाम, 'सिआइए' ले 'आतङ्कवादविरोधी खोजी दलहरू' मा धेरैभन्दा धेरै अफगानी लडाकुहरू भर्ती गर्न थाल्यो। तिनै दलहरू पछि 'जिरो युनिटहरू' मा परिणत भए।

त्यो कार्यक्रम चलाउने 'सिआइए' का अधिकारीहरूले आफूलाई 'सल्लाहकार' भन्थे। भियतनाम युद्धको बेलादेखि चलेको चलन थियो त्यो। लेखकद्वयका अनुसार ती 'सल्लाहकारहरू' ले लडाकु भर्ती मात्र गर्थेनन्। बरु ती लडाकुलाई 'लडाइँहरूमा आफूसँगै मिसनमा लैजान्थे र सँगसँगै लड्थे'। 'जिरो युनिटहरू' सँगै मिलेर लड्दा कम्तीमा ९ जना सिआइए अफिसरहरू मारिएको बताइन्छ।

लेखकद्वयले 'जिरो युनिटहरू' बारे जोड दिँदै लेख्छन्, "यी युनिट अमेरिकाले सञ्चालन गर्ने विशेष अपरेसन अभियानअन्तर्गत काम गर्ने अन्य युनिट जस्तै थिए। समयक्रममा शङ्कास्पद व्यक्तिलाई पक्राउ गर्नेभन्दा पनि तिनको हत्या गर्ने काममा यिनीहरूले जोडबल लगाउन थाले। शत्रुको नियन्त्रणमा रहेको क्षेत्रमा हिंस्रक छापा मार्दै गर्दा यिनले बेलाबेला नि:शस्त्र र सामान्य मानिसहरूको हत्या गर्थे।"

(नोट : लेखकद्वय लेख्छन्, "बेलायत र अस्ट्रेलिया सरकारको छानबिनमा यस्ता प्रमाण बाहिर आएका छन्। आफ्नो देशका विशेष अपरेसन युनिटहरूले कैदीहरूको तत्काल हत्या, युद्ध अपराध र लगत्तै ढाकछोप गरेको खुल्न आएको छ। अमेरिकी सेनामाथि पनि यसैप्रकारका अरोप छन्।")

विशेष सैन्यकारबाही दलका पूर्व लडाकुको बयान सुनौँ। उनी पटकपटक 'जिरो युनिट' का मिसनमा यसले बम बनाउँछ र बमबाट अमेरिकी सैनिकको हत्या भइरहन्छ। यसले यो कुरा अस्वीकार गर्दैन, खालि आत्मसमर्पण गर्छ। पछि यो सजिलै छुट्नेछ। त्यसपछि सल्लाहकारले केही सिपाहीलाई पछि सर्न भन्छ र बन्दीलाई गोली ठोकिन्छ। त्यसपछि लाससँगै केही थान बन्दुक राखिन्छ र फोटो खिचिन्छ। यस्ता घटना प्राय: छापामार कारबाही गरेपछि हुन्छन्। धेरै सैनिक फिर्ता भइसकेपछि यस्ता हत्या हुने हुनाले धेरै सैनिकलाई यसको पत्तै हुन्न। यी घटना दुई तरिकाले हुन्छन् र मैले ती दुवै तरिका देखेको छु। पहिलोमा अमेरिकीहरू आफै पछि सर्छन् र गोली ठोक्छन्। दोस्रोमा अफगानीहरूलाई पछि सरेर बन्दीलाई गोली ठोक्न भनिन्छ। तिनीहरूले आफैले ती हत्या गरेका थिए, तर अमेरिकीहरूको आदेशमा।"

### अफगानिस्तान अपवाद थिएन

कानुनले छुट नदिने हत्याहरूमा 'सिआइए' को संलग्नता नौलो होइन। यसको लामो इतिहास छ। स्थापनाकालदेखि नै 'सिआइए' यस्ता हत्याहिंसामा संलग्न रहँदै आएको छ। उसले 'अपरेसन रोलब्याक' चलायो। त्यसमा 'सिआइए' ले पूर्व-नाजीहरूलाई एजेन्टको रूपमा भर्ती गर्‍यो र पूर्वी युरोपका देशहरूमा घुसपैठ गर्न लगायो। ती एजेन्टहरूले शत्रुको घेराभित्र तोडफोड र विध्वंस मच्चाउन खोज्थे।

दक्षिण कोरियामा 'सिआइए' र उसका पूर्ववर्ती संस्थाले दक्षिणपन्थी भिजिलान्ते समूहलाई तालिम र हतियार दिए। खोजपत्रकार मार्क ग्यानले ती भिजिलान्तेलाई वामपन्थीहरूलाई कुटपिट गर्ने र तिनको हत्या गर्ने 'हलिउड शैलीका भूमिगत हत्याराहरू' जस्ता भने। तिनीहरूलाई उत्तर कोरियाका लोकप्रिय नेता किम इल-सङको हत्या गर्न पठाइएको थियो।

ट्रयुमेन सरकारले एउटा गुप्त प्रहरी तालिम कार्यक्रम सुरु गर्‍यो। आइजनहावरले त्यसलाई निरन्तरता दिए। पछि केनेडी र जोन्सन सरकारले त्यो कार्यक्रमलाई अझ विस्तार गरे। त्यो कार्यक्रममा 'सिआइए' का सल्लाहकारहरूले एउटा गुप्त कालोसूची तयार गर्थे र तिनलाई राजनीतिक विपक्षीहरूको 'सफाया कारबाही' मा तारो बनाउँथे। 'सिआइए' बाट तालिम पाएका धेरै समूहहरू पछि हत्यारा दस्तामा परिणत भए। जस्तो, फिलिपिन्स, इन्डोनेसिया र दक्षिण अमेरिकाभरि यस्ता हत्यारा दस्ता बनाइको थियो। दक्षिण अमेरिकामा त्यो हत्या अभियानलाई 'अपरेसन कोन्डोर' नाम दिइएको थियो।

पछिल्लो क्रममा 'सिआइए' ले इरान र सिरियामा विभिन्न आतङ्कवादी कमान्डो दस्ताहरूलाई तालिम दियो। ती दस्ताले गैरन्यायिक हत्याजस्ता अनेक आततायी गतिविधि गरे। तीमध्ये कतिपय फासिवादी दस्ताले सर्वसाधारणको हत्यामा उत्सव पनि मनाएको 'सिआइए' सँग सम्बन्धित वेबसाइटमा हेर्न पाइन्छ। युक्रेनमा आज यस्तै दस्ताको बोलवाला छ।

अब हामी 'सिआइए' को आडमा सञ्चालित हत्यारा गिरोहहरूबारे चर्चा गर्नेछौँ। यिनै काला कर्तुतहरूका कारण अमेरिकी सरकारले 'सिआइए' लाई खारेज गर्न जरुरी छ। अमेरिकी जनताले यसको लागि एउटा बलियो आन्दोलन गर्नुपर्छ।

### भियतनाम : अपरेसन फिनिक्स

डगलस भ्यालेन्टिनको पुस्तक छ - 'द फिनिक्स प्रोग्राम'। पुस्तकमा 'सिआइए' का 'सिकारी-हत्यारा टोलीहरू' को चर्चा छ। तिनलाई 'प्रान्तीय रेकी युनिट' (PRU) भनिन्थ्यो। यी टोलीले भियतनामका 'राष्ट्रिय मुक्तिमोर्चा' (NLF) का शङ्कास्पद कार्यकर्तालाई अपहरण गर्ने, यातना दिने र मार्ने काम गर्थे। त्यो मोर्चा भियतनामको मुक्तिका लागि सङ्घर्षरत थियो।

फिनिक्सले कसलाई मार्ने भन्ने कुरा 'सिआइए' को कालोसूचीबाट तय हुन्थ्यो। 'सिआइए' ले भियतनामका सरकारी अधिकारी, कर्मचारी र मेयरहरूको कालोसूची तयार पार्थ्यो। यति मात्र होइन, उसले मनोवैज्ञानिक युद्ध पनि गर्थ्यो। यसको लागि 'मुक्तिमोर्चा' का छापामारले लगाउने पोशाक लगाएर सर्वसाधारणहरूको हत्या गरिन्थ्यो। अत्याचारको सबै दोष भियतनामी क्रान्तिकारीहरूमाथि थोपरिन्थ्यो।

कालान्तरमा फिनिक्स कार्यक्रम एउटा विशाल अपहरण सञ्जालमा परिणत भयो। 'रेकी युनिट' र भ्रष्ट दक्षिण भियतनामी अधिकारीहरूले आफ्ना व्यक्तिगत दुश्मनी साँध्न यो सञ्जालको प्रयोग गर्न थाले। उनीहरूले यी 'टोली' को प्रयोग गरेर आफ्ना शत्रुहरूको अपहरण गर्थे र फिरौतीका रूपमा मोटो रकम असुली गर्थे।

अमेरिकी जलसेनाका अधिकारी इल्टन मान्जियोनले यो कुरा बुझे। उनले भने, "त्यसपछि हामी सेतो टोली लगाएर स्वतन्त्रताको रक्षा गर्ने असल मान्छे रहेनौँ, बरु सिधासादा हत्यारा बन्यौँ।" ठ्याक्कै अफगानिस्तानमा 'जिरो युनिटहरू' सँग काम गर्ने 'सिआइए' अफिसरहरू जस्तै।

### इन्डोनेसिया र लाओस

सन् १९८० को दशकमा अमेरिकी न्यायाधिवक्ता डेनियल शिहानले 'सिआइए' का अधिकारी एडविन विल्सन र कार्ल जेन्किन्ससँग पुछताछ गरेका थिए। सोधपुछका क्रममा उनीहरूले इन्डोनेसियाली सेनाको तर्फबाट हत्यारा गिरोहहरू निर्माण गर्न 'सिआइए' ले केन्द्रीय भूमिका खेलेको बताएका थिए। यसको लागि भियतनामको 'फिनिक्स कार्यक्रम' को मोडल अपनाइएको थियो।

सन् १९६५ मा 'सिआइए' ले इन्डोनेसियामा समाजवादी नेता अहमद सुकार्नोविरुद्ध सत्ताविद्रोह गर्न सहयोग गरेको थियो। विद्रोहपछि दक्षिणपन्थी जनरल मोहम्मद सुहार्तो सत्तासीन बनेका थिए। उनले नरसंहार टोलीहरू प्रयोग गरेर इन्डोनेसियाली कम्युनिस्ट पार्टी (PKI) लाई सोत्तर पारेका थिए। त्यो रक्तपातमा इन्डोनेसियाका झन्डै ३० लाख मानिसको रगत बगेको थियो।

सन् १९७० को दशकमा 'सिआइए' कै आड पाएका हत्यारा गिरोहहरूले पूर्वी टिमोर टापुमा नरहत्या चलाए। त्यसको निर्देशन एक अमेरिकीले गरेका थिए। उनको नाम थियो थोमस जी क्लाइन्स। उनी थियोडोर श्याकलेका सहयोगी थिए। श्याकले सन् १९६८-७२ बीच साइगोनमा 'सिआइए' का स्टेशन प्रमुख थिए। भियतनाममा 'फिनिक्स कार्यक्रम' चलाउन उनको पनि हात थियो।

*लेखक कुजमारोभ अमेरिकी इतिहासका विद्यावारिधि हुन्। उनले अमेरिकाका विभिन्न कलेजहरूमा अध्यापन गरिसकेका छन्। उनी अमेरिकी इतिहास तथा राजनीतिका विज्ञ मानिन्छन्। उनले विभिन्न रेडियो कार्यक्रम पनि चलाउँदै आएका छन्। उनी कोभर्ट एक्सन म्यागेजिनका प्रबन्ध सम्पादक हुन्। उनका आठ पुस्तक प्रकाशित भइसकेका छन्। 'ओबामाको अन्त्यहीन युद्ध' (सन् २०१९), 'रुसीहरू फेरि आउँदै छन्' (सन् २०१८), 'युद्धपिपासु' (सन् २०२३), 'सिरिया : सत्तापरिवर्तनको चिरफार' (सन् २०२५), 'अमेरिकामा राजनीतिक हत्याहरू' (सन् २०२६) आदि उनका चर्चित पुस्तक पर्छन्। यसबाहेक पनि कुजमारोभका सयौँ लेख-रचना प्रकाशित छन्। उनका लेख-रचना 'सबस्टाक' मा पढ्न पाइन्छ।*

***स्रोत : कोभर्ट एक्सन म्यागेजिन। सम्यक)***

*(बाँकी अर्को अङ्कमा।*

# कुनै पनि यूएस-क्यानाडा पुलले वासिङटनले बनाएको खाडल फैलाउन सक्दैन

एउटा पुलले दुई पक्षलाई जोडिएको बेलामा होइन, तर तिनीहरू नमिलेको बेला कति टाढा पुगेका छन् भनी खुलासा गर्न सक्छन् ।


क्यानाडा र अमेरिका बिचको असहमतिको कारण धेरै ढिलाइ पछि गोर्डी होवे अन्तर्राष्ट्रिय पुल - डेट्रोइट, मिशिगन र विन्डसर, ओन्टारियो जोड्ने, अन्ततः खोल्नको लागि तयार छ । तैपनि, द्विराष्ट्रिय एकताको ऐतिहासिक उत्सवको रूपमा परिकल्पना गरिएको कुरा अब साझा धूमधामको सट्टा शान्त परित्यागद्वारा चिन्हित एक दबिएको मामला बन्ने खतरा छ ।

बुधबारका समाचारहरूले सङ्केत गर्दछन् कि उद्घाटनको दिन नजिकिँदै गर्दा, ओटावाले वाशिङ्टनको आक्रामक नयाँ महशुल धम्कीहरूको पृष्ठभूमिमा कुनै पनि संयुक्त उद्घाटन समारोहबाट बाहिरिने निर्णय गरेको छ । एउटा बृहत-पूर्वाधार परियोजना जुन उत्तर अमेरिकी एकीकरणको गहिराइ देखाउनको लागि थियो, यसको सट्टामा गहिरो धाँजा देखिएको छ, जुन डेट्रोइट नदीमाथिको पुलभन्दा बनाउन बढी गाह्रो हुनेछ ।

संरचना निर्माणमा बिताएका आठ वर्षले गठबन्धनको क्रमशः खस्कँदै गएको समयरेखा झल्काउँछ । २०१८ मा आधार भाँचिएको भए पनि, उत्तर अमेरिकी व्यापारको भविष्यमा घर्षण पहिले नै बढिरहेको थियो । विगत आठ वर्षमा ती प्रारम्भिक दरारहरू खाडलमा परिणत भएका छन् । वाशिङटनले महशुल धम्कीलाई सामान्य बनायो, क्यानाडाको जङ्गली आगोको धुवाँलाई नयाँ महशुलहरू धम्की दिने हतियार बनाइयो, उत्तर अमेरिकी व्यापार सम्झौतालाई परिमार्जन गर्न वार्ताको क्रममा क्यानाडालाई बाइपास गऱ्यो र क्यानाडालाई “५१ औं राज्य“ को रूपमा संलग्न गर्ने बारेमा उत्तेजक राजनीतिक बयानबाजीको सहारा लियो । अब, स्टील फ्रेमवर्क पूर्ण रूपमा खडा हुँदा, यो सोध्न उपयुक्त छ कि विश्वासको आधारभूत आधार वास्तवमा कति रहन्छ ।

राजनीतिक सद्भावनाको साथमा भत्किनु भनेको आपसी हितको सन्तुलन परीक्षण हो । क्यानाडाले अग्रिम निर्माण लागतको वित्तपोषण गर्दै पुलको निम्ति ४.७ अर्ब डलर लगानी भनेको दैनिक दुई-तर्फी व्यापारमा लगभग १ अर्ब डलरको प्रवाहलाई सुव्यवस्थित बनाउनको लागि थियो । यसको सट्टा, यो वाशिङ्टनको अपमानजनक मागहरूसँग टाउकोमा ठोकिएको छ । आफ्नो पहिलो १५ वर्षहरूमा पुलको कुल टोल राजस्वको ५० प्रतिशत दाबी गर्न दबाब दिएर, वाशिङटनले यस हप्ताको सुरुमा पूर्ण रूपमा छुट्टै र व्यापक ५० प्रतिशत महशुल प्रस्ताव जारी गऱ्यो, क्यानाडाका सामानहरूमा २८ अर्ब डलरसम्म छोयो ।

पुलको ग्रेसिङ नामले पनि तीव्र, अनपेक्षित विडम्बना बोक्छ । डेट्रोइट रेड विङ्ससँग २५ सिजन बिताउने पौराणिक क्यानाडाली हक्की स्टारको नाममा राखिएको, यो पुल साझा सांस्कृतिक जोश




र गहिरो सम्बन्धलाई सम्मान गर्ने उद्देश्यले राखिएको थियो । तैपनि आजको बिग्रँदै गएको सम्बन्धको पृष्ठभूमिमा, नामले अनिवार्य रूपमा उसको हक्की विद्याको सबैभन्दा प्रतिष्ठित टुक्रालाई बोलाउँछः “गोर्डी होवे ह्याट्रिक” - एउटै खेलमा एक गोल, सहायता र लडाइँ । आज वाशिंगङनको प्लेबुकमा बाहेक, सहयोगी साझेदारीको कुनै लक्ष्य वा सहायताहरू छैनन् - केवल आफ्नो नजिकको छिमेकीहरूमध्ये एकसँगको नाङ्गो झगडा पनि हो ।

वाशिङ्टनको दबाबको जवाफमा, ओटावाले सङ्केत गरेको छ कि यो अब एकपक्षीय लाभ अन्तर्गत पछि हट्ने छैन । आधिकारिक प्रति महशुल सूचीदेखि लिएर अमेरिकी सामानहरू विरुद्ध बढ्दो उपभोक्ता प्रतिक्रियासम्म, आफ्नो दक्षिणी छिमेकीसँग मित्रवत सम्बन्धमा लामो समयदेखि अभ्यस्त रहेको क्यानाडाली जनता चिसो वास्तविकतामा ब्यूँझिरहेको छ र उग्र रूपमा अवहेलना गरिरहेको छ । भर्खरको प्यू रिसर्च सेन्टरको मतदानले यो परिवर्तनमाथि एकदमै ध्यानकेन्द्रित गर्छ : अमेरिकालाई भरपर्दो साझेदारको रूपमा हेर्ने क्यानाडालीहरूको अनुपात २०२२ मा ८३ प्रतिशतबाट घटेर आज मात्र ३५ प्रतिशतमा झरेको छ ।

यो नाटकीय परिवर्तनले पुलले के प्रतिनिधित्व गर्नुपर्छ र क्यानाडा र संयुक्त राज्य अमेरिकाबिच वास्तवमा के गर्छ भन्ने केन्द्रीय विरोधाभासलाई रेखांकित गर्दछः पारस्परिक निर्भरतालाई सम्मान गर्न निर्माण गरिएको भौतिक अवधि अब अभूतपूर्व अविश्वासको युगमा खुल्छ । कङ्क्रिट र स्टील अब दुई तटरेखाहरूमा सामेल हुँदा, उनीहरूले समर्थन गर्न खोजेको आर्थिक निर्भरता वाशिङटनको जबरजस्ती रणनीतिहरूले कमजोर पारेको छ । उत्तर अमेरिकी एकीकरणको स्मारकको रूपमा खडा हुनुभन्दा टाढा, गोर्डी होवे इन्टरनेशनल ब्रिज अमेरिकी एकपक्षीय नीतिले कसरी गठबन्धनलाई टुक्राउन सक्छ भन्ने चेतावनीमूलक प्रतीक बन्न सक्छ ।

तथापि, वाशिङटन पोस्टले एक आशावादी सम्पादकीय परिप्रेक्ष्य प्रस्ताव गर्योः “जसरी आगोको कुहिरो हटेको छ, त्यसरी नै यो झगडा पनि हुन सक्छ ... दुवै देशहरूले यो लडाई गुमाउनेछन् यदि उनीहरूले बाटो पत्ता लगाउन सकेनन्, चाहे कसले सुरु गरे पनि ।”

तैपनि के एकपक्षीय बदमासीबाट उत्पन्न संरचनात्मक सङ्कट कुहिरोजस्तै टाढा जान सक्छ ? र “कसले सुरु गर्यो” साँच्चै फरक पर्दैन ?

यस्तो मिडिया स्पिन अमेरिकी बदमाशीमाथि ढाकछोपभन्दा बढी केही होइन । परिस्थितिलाई जतिसुकै हल्का रूपमा चित्रित गरे पनि, एउटा डरलाग्दो वास्तविकता रहन्छः जब विश्वास एकपक्षीयताले पूर्ण रूपमा चकनाचुर हुन्छ, जबसम्म वाशिङटनले धम्कीको ठुलो लट्ठी चलाउँछ, कुनै पनि भौतिक पुलहरूले गठबन्धनको छायाँलाई फैलाउन सक्दैन ।

*- ग्लोबल टाइम्स*

## सिन्ह्वाका दुई टिप्पणी

# मनिलाको सत्य बङ्ग्याउने अभियानले दक्षिण चीन सागरमा केही परिवर्तन गर्दैन

पेइचिङ, जुलाई २२ (सिन्ह्वा) - आफ्नो निर्लज्ज रणनीतिको पुनरावृत्तिमा, चीनको रेनाई जियाओ नजिकैको पछिल्लो समुद्री मुठभेडले दक्षिण चीन सागरमा मनिलाको कुख्यात ढाँचालाई फेरि एकपटक पर्दाफास गरेको छः यसले जानाजानी घटनालाई उक्साउँछ, त्यसपछि तथ्यलाई विकृत गर्छ र पीडितको भूमिका खेल्छ ।

सोमबार, चीनको रेनआइ जिओमा अवैध रूपमा ग्राउन्ड गरिएको फिलिपिन्सको जहाज बिखाखी सिएरा माद्रे (LT-५७) का कर्मचारीहरूले आक्रामक रूपमा चीनको कोस्ट गार्डको गस्ती डुङ्गा नजिक आए र चिनियाँ कानुन प्रवर्तन अधिकारीहरूलाई हिंस्रक रूपमा आक्रमण गरे । घटनापछि, मनिलाले आफ्नो टाउकोमा तथ्यहरू बङ्ग्याउने छनौट गरे, चीनले आफ्नै उत्तेजक कार्यहरू ढाकछोप गर्दै दुराचारको आरोप लगाए ।

यो एक अलग एपिसोड थिएन । बरु, यो हालैका वर्षहरूमा बढ्दो रूपमा स्पष्ट भएको ढाँचामा फिट हुन्छ । बारम्बार, फिलिपिन्सले जानाजानी समुद्रमा तनाव सिर्जना गरेको छ, छनोटका घटनाहरू संसारमा प्रस्तुत गरेको छ र आफूलाई ठुलो छिमेकीको सामना गर्ने पीडितको रूपमा प्रस्तुत गर्न खोजेको छ । मनिलाको कथाले समस्याको स्रोत लुकाउन सत्यलाई बङ्ग्याउने कार्य गर्छ ।

यस मुद्दाको मुटुमा अवैध रूपमा ग्राउन्ड गरिएको फिलिपिन्स सैन्य जहाज आफैं रहेको छ । ट्याङ्क अवतरण जहाज १९९९ मा चीनको रेनाइ जियाओमा “जानीजानी ग्राउन्ड” गरिएको थियो, फिलिपिन्सका तत्कालीन रक्षा प्रमुख ओर्लान्डो मर्काडोले फेब्रुअरी २०२४ मा मनिलामा आयोजित एक मिडिया फोरमलाई भने । “यो सबै त्यहाँ हुनुको लागि हो ... हामीले उपस्थिति हुनुपर्छ,” उनले त्यसपछि भने ।

मनिलाले पछि यसलाई हटाउने वाचा गरे, तर दुई दशकभन्दा बढीपछि यो त्यहाँ रहन्छ । आफ्नो प्रतिबद्धताको सम्मान गर्नुको सट्टा, फिलिपिन्सले बारम्बार पोतलाई सुदृढ पार्ने र विभिन्न बहानामा यसको अवैध कब्जालाई सुदृढ गर्ने प्रयास गरेको छ । चीनको वैधानिक अधिकार संरक्षण र कानुन प्रवर्तन गतिविधिहरूको सट्टा यी कार्यहरूले रेनाइ जियाओको वरिपरि तनावलाई निरन्तरता दिएको छ ।

मनिलाले गरेको हरेक नयाँ उक्साहटले एउटै उद्देश्य पूरा गर्छः पहिलो स्थानमा विवाद कसले उत्प्रेरित गर्यो भनेर अस्पष्ट गर्दै त्यहाँ गैरकानुनी उपस्थिति कायम राख्ने ? यसले यो पनि बताउँछ कि किन प्रत्येक समुद्री घटनालाई द्रुत रूपमा गलत सूचना अभियानले पछ्याउँछ ।

यस महिनाको सुरुमा, फिलिपिन्सले यसको वैधताको कमी र यसको वरिपरि कुनै क्षेत्रीय सहमतिको अनुपस्थितिको बावजुद बन्द भएको एक दशकपछि तथाकथित “दक्षिण चीन सागर मध्यस्थता पुरस्कार” लाई पुनर्जीवित गर्न केही बाह्य देशहरूसँग हात मिलायो । त्यसो गरेर, फिलिपिन्सले आफ्नै बनाउने विवादलाई भूराजनीतिक ध्यानाकर्षणको केन्द्रमा बढाउने लक्ष्य राखेको छ । तर, कुनै पनि पब्लिसिटी स्टन्टले सत्यलाई सदाको लागि विकृत र ढाकछोप गर्न सक्दैन । कुनै पनि सावधानीपूर्वक सम्पादन गरिएका भिडियोहरूले फिलिपिन्सको जहाजको अवैध ग्राउन्डिङको इतिहास मेटाउन सक्दैन, न त लगातार आरोपहरूले चीनको सार्वभौमसत्ता वा दक्षिण चीन सागरमा यसको वैध अधिकारलाई कमजोर बनाउन सक्छ ।

घटनाहरू, बढ्दो झूटहरू, र बाह्य



समर्थन खोज्दा छोटो समयका लागि मिडियाको ध्यानाकर्षण हुन सक्छ, तर तिनीहरूले न फिलिपिन्सको कानुनी अडानलाई बलियो बनाउन सक्छन् न दक्षिण चीन सागरमा शान्ति र स्थिरतालाई बढावा दिनेछन् ।

चीन र बहुसङ्ख्यक आसियान देशहरूले निरन्तर रूपमा वकालत गरेको एउटै सम्भाव्य मार्ग रहन्छः वार्ता र प्रतिबद्धताहरूको सम्मान गर्दै मतभेदहरू समाधान गर्ने । यसरी नै दक्षिण चीन सागरलाई शान्ति, मित्रता र सहयोगको सागरमा परिणत गर्न सकिन्छ ।

# मनिलाले दक्षिण चीन सागरमा खतरनाक उत्तेजना र उल्लङ्घनहरू रोक्नैपर्छ

पेइचिङ, जुलाई २१ (सिन्ह्वा) - दक्षिण चीन सागरमा चीनविरुद्ध फिलिपिन्सको हालैको उक्साहटले यस क्षेत्रमा मनिलाको विनाशकारी र अस्थिर भूमिकालाई फेरि एकपटक उजागर गरेको छ ।

सोमबार बिहान करिब ९ बजे फिलिपिन्सको अवैध रूपमा ग्राउन्ड गरिएको जहाज बिआरपी सिएरा माद्रे ( LT-५७) बाट ल्याइएका दुईवटा रबर डुङ्गाले चिनियाँ पक्षको बारम्बार र स्पष्ट चेतावनीलाई बेवास्ता गर्दै खतरनाक ढङ्गले तीव्रगतिमा रहेको चिनियाँ गस्ती डुङ्गालाई घेरा हालेर साउथ चाइनाको रेनाइ जियाओ समुन्द्र नजिकैको पानीमा ठोक्काए ।

घटनाको क्रममा, फिलिपिन्सका कर्मचारीहरूले द्वेषपूर्ण रूपमा चिनियाँ कानुन प्रवर्तन अधिकारीहरूलाई ओअर, लामो खम्बा र अन्य उपकरणहरूले आक्रमण गरे । चिनियाँ पक्षले तर्कसङ्गत र अत्यन्त संयम अपनाउँदै स्थितिलाई नियन्त्रणमा ल्याउन मौखिक चेतावनी, बेवास्ता गर्ने चालबाजी र तदनुरूप प्रतिकारबाहीका साथ जवाफ दियो ।

घटनाको समय मनिलाको लागि परिचित ढाँचासँग मिल्दोजुल्दो छः समुद्रमा समस्या उत्पन्न गर्ने, कूटनीतिक ध्यानाकर्षण कब्जा गर्ने र चीनलाई दबाब दिने प्रयास । मनिलाले ५९ औं आसियान विदेश मन्त्रीहरूको बैठक र सम्बन्धित बैठकहरू आयोजना गरिरहेको बेला यो घटना भएको हो । यद्यपि फिलिपिन्स पक्षले घटनाहरूलाई बङ्ग्याउने, अरूलाई बहकाउने र सहानुभूति जित्न पीडितलाई खेल्ने रवैयाको रणनीतिले तथ्यलाई कहिल्यै परिवर्तन गर्दैन ।

रेनाइ जियाओ, चीनको दक्षिण चीन सागरको एक हिस्सा, चिनियाँ क्षेत्र हो । चीनको कोस्ट गार्डले रेनआइ जियाओको छेउछाउको पानीमा कानुन प्रवर्तन कार्यहरू गर्नु पूर्णतया व्यावहारिक र वैध छ। यो फिलिपिन्स हो जसले आफ्नो सैन्य जहाज बिआरपी LT-५७ लाई हटाउन अस्वीकार गरेर चीनको क्षेत्रीय सार्वभौमसत्तामा लगातार उल्लङ्घन गरेको छ, जुन उसले जानाजानी र गैरकानुनी रूपमा १९९९ मा रेनआइ जियाओमा ग्राउन्ड गरेको थियो ।

फिलिपिन्स पक्षले यसलाई हटाउन चीनको बारम्बार मागको बाबजुद जहाज त्यहीँ रह्यो । जहाज र त्यसमा सवार कर्मचारीहरूको गतिविधिले पनि स्थानीय कोरल रिफ इकोसिस्टममा गम्भीर क्षति पुऱ्याएको छ । खिया लाग्ने युद्धपोतले यस क्षेत्रमा स्थायी उपस्थिति स्थापित गर्ने मनिलाको प्रयासलाई प्रतिबिम्बित गर्दछ, तर यसले शीर्षकको कामको रूपमा कहिल्यै काम गर्न सक्दैन । चीन आफ्नो क्षेत्रीय सार्वभौमसत्ता र सामुद्रिक अधिकार र हितको रक्षा गर्न दृढतापूर्वक प्रतिबद्ध छ र कानुन अनुसार चीनको नान्शा कुन्दाउ, रेनआइ जियाओ र छेउछाउको पानीमा कानुन प्रवर्तन कार्यहरू गर्न जारी राख्नेछ ।

बाह्य शक्तिहरू, विशेष गरी संयुक्त राज्य अमेरिकाले फिलिपिन्सलाई उत्तेजक कार्यहरूमा संलग्न हुन प्रोत्साहित गरेको छ । घटनाको चीनको विस्तृत विवरण र चिनियाँ मिडियाद्वारा जारी साइट फुटेजको बावजुद, अमेरिकी पक्षले यो फिलिपिन्सको साथ रहेको घोषणा गरेको छ । विवादमा हस्तक्षेप गर्ने र दक्षिण चीन सागरको अवस्थालाई अस्थिर बनाउने उसको रणनीति झन् उदाङ्गो हुँदै गइरहेको छ ।

बाहिरी शक्ति जसको आदत नै द्वन्द्व भड्काउने बहाना गर्छ, विवाद चर्काउँछ र सहयोगीलाई भूराजनीतिक साधनमा परिणत गर्छ, शान्तिको रक्षा गर्दैन । यो समस्याको अंश हो । मनिलाको उत्तेजकतालाई जोगाएर, वाशिङटनले डरलाग्दोपनलाई पुरस्कृत गर्छ र भिडन्तलाई प्रोत्साहन दिन्छ ।

चीनले संयमता अपनाएको छ र आफ्नो सार्वभौमसत्ता र सामुद्रिक अधिकार र हितको रक्षा गर्ने सङ्कल्प र क्षमता दुवै छ । फिलिपिन्सले चीनको सार्वभौमसत्ताको उल्लङ्घन गर्न छोड्नुपर्छ र बाह्य शक्तिहरूसँग मिलेर सञ्चालन गर्ने खतरनाक, व्यर्थ र सम्भावित महँगो उक्साहटको अन्त्य गर्नुपर्छ ।

# सर्वोच्चका ४ न्यायाधीशविरुद्ध महाअभियोगको चर्चा



**रामप्रसाद प्रजापति**

**महाअभियोगको प्रश्न**

प्रधानमन्त्री अध्यक्ष भएको संवैधानिक परिषद्ले सर्वोच्च अदालतका प्रधानन्यायाधीश नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ। केही समयअघि प्रधानमन्त्री बालेन्द्र साहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले न्यायपरिषद्ले सिफारिस गरेको प्रधानन्यायाधीश पदमा नियुक्त हुन योग्य सर्वोच्च अदालतका ६ न्यायाधीशहरूमध्ये चौथों वरीयताका मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्ने निर्णय गऱ्यो।

वरीयताको क्रममा पहिलोमा सपना प्रधान मल्ल, दोस्रोमा कुमार रेग्मी, तेस्रोमा हरिप्रसाद फुयाँल रहेका थिए। ती सबैको क्रम भङ्ग गर्दै चौथो वरीयताका न्यायाधीश मनोजकुमार शर्माको नियुक्तिले न्यायपालिकामा एक प्रकारको तरङ्ग ल्याएको हो।

सोही कारण पहिलो वरीयतामा रहेकी सपना प्रधान मल्ल २० दिन बिदामा बसिन्। त्यसबिच पनि वरीयतामा अगाडि रहेका तीनै जना न्यायाधीशहरूले राजिनामा दिने सम्भावना रहेको चर्चा पनि चलेको हो। तर, सपना प्रधान मल्लले हामी न्यायालयभित्रै बसेर काम गर्ने, राजिनामा नदिने प्रस्ट पारेपछि सर्वोच्च अदालतका ती वरिष्ठतम् न्यायाधीशहरूविरुद्ध विभिन्न चर्चा परिचर्चा हुने गरेको छ।

केही दिनअघि अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरू एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच र इन्टरनेशनल कमिसन अफ जस्टिस (आईसीजे) ले बहालवाला न्यायाधीशहरूलाई जबर्जस्ती राजिनामा गर्न लगाएर वा उनीहरूमाथि महाअभियोग लगाएर सर्वोच्च अदालतको संरचना परिवर्तन गर्न राजनीतिक दबाब प्रयोग गरिएको आरोप लगाएपछि थप केही तथ्यहरू बाहिरिएका छन्।

ती अन्तर्राष्ट्रिय संस्थाहरूका अनुसार सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र नहकुल सुवेदीलाई सर्वोच्च अदालतको न्यायाधीश पदबाट राजिनामा दिन दबाब दिन थालेको र राजिनामा नदिए सरकार र न्यायालयको कामप्रति असहयोग गरेको भन्दै संसद्मा महाअभियोग लगाएर भए पनि हटाउने तयारी गरेको बताइन्छ।

करिब ६८ जना रास्वपा सांसदहरूले हस्ताक्षरसहित निष्पक्षता, कार्यक्षमता अभाव लगायतका कारण उल्लेख गरेर महाअभियोग प्रस्ताव तयारी अवस्थामा रहेको महान्यायाधिवक्ता कार्यालयका एक अधिकृतले बताएको चर्चा छ।

**अन्तर्राष्ट्रिय संस्थाका संयुक्त प्रेस विज्ञप्तिमा के छ ?**

एम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच र इन्टरनेशनल कमिसन अफ जस्टिस (आईसीजे) ले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै वैशाख २०८३ मा सरकारले नेपालको संविधान र विधिको शासनको सिद्धान्तअनुसार आवश्यक हुने संसदीय विधिबाट संशोधन गर्नुको सट्टा संवैधानिक परिषद् ऐनलाई कार्यकारी अध्यादेशमार्फत अनुचित रूपमा संशोधन गरेको उल्लेख छ।

ती संस्थाहरूले प्रधानन्यायाधीशलगायतका प्रमुख संवैधानिक पदहरूमा नियुक्ति सिफारिस गर्ने कार्यका लागि जिम्मेवार निकाय संवैधानिक परिषद्को सङ्ख्या र मतदानसम्बन्धी प्रावधानसमेत परिवर्तन गर्ने गरी संवैधानिक परिषद् ऐनमा गरिएको संशोधनमाथि प्रश्न उठाएका छन्।

"न्यायपालिकाको स्वतन्त्रता विधिको शासनको एउटा आधारशीला हो र मानवअधिकार संरक्षणको लागि अपरिहार्य रक्षा कवच हो," आईसीजेका वरिष्ठ कानुन तथा नीति निर्देशकका अनुसार नेपालको न्याय प्रणालीको कुनै पनि सुधारले अदालतको स्वतन्त्रता, निष्पक्षता र अखण्डतालाई बलियो बनाउनुपर्छ, कमजोर बनाउनु हुँदैन।

उनीहरूले प्रधानन्यायाधीश पदमा वरिष्ठता मिचेर मनोजकुमार शर्मालाई गरिएको नियुक्तिले चिन्ता बढाएको भन्दै तीन जना वरिष्ठ न्यायाधीश पदमा बहाले रहेको अवस्थामा उनलाई गरिएको नियुक्तिले सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीशका रूपमा नियुक्ति गर्ने नेपालको लामो समयदेखिको अभ्यासको विचलन भएको उल्लेख गरिएको छ।

सर्वोच्च अदालतका तीन जना न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँललाई राजिनामा दिन राजनीतिक दबाब दिइएको र उनीहरूले राजिनामा दिन अस्वीकार गरेमा महाअभियोगको धम्की दिइएको विज्ञप्तिमा उल्लेख छ। स्पष्ट संवैधानिक औचित्यबिना न्यायाधीशहरूविरुद्ध महाअभियोग प्रयोग वा धम्कीपूर्ण व्यवहारले अदालतको संरचनालाई प्रभाव पार्ने विज्ञप्तिमा उल्लेख छ।

**महाअभियोग सम्बन्धी संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा १०१



को उपधारा (१) मा "यो संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाअभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ।

उपधारा (२) बमोजिमको कुनै व्यक्तिको विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबीन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहनेछ। जुन समितिमा प्रतिनिधिसभाका एघार जना सदस्य रहनेछन्।

**किन चर्चा चल्यो त महाअभियोगको ?**

सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल न्यायाधीश नियुक्तिका लागि गठित संवैधानिक अङ्ग न्याय परिषद्को सदस्य रहने संवैधानिक व्यवस्था रहेको छ।

सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीशहरू र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति, सरुवा, बढुवा, कारवाहीको अधिकारसम्पन्न न्यायपरिषद्मा प्रधानन्यायाधीशको रोलक्रममा रहेका वरिष्ठतम न्यायाधीशहरूलाई उछिनेर प्रधानन्यायाधीश पदमा बहाल भएका मनोजकुमार शर्मालाई असहज भएको हुन सक्छ। वा सरकारलाई आफ्नो योजनाबमोजिम न्यायालयमा व्यापक हेरफेर गर्न बाधा परेको हुन सक्छ।

त्यसैले सरकारले आफू अनुकूलका मानिसहरूलाई आफूले चाहेको पद, ओहदा र स्थानमा नियुक्ति, आफ्नो अनुकूलको निर्णय वा फैसला, काम कारवाही गर्न गराउन वरिष्ठतम न्यायाधीशलाई हटाउन चाहेको हुन सक्ने आँकलन गरिएको छ।

सके दबाव दिएर राजिनामा गराउने अन्यथा आफ्नो बहुमतको अहङ्कारमा संवैधानिक प्रावधानको दुरुपयोग गरी महाभियोग प्रस्ताव दर्ता गराउन खोजेको व्यापक चर्चा छ।

यसरी रास्वपाका सांसदहरूले सर्वोच्च अदालतका चार न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुयाँल र नहकुल सुवेदीविरुद्ध संसद्मा महाभियोग प्रस्ताव तयार गरेको चर्चासँगै यसअघि नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादीले आफ्नो अनुकूल नभएका प्रधानन्यायाधीशहरू जस्तै शुशीला कार्की, चोलेन्द्रशम्सेर जबरालाई हटाउन यसरी नै महाभियोगको बाटो समाएको हुँदा के सरकारी संयन्त्रमा पुगेका दलहरू गाँसिगुसे एकैनासे साबित भएको हो ? भन्ने प्रश्न व्यापक बनेको छ।

*२०८३ साउन १०*

# अनुशासन र नैतिकता नै सफल जीवनाधार




भक्तपुर। लिशा इङलिस सेकेन्डरी स्कूलले एसईई २०८२ मा उत्तीर्ण विद्यार्थीहरूको सम्मान, बधाई तथा बिदाइ कार्यक्रमको उद्घाटन साउन ९ गते भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनील प्रजापतिले गर्नुभयो। कार्यक्रममा नगर प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान तथा बधाई ज्ञापन गर्दै सबै विषयको समान महत्त्व रहेको बताउनुभयो।

उहाँले विद्यार्थीलाई आफ्नो रुचि र क्षमताअनुसार अध्ययन गरी विशेषज्ञ बन्दै समाजमुखी र राष्ट्र विकासमा योगदान पुऱ्याउनुपर्ने बताउनुभयो। उहाँले उच्च शिक्षा अध्ययनका लागि विदेश जानु नै सफलता नभएको उल्लेख गर्दै विदेश पुगेका धेरै विद्यार्थीले विभिन्न कठिनाइ भोगनुपरेको उदाहरण प्रस्तुत गर्नुभयो। गलत आश्वसन र झिलिमिली विज्ञापनको पछि नलागी सोचविचार गरेर मात्र आफ्नो शैक्षिक भविष्यको निर्णय लिन विद्यार्थीलाई उहाँले सुझाव दिनुभयो।

नगर प्रमुख प्रजापतिले अनुशासन र नैतिकतालाई जीवनको आधार बनाउनुपर्नेमा जोड दिँदै अनुशासनविहीन समाज अन्ततः अराजकतातर्फ उन्मुख हुने भएकोले असल चरित्र, नैतिक मूल्य र सामाजिक जिम्मेवारीलाई सधैं प्राथमिकतामा राख्न विद्यार्थीलाई आग्रह गर्नुभयो। प्रमुख प्रजापतिले संसारलाई बदल्न सक्ने क्षमता भएका युवाहरू हाम्रो देशमै रहेको र सही नेतृत्वले देशलाई अगाडि बढाउने बताउनुभयो।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले लिशा इङलिस सेकेन्डरी स्कूल निरन्तर प्रगतिउन्मुख बन्दै गएको उल्लेख गर्दै उत्कृष्ट जीपीएसहित एसईई उत्तीर्ण सबै विद्यार्थीलाई बधाई दिनुभयो। उहाँले कक्षा १० उत्तीर्ण गर्नु शैक्षिक यात्राको एउटा चरण मात्र भएको बताउँदै अझै लामो अध्ययन र जीवनयात्रा बाँकी रहेकोले निरन्तर सिकाइलाई जीवनभर कायम राख्न आग्रह गर्नुभयो। उहाँले लिशा स्कूलबाट प्राप्त ज्ञान, सीप र संस्कारलाई जहाँ पुगे पनि प्रतिबिम्बित गर्न विद्यार्थीलाई प्रेरित गर्नुभयो।

उहाँले नगरपालिकाले लागू गर्न लागेको आइतबार बिदालाई अतिरिक्त क्रियाकलापमार्फत सदुपयोग गर्दै विद्यार्थीलाई अझ प्रतिभाशाली र सक्षम बनाउने दिशामा विद्यालयले काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक भोजराज अर्यालले भक्तपुर सुन्दर, स्वच्छ र अनुशासित नगरका रूपमा परिचित रहेको उल्लेख गर्दै यहाँको शैक्षिक विकास पनि प्रशंसनीय रहेको बताउनुभयो। उहाँले विद्यार्थीलाई आफ्नो अनुशासन कहिल्यै नछोड्न, ठूलो सपना देख्न र त्यसलाई साकार पार्न निरन्तर मेहनत गर्दै आत्मविश्वासका साथ अगाडि बढ्न प्रेरित गर्नुभयो।

कार्यक्रममा इसानका अध्यक्ष प्रेमजन थापाले विद्यार्थी र शिक्षकलाई सकारात्मक सोचका साथ आत्मसम्मान कायम राख्दै जीवनमा अगाडि बढ्न आग्रह गर्नुभयो। उहाँले जीवनमा कहिल्यै निराश नहुन सुझाव दिँदै असफलताले सफल बन्ने बाटो सिकाउने भएकोले प्रत्येक चुनौतीलाई सिकाइको अवसरको रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले कृत्रिम बुद्धिमत्ता (एआई) को बढ्दो प्रयोगबारे चर्चा गर्दै विद्यार्थी र शिक्षकलाई यसको फाइदा तथा प्रभावकारी र जिम्मेवार प्रयोगका बारेमा बोल्नुभयो। आधुनिक प्रविधिलाई सिकाइ, अनुसन्धान र सिर्जनशील कार्यमा सदुपयोग गर्दै आफ्नो ज्ञान र सीप अभिवृद्धि गर्न उहाँले आग्रह गर्नुभयो।

विद्यालयका प्रधानाध्यापक लिशा प्रजापतिले स्वागत मन्तव्य व्यक्त गर्दै विद्यार्थीको सफलतामा अभिभावकको मेहनत र शिक्षकहरूको समर्पणको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो। सफलता केवल अङ्कले मात्र मापन नहुने, असल नागरिक बनेर समाजसेवामा समर्पित हुन उहाँले विद्यार्थीलाई प्रेरित गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं समारोहका सभापति बलराम प्रजापतिले धन्यवाद ज्ञापन गर्दै सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा एसईई उत्तीर्ण विद्यार्थी आयुषा खोँजु र कक्षा १० की विद्यार्थी जिज्ञासा कोजुले अध्ययन गर्दाको अनुभव तथा सिकाइबारे बोल्नुभएको थियो।

कार्यक्रमको सञ्चालन शिक्षिका कृष्णश्वरी दुवालले गर्नुभएको थियो।

# अख्तियारले छानबिन गर्न नपाउनु नै भ्रष्टाचारको जड

भक्तपुर। नेपाल क्रान्तिकारी किसान सङ्घ, चाँगुनारायण नपा ९ वडा समितिको आयोजनामा शनिबार भ्रष्टाचारविरोधी दिवसको अवसरमा किसानहरूको भेला भयो। भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सचिव पाण्डव सुवालले पुँजीवादी व्यवस्थामा भ्रष्टाचार र अनियमितता छायाँजस्तै सँगै आउने भएकोले शासक दल त्यसबाट अछुतो हुन नसक्ने बताउनुभयो।

उहाँले भन्नुभयो– मन्त्रिपरिषद्बाट हुने हरेक निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायले छानबिन गर्न नपाउने कानुनी व्यवस्थाकै कारण नेपालमा भ्रष्टाचार बढिरहेको हो। जनता प्रधानमन्त्री र मन्त्रीहरूलाई भ्रष्टाचारको अर्को पर्याय ठानिरहेका छन्। ठूला भ्रष्टाचारका धेरैजसो काण्डहरूमा प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरू जोडिनुले पुँजीवादी शासक दल नै भ्रष्टाचारको जड भएको पुष्टि गरेको हुँदा भ्रष्टाचार गर्नेहरूलाई फाँसीको सजाय हुनु आवश्यक छ।

भ्रष्टाचार र अनियमितताको सानो सूचनाले पनि देशमा भ्रष्टाचार कम गर्न मद्दत हुने भएकोले समयमै सही सूचना सम्प्रेषण गर्नु कार्यकर्ताको जिम्मेवारी हो। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले थाल्नुभएको भ्रष्टाचारविरुद्धको अभियानमा सबै लाग्नु जरुरी छ उहाँले भन्नुभयो।

भेलामा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका सहसचिव नारायणभक्त न्हेमाफुकीले २०२५ साउन २ र २०२६ असार १९ गते भक्तपुरको नवदुर्गा सहकारी संस्थामा भएको अनियमितता र बेइमानीको घटना सम्बन्धमा अग्रज किसानहरूले निभाउनुभएको भूमिकाबारे प्रकाश पार्नुभयो।

आयोजक समितिका अध्यक्ष रविन बासुकलाको सभापतित्वमा भएको सो भेलामा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नपा ९ वडा समितिका अध्यक्ष राजाराम छुकां, चाँगुनारायण नपा ९ का वडा अध्यक्ष गणेश त्यात, नेपाल क्रान्तिकारी महिला सङ्घका वडा अध्यक्ष कमला भारती, किसान कार्यकर्ता रामचन्द्र छुकांलगायतले देशमा भइरहेको भ्रष्टाचार र अनियमितताको घटनाबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

# अग्रजहरूको गतिविधि पार्टीको इतिहास

भक्तपुर। ऐतिहासिक 'भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण र आजको आवश्यकता' विषयमा अन्तरक्रिया कार्यक्रम साउन ९ गते सम्पन्न भयो।

नेमकिपा भनपा ६ (साबिक ५) एकाइ समितिको आयोजनामा भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले पार्टीका अग्रज कार्यकर्ताहरूले विगतमा गर्नुभएको गतिविधि पार्टीको इतिहास भएको बताउनुभयो।

नापी आएको बेला खेत खलिहानमा पुगी मोहीको कोलममा वास्तविक किसानको नाम लेखाउन, सहकारी संस्थाका भ्रष्टाचारीलाई कारबाही गर्न, मोहियानी हक बचाउन भर्पाई आन्दोलनलगायतका गतिविधिहरू पार्टी निर्देशनमा भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "हाम्रा अग्रजहरूबाट सिकी भ्रष्टाचार र अनियमितताको विरुद्ध सङ्घर्षलाई निरन्तरता दिनु आवश्यक छ।"

कार्यक्रम सिद्धिराम अवालको सभापतित्वमा सम्पन्न भएको थियो।

**कैयौँ...**

अनि असार र साउनको झरीसँग पनि शोभा भाउजूले मितेरी गाँस्नुभयो। तर, संसारको इतिहासले देखाइसकेको छ - असत्य कदापि सदाको लागि सत्य साबित हुन सक्दैन।

बेग्लै भेषमा अपरिचित मान्छेहरूको डरलाग्दो त्यो असामान्य हाकपारीले आमाको न्यानो काखमा असीम स्नेह र ममताको स्पर्शसँगै लुटुपुटु गरिरहने त्यो अवोध बालकउपर के बित्यो होला ? घरेलु र सामाजिक अवस्था सामान्य छँदा भान्साका लागि आवश्यक सरसामान तथा सागसब्जी किन्न जेठी बुहारी भएर कहिल्यै



**श्रीमान् नारायणमान बिजुक्छेँ एवम् छोराहरू सुवेग र सुवानसँग शोभा प्रधान**

बजार नगएकी शोभा प्रधान त्यतिबेला चुलोचौकाका लागि दुई जिउकी भएनि बजार धाउनुपर्थ्यो; बजार जाँदा-आउँदा केही दुष्ट आइमाईहरूले पछाडि फर्केर थुक्ने र 'हत्याराकी स्वास्नी, अलच्छिनी' भनेर झिरजस्तै तीखो, तुच्छ वचनहरूले प्रहार गर्थे। आफ्नी बुहारीप्रति यस्तो अमानवीय व्यवहार देखेर थलिनुभएकी हाम्री वन्दनीय आमाले नाति सुवेगलाई काखमा राखी लुकीछिपीको एउटा भेटमा गन्हुङ्गो मन लिएर आफ्नोको पीडा मसँग साझा गर्नुभएको त्यो दिन बिर्सन आज पनि सहज छैन, "बाबू, म्हा झ्यातुमा छं भाउजुता सहयाय् मफेयक यकोहे दु:ख जुल, मखुथैं जुल। थ:थीथी धपीसंहे धोतुक नापालासां मखांछुय वानिगु। जलाखालां झिगु खो चुलाई धक खापा तिङ तायृतैगु, गपाचक हेपेया फगु !" *(अर्थात्, दुई जिउकी तिम्री भाउजूलाई खपी नसक्ने गरी सार्है दु:ख भो; हुनु नहुनु भो ! आफन्तहरूले पनि बजार जाँदा ठ्याक्कै भेटिए पनि बोल्न पर्ला भनेर मुन्टो बटारेर जान्थे। छर-छिमेकले पनि मुख जुध्ला कि भनेर घरका झ्याल ढोकाहरू बन्द गरेका हुन्थे। कहाँसम्म हेप्न सक्या !)* त्यत्रो 'महाभारत' आइलागेर बज्रपातसँग सामना गरिरहेका आमा र भाउजूलाई भेट्न निर्भय भएर घरमै आउजाउ गर्नेहरू हाम्रै दिदीबहिनी र सङ्गठनका केही महिला साथीहरू मात्र थिए जसले आमा र भाउजूको चहऱ्याइरहेको घाउमा मलमपट्टीको काम गर्थ्यो। मान्यवर महिला पाठकहरूले त्यो अवस्थाको शोभा प्रधानको स्थानमा एकपल्ट आफूलाई राखेर सोच्नुस् त ! कुनै पनि नारीको मन सायद अनायासै भारी हुन्छ; सास फेर्न पनि गाऱ्हो हुन्छ।

## मुलुककै पहिलो महिला पत्रकार भेटघाट

आफूलाई बौद्धिक जमातको अब्बल व्यक्तित्व ठान्ने केही नेपाली प्राध्यापकहरू अचेल सामाजिक सञ्जालहरूमार्फत जापान, नर्वे, स्विडेन, डेनमार्क, बेलायत, बेल्जियम, स्पेन, लक्जेम्बर, नेदरल्यान्डजस्ता देशहरू राजतन्त्रकै कारण सम्पन्न र समृद्ध भएका हुन्; त्यस उसले नेपालमा पनि अब राजतन्त्र आवश्यक छ भनेर फलाकिरहेको हामी पाउँछौँ। तर, ती साम्राज्यवादी मुलुकहरू प्राकृतिक स्रोतसाधनमा धनी भएर पनि विज्ञान र प्रविधिमा किन बलियो छैनन् तथा मुलुकमा देशप्रेमी राजनीतिक नेताहरूको खडेरीका कारण संसारका कैयौँ गरिब तथा कमजोर देशहरूलाई कसरी अत्याचार गरी लुटे; कसरी त्यहाँका निर्दोष जनताको निर्मम हत्या गरे भन्ने वास्तविक इतिहासबारे तथाकथित नेपालका ती 'पण्डित' हरू बोल्दैनन्। नयाँ पुस्ताले २०४५ सालको 'भक्तपुर काण्ड' बारे विभिन्न प्रकाशनहरूमा प्रकाशित लेख रचनाहरूको अध्ययन र त्यससँग सम्बन्धित कठोर यातनाका सिकार बनेका भुक्तभोगीहरूसँग भलाकुसारी गर्दा राजतन्त्रको पञ्चायती शासन व्यवस्था कति क्रूर, आततायी र जनघाती थियो भन्ने कुरो घामजत्तिकै छर्लङ्ग हुन्छ।

२०४५ सालको 'भक्तपुर काण्ड' बारे विदेश तथा स्वदेशका विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार र लेखहरू, वरिष्ठ तथा युवा वकिलहरूको तर्कसङ्गत बहस एवम् विचारहरू अहिले पनि सुरक्षित छन् र अध्ययन गर्न सकिन्छ। त्यतिबेला गल्ली अनि चोकहरूमा रातदिन, हुरी बतास र वर्षाको समेत पर्वाह नगरी महिला साथीहरू जो कसैको घरभित्र पसी कुनै पनि पुरुषलाई पक्राउ गर्नबाट प्रहरी प्रशासनलाई रोक्न विद्रोहको अग्निकुण्ड बनाई प्रतिकारमा उत्रन्थे। यसरी महिला साथीहरूले गरेका प्रहरी निषेध, जागराम र विरोधका कारण अनगिन्ती कुप्रयासका बाबजुद पनि पञ्चायती सरकारले 'सानो' भनिने नेमकिपालाई सजिलै गाल्न सकेन।

।५।

यसै परिस्थितिलाई मध्यनजर गर्दै शोभा भाउजूको विशेष उपस्थितिमा वरिष्ठ अधिवक्ता आदरणीय कृष्णप्रसाद भण्डारीको रामशाह पथ, काठमाडौँस्थित निवासमा नेपालकै पहिलो महिला पत्रकार सम्मेलन गरियो। हाकुपटासीमा सजिएका कुनै पनि महिला समूह देख्ने बित्तिकै प्रहरी झस्किहाल्थ्यो। त्यो नेवारी परम्पराको पोशाकले पञ्चायती व्यवस्थाका शासकहरूलाई महिला क्रान्तिकारीको लवाइजस्तो छनक दिन्थ्यो। त्यसैले, उक्त पत्रकार सम्मेलनमा सहभागी हुन आएका हाम्रा महिला साथीहरूलाई माइतीघरदेखि प्रहरीले पछ्याइरहेको हुन्थ्यो।

उक्त पत्रकार भेटघाटमा मसहित पुरुषको सङ्ख्या सार्है न्यून थियो अन्यथा त्यस कार्यक्रम भइरहेको बैठक कक्षभित्रै प्रहरीको ठाडो हस्तक्षेप हुने बलियो सम्भावना थियो। प्रहरी प्रशासनको छेकबारको बाबजुद पनि न्यायप्रेमी महानुभावहरूको साथ, सहयोग र भक्तपुरका साहसी महिला साथीहरूको जुझारूपनले अन्ततोगत्त्वा मुलुकमा महिलाहरूको अगुवाइमा भएको प्रथम औपचारिक पत्रकार भेटघाटले राज्यस्तरबाट नेमकिपालाई निमिट्यान्न पार्न पञ्चायती सरकारले धेरै वर्षदेखिको गृहकार्यपछि रचिएको षड्यन्त्र हो भन्ने वास्तविकतालाई उजागर गर्न सफल भयो। वर्दीबिनाको प्रहरी (बोलीचाली भाषामा सीआईडी) र बाहिर उभिएका प्रहरी जवानहरूबाट कुनै प्रकारको जोरजुलुम र हस्तक्षेप हुन सकेन। 'लाटाले केरा हेरेजस्तै' मात्र भयो। धेरै पत्रिकाले यस ऐतिहासिक पत्रकार भेटघाटलाई प्राथमिकता दिएका कारण नेपाल अधिराज्यभर यो घटना महत्त्वपूर्ण समाचारको रूपमा फैलियो।

## निवासमा धेरै उच्चारण हुने शब्द 'शोभा मिस'

भाउजूले एउटी गृहिणी, दुई सन्तानकी आमा, एक शिक्षिका र 'धर्मपत्नी' को भूमिका निभाउनुहुन्थ्यो। घरमा अन्य महिलाहरू नहुँदा वा एकल परिवार भएको कारण सबैतिर आफै भ्याउनुपर्ने बाध्यता उहाँलाई थियो। राजनीतिशास्त्र, इतिहास, अर्थशास्त्र, साहित्य, भूगोल, परराष्ट्र नीति, अन्तर्राष्ट्रिय भू-राजनीतिलगायतका थुप्रै विषयवस्तुहरूमा चासो, गहिरो ज्ञान र अध्ययन भएका कारण ती विविध विषयहरूका लब्धप्रतिष्ठित व्यक्तिहरू नेमकिपाका श्रद्धेय अध्यक्षसँग भेटघाटको लागि कमलविनायक निवास आइरहनुहुन्थ्यो। आफ्नो श्रीमान् सधैँजसो अध्ययन, पार्टीको कार्य, राजनीतिक बैठक, सभा-सम्मेलन, साहित्य गोष्ठी, विभिन्न कलेज एवम् विश्वविद्यालयका प्राध्यापक तथा विदेशी कूटनीतिक आयोग उच्चपदस्थ अधिकारी तथा राजदूत, अन्य राजनीतिक पार्टीका नेताहरूसँगको भेटघाटमै व्यस्त रहने हुँदा चाहेर पनि घरेलु काममा आफूलाई सघाउन उहाँसँग समय नै हुँदैनथ्यो भन्ने कुरा भाउजूलाई राम्ररी थाहा थियो। 'अतिथि देवो भव:' भन्ने नेपाली संस्कारलाई नेवार समुदायले अझ पनि ताजै राखेको पाइन्छ। अध्यक्षज्यू पनि यसको हिमायती हुनुहुन्छ।

कहिलेकाहीँ नेवारी परम्परा र संस्कृतिको ज्ञान भएका विभिन्न जिल्लाबाट पाल्नुहुने बुद्धिजीवी तथा राजनीतिक व्यक्तित्वहरूले भेटघाटकै क्रममा आफ्नै जस्तो ठानी चियासँगै नेवारी खाजाको परिकारमध्येको एउटा योमरी खाने मनसाय व्यक्त गर्नुहुन्थ्यो। यतिखेर नम्र भाषामै 'शोभा मिस' भन्ने दुइटा शब्दको उच्चारण हुन्थ्यो। भाउजू तल झर्नेबित्तिकै "लौ न शोभा मिस साथीहरूलाई योमरीको व्यवस्था गर्नुपर्ने भो !" उक्त परिकार बनाउन भान्सा कोठामा के के खाद्य सामग्रीहरूको चाँजोपाँजो हुनुपर्छ; एक्लैले योमरी बनाउन कतिको सहज हुन्छ, हुँदैन; फेरि सँगै चिया पनि ! गृहिणीका यी व्यावहारिक घरेलु कार्यबारे सायद अध्यक्षज्यूलाई धेरै थाहा नहुन सक्छ। टाढाबाट आउनुभएका महानुभावहरूलाई स्वागत सत्कार गर्न भाउजू व्यस्तताका बाबजुद पनि सङ्कोच मान्नु हुन्नथ्यो।

प्रत्येक असल शिक्षकले विद्यालयमा भोलिपल्टको अध्यापनको लागि घरमा राम्रो तयारी गरेकै हुन्छ। शिक्षिकाको रूपमा भाउजू पनि यस्ता शैक्षिक कार्यमा व्यस्त रहिरहँदा पनि कुनै बेला सानो समूहमा भेटघाटका लागि उपस्थित हुने व्यक्तिहरूमा कोही चिनी नभएको फिका चिया, कोही दूध भएको चिया त कोही चिनी कम भएको चिया मन पराउनेहरू हुन्थे। अनि फेरि उही 'शोभा मिस' भन्ने दुई शब्दको उच्चारण हुन्थ्यो। पाहुनाहरूको परिचयसँगै चाहनाको पनि विनम्रतापूर्वक भाउजूलाई जानकारी गराइन्थ्यो। विद्यालयको पाठयोजनालाई अधुरो छोड्दै अतिथिहरूको सत्कारका लागि उहाँ भान्सा प्रवेश गरिहाल्नुहुन्थ्यो किनभने 'समझदारके लिए इशारा नै काफी थियो !"

।६।

नेवारी समाजमा मौसमअनुसार ठुला र साना नखाचखा (चाडपर्वहरू) मा विविध थरीका परिकारहरू तयार गरिन्छ। खानलाई केही समय मात्र लाग्छ तर ती परिकारहरू पकाएर तयार पार्न कम समयले भ्याउँदैन। एकदिन हामी भाउजूसँग गफिँदै थियौँ। त्यही 'शोभा मिस' भन्ने दुइटा शब्दको उच्चारण गर्दै हामी भएको ठाउँमै दाजु आउनुभयो। "भर्खरै आउनुभएका मान्यवरहरू चतामारीसँगै व खान मन पराउनुहुन्छ है शोभा मिस ?" भनेर भेटघाटको क्रम जारी राख्न उहाँ तल जानुभयो। हाम्रो रमाइलो घरेलु भलाकुसारीको एकैछिनमा खेल खतम ! पार्टीका धेरै साथीहरूलाई थाहै होला - आफ्नो ज्यानले बेजोडसँग टेको दिउञ्जेल तथा स्तन र पाठेघरको अर्बुदरोग (Cancer) बाट पीडित भइसकेपश्चात् पनि 'शोभा मिस' को यो दिनचर्याको सिलसिला यथावत नै रह्यो। रिसानी माफ- भन्न मिल्छ, मिल्दैन वा लेख्न हुन्छ, हुँदैन थाहा छैन तर यदाकदा यो निष्पाप मनमा लागिरहन्छ - मदिरा र सुर्तीजन्य वस्तु उपलब्ध नहुने सज्जन एवम् भद्रहरूको सानो नेवारी खाजाघरको भान हुन्थ्यो त्यो निवास। 'शोभा मिस' लाई आग्रह गरेपछि व, योमरी, चतामारी आदि खानेकुरा एकैछिनमा तयार हुन्थ्यो नेवारी 'न:पस' मा जस्तै !

## Altruism का साक्षात् नमुना शोभा भाउजू

१० वर्षदेखि विधुर जीवन बाँचेसँगै देकोचास्थित मेरो निवासमा विभिन्न नखाचखाको बेला हुनुपर्ने परिकारहरू बन्ने गर्दैन। आफू र आफ्ना छोराछोरीलाई व, चतामारी, योमरी, मारी (गहुँको रोटी) समेबजी तथा अन्य नेवारी परिकार खान मात्र आउँछ तर पकाउन जान्दैनौँ। धेरै चोटि यसैकारण चाउचाउ एवम् सधैँजसो खाने सामान्य खानासँगै ती धार्मिक तथा परम्परागत उत्सवहरू मनायौँ। त: दिन वा सिति नखाको बेला हरेक नेवार



**छोराहरू सुवेग र सुवानसँग शोभा प्रधान**

परिवारमा चतामारी, व, समेबजी तथा मासुका विभिन्न परिकार तयार भएकै हुन्छ। गाईजात्राको बेला क्वाटी, रोटी र योमरी पुन्हीको समयमा प्रत्येक परिवारमा कुरौनी, मासु, चाकु, मास र मुसुरो भरिएको योमरी बनाइएको हुन्छ। मासुका विभिन्न परिकार, अचार, फलफूल तथा दही सबैखाले नखाचखामा हुनैपर्छ। हाम्रो अवस्थालाई बुझेर हरेक वर्ष सम्भव नभए पनि कहिलेकाहीँ ससुराली, दिदी, भाउजू, भाञ्जी र बुहारीहरूले नखाचखाअनुसारका परिकारहरू घरमा ल्याइदिनुहुन्थ्यो। घर सम्हाल्ने गृहिणी नहुँदाको पीडा यहीँबेला फेरि बल्झिन्छ। अनि, स्वर सम्राट नारायण गोपालको यो कालजयी गीतले झस्काइदिन्छ -

*एउटा मान्छेको मायाले कति*
*फरक पर्दछ जिन्दगीमा*
*एउटा साथीको साथले पनि*
*फरक पर्दछ जिउनुमा*

कब्जियत (Constipation) को समस्याले घरिघरि सताइरहने हुँदा चिकित्सकले बेलाबखत बेलुकी रोटी खानु र रोटी उपलब्ध नभएको हकमा सुत्नुअघि १५-२० मिनेट हिँड्डुल गर्न Evening walk (साँझको हिँड्डुल) सुझाएका थिए। जीवन सङ्गिनीले कहिल्यै नफर्किने गरी आफूलाई एक्लै छाडी गएदेखि रोटी खाने अवसर गुमेपछि हरेक साँझ सुत्नुअघि Evening walk लाई नित्यकर्म बनाएँ र हालसम्म कायमै छ। Evening walk ले पेटको आन्द्रालाई खुम्चिनबाट रोक्ने काम गर्छ। आन्द्रा फुलेपछि कब्जियतको समस्यामा सुधार हुने गर्छ।

घरमा एकचोटि म एक्लै भएको थाहा पाएपछि भाउजूले खानाको लागि बोलाउनुभयो। भोजन गर्दैगर्दा यसअघि कहिल्यै नचाखेको ट्वाक्क परेको हरियो रङ्गको मीठो अचारबारे भाउजूलाई सोधेँ। त्यो त सुवेग (भाउजूको जेठो सुपुत्र) ले जापानबाट ल्याएको हरियो खोर्सानीको अचार पो रहेछ ! त्यो अचार मलाई औधी मन परेको भाउजूलाई थाहा भयो। केही दिनपछि सानो सीसीमा त्यस्तै अचार मकहाँ पठाइदिनुभयो। स्वाद त्यस्तै ट्वाक्क र मीठो तर सीसीमा टाँस गरिएको कागजले प्रस्ट भन्थ्यो। त्यो जापानमा बनेको अचार अवश्य होइन। त्यसको रहस्य जान्ने कौतूहललाई मैले काबुमा राख्न नसकेपछि ढिलो नगरिकन फोनबाट सोधनी गर्दा भाउजू आफैले तयार गरेको जापानिज अचार रहेछ; म त तीनछक्क परेँ ! मेसो मिलाई आउने बेला मलाई असाध्यै मनपर्ने त्यो जापानिज आचार बनाउन सिकाइदिने वाचाअनुरूप म भाउजूलाई भेट्न गएँ, अनि राम्ररी सिकेँ। उहाँको कृपाप्रति म नतमस्तक भएँ। यो मीठो क्षण उहाँले स्तन क्यान्सरमाथि विजय हासिल गर्नुभएपछिको हो। कमजोर आर्थिक अवस्थाका कारण हाम्रोजस्तो दलाल पुँजीवादी देशमा सर्वसाधारण जनतालाई औषधोपचार एउटा ठुलो 'अभिशाप' भइरहेको यथार्थलाई वागीश्वरी स्कूलका प्रावि शिक्षिका शोभा प्रधानले राम्ररी बोध गर्नुभएको थियो। त्यसकारण, सोही विद्यालयको शिक्षक-कर्मचारी स्वास्थ्य उपचार कोष खडा गरी त्यसमा धेरै नसके पनि उहाँले आफ्नो गच्छेअनुसार रु.२,००,०००।- (दुई लाख) को सहयोग गर्नुभएको मलाई थाहा छ।

।७।

मेरो घरेलु दुर्दसासँग परिचित शोभा भाउजूले नखाचखाको बेला कमलविनायकमै सँगै मनाउन बोलाउनुहुन्थ्यो। तर, उहाँलाई दु:ख दिन हाम्रो मनले पनि मान्दैनथ्यो। मेरो परिवारलाई झन्झट नहोस् भन्ने पवित्र मनले तिहारको म्हा पूजा पनि उतै मनाउन धेरैपटक भन्नुभयो। तर, चार जनाको हाम्रो परिवारमा तीन जना छोराछोरीबिचको सल्लाहले 'जेठी माँ' लाई दु:ख दिनु ठीक ठानेनन्। यद्यपि, समयले साथ दिएको बखत विद्यालय सकाएर प्राय: शुक्रबारका दिन देकोचामा आउनुभई हामी चार जनालाई पुग्ने गरी स्वारीजस्तो रोटी बनाएर जानुहुन्थ्यो। एकदिन अगावै समयको महत्त्वलाई ख्यालमा राखी रोटी बनाउन आवश्यक सामग्री ठिक्क पारी राख्न पूर्वजानकारी दिनुहुन्थ्यो। अनि, अर्को शुक्रबारको पर्खाइमा बस्ने बानी बस्यो। कुनै कुनै शुक्रबारले हामीलाई झुक्याई पनि दिन्थ्यो। लामो समयपछि पनि धेरैवटा शुक्रबारले खाली हात हल्लाई गएपश्चात् मेरा छोराछोरीका जेठीमाँको उपस्थिति देकोचामा नहुँदा मनमा अनेक कुरा खेल्न थाले। बुझ्दा स्तनपछि पाठेघरको अर्बुद रोगसँगको सङ्घर्षमा जेठीमाँ अति व्यस्त हुनुभएको थाहा पायौँ। सबै जना दु:खी भयौँ। तैपनि, जेठीमाँसँग नानीहरूको र भाउजूसँग मेरो भेट भइरहन्थ्यो। रोगले उहाँलाई बेस्सरी चिमोट्न थालेदेखि देकोचामा गहुँको रोटी पनि पाक्न छोड्यो। आफ्नो स्वास्थ्यको ख्याल गर्दै कब्जियतबाट बच्न पुन: Evening walk सुरु गरेँ। घरको जस्तो नभए पनि कहिलेकाहीँ विद्यालयको चमेनागृहमा पकाएको रोटी किनेर घर लाने गर्छु।

## "अरूभन्दा नि मलाई दाइको सार्है पिर लाग्छ"

हाम्रो समाजमा अझै पनि पत्नीले आफ्नो पतिको नाम उच्चारण गर्न हुँदैन भन्ने कथन छ। सायद त्यसैले होला, गाउँघरतिर श्रीमतीले आफ्नो श्रीमान्लाई बोलाउँदा 'ए ! सानीका बा', 'ए ! बुढा', 'ए ! हजुर यता सन्नुस त' भन्ने गर्छन्। आफूलाई पश्चिमी संसारको अत्याधुनिक वातावरणबाट प्रभावित भएजस्तो गरी देखाउनका लागि अचेल श्रीमतीले आफ्नो श्रीमान्लाई 'Hi, handsome' र श्रीमान्ले आफ्नी श्रीमतीलाई 'Hi baby' भनेर बोलाउने नयाँ चलनका बारे धेरैलाई थाहा छ। तर, नेमकिपाका अध्यक्षले आफ्नी श्रीमतीलाई 'शोभा मिस' र शोभा प्रधानजीले आफ्नो श्रीमान् (अध्यक्ष) लाई 'दाइ' भनेर सम्बोधन गर्नुहुन्थ्यो।

पाटनको हरिसिद्धिस्थित Nepal Cancer Hospital and Research Centre मा शोभा भाउजूको औषधोपचार हुँदै थियो। उहाँको अवस्था जटिल भएको जानकारी दिइयो। अस्पतालको विभिन्न कक्ष र चउर आफन्तजन, शुभचिन्तक र पार्टीका साथीहरूले भरिएका थिए। उपस्थित सबैको अनुहार मलिन थियो। आफ्नी माइजूको कष्टकर अवस्थाको खबरले अस्पताल पुगेका बेचैन भान्जा राजन फाजूलाई अध्यक्षज्यूले "आजको 'मजदुर' मा प्रकाशित तिम्रो रचना हेर्न पाएको छैन; हेरेपछि प्रतिक्रिया दिउँला है !" भनेको सुनेपछि भान्जा बाबूलाई आफ्नो मामाप्रतिको विद्यमान सम्मान, आदर, मानभाउ र प्रतिष्ठाको उचाइ झनै बढेको अनुभूति भएछ। भोलिपल्ट उनले मसँग गर्वसाथ उनको भावना साझा गरे। यस्तो घनघोर छटपटिको अवस्था र आफू स्वयम् पनि हृदयविदारक क्षणमा हुँदा समेत नयाँ लेख- रचना सृजना गर्ने, नयाँ पुस्ताका युवालाई बौद्धिक क्षेत्रमा लाग्न अभिप्रेरित गर्ने, आफ्नो मामाको सुन्दर बानी, हरबखत अध्ययनमै तल्लीन, पार्टीको काम, कार्यकर्ता र कार्यक्रमबारे अस्पतालमा सन्नाटाले छाएको बेला पनि चिन्ता ! भान्जा बाबूलाई आफ्नो मामाप्रति यी विषयमा निकै गर्व अनुभूत भएछ।

सुनेअनुसार बिरामीको छटपटाहट र पीडा न्यून गर्न अन्तिम अवस्थामा दिइने High dose को Pain killer (दुखाइ कम गर्ने कडा सुइ) को बारे भाउजूलाई थाहा भइसकेपछि भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीसँगको अन्तिम भेटमा उहाँलाई भाउजू शोभा प्रधानले 'दाइ' को सार्है पिर लाग्ने कुरा बताउनुभएको रहेछ। नेमकिपाका आदरणीय अध्यक्षलाई कुन बेला के वस्तुको खाँचो हुन्छ; उहाँको कुन वस्त्र कहाँ छ; आफ्नो श्रीमान्लाई भन्दा पनि नेमकिपाको सही नेतृत्व गर्दै आउनुभएका इमानदार र स्वच्छ छविका स्वाभिमानी अध्यक्षलाई सादा भोजन खाने भए पनि कुन बेला के नास्ता र खानाको आवश्यकता हुन्छ; यी सम्पूर्ण घरायसी कुराहरू शोभा भाउजूलाई मात्र थाहा थियो। आफ्नो स्वअध्ययन, राजनीतिक काम, कर्तव्य र पार्टीको क्रियाकलापसँगसँगै घरेलु कामकारबाहीमा पनि अध्यक्षज्यू पूर्णतया आफूमा निर्भर हुनुहुन्छ भन्ने बुझेर नै अन्तिम क्षणमा पनि शोभा भाउजूले एउटै मात्र पिर बोकेर भन्नुभएको थियो, "अरूभन्दा नि मलाई दाइको सार्है पिर लाग्छ !"

# "पुस्तक चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँखीझ्याल बन्ने पूर्ण विश्वास छ"

चिठी पढ्न मन नपराउने विरलै मात्र होला । आफूलाई प्राप्त चिठी पढ्न मान्छेलाई अरू कुरामा भन्दा बढी हतारो, कौतूहलता र जाँगर बढी नै हुन्छ । अरु कसैको गोप्य चिठी पढ्न पाए मान्छेले अमृत भेटाएझैँ मौका छोपिहाल्छ । त्यस्तै, सौभाग्य आजभन्दा १३-१४ वर्ष अगाडि प्राप्त भयो । सामान्य कागजमा निलो मसीले लेखिएका चिठीहरूको मुट्ठा हात पर्‍यो । ती स्नेहपूर्वक चिठी घर लगी आँखा झिमिक्कसमेत नगरी शब्द-शब्द केलाउन थालेको स्मरण अझै ताजा छ । आजसम्म द्रुतगतिमा पढिएका रचनाहरूमध्ये ती चिठी नै हुन् भन्नु अतिशयुक्ति नहोला ! अन्तिम चिठी छिचोलिसकेपछि मनले मिठासपूर्वक भन्यो - 'यी चिठी धेरैले पढ्ने सौभाग्य पाउनैपर्छ । यी चिठीलाई गोप्यताको जामाले बेरिराख्नु अन्याय हुनेछ ।' चिठी फिर्ता गर्दै श्रद्धेय अध्यक्षसमक्ष प्रस्ताव राखियो - 'सबै चिठी, कुनै पनि नछुटाई पुस्तकाकार रूप दिन ढिलाइ नगरौँ ।' अझै याद छ, अध्यक्ष रोहितले भन्नुभएका शब्द, "नरेन्द्रजी र इन्दिराले धेरै जोड दिइराख्नुभएको छ ।" नभन्दै 'जेलका चिठीहरू' शीर्षकमा पुस्तक प्रकाशित भयो - २०६९ भदौमा अर्थात् चिठी लेखिएको करिब २५ वर्षपछि । यसरी गोप्य भनी लेखिएका र लुकाई राखिएका चिठीहरू सार्वजनिक सम्पत्ति बन्यो । यी चिठीका पाठक केवल एकैजना थिइन् आदरणीय शोभा भाउजू । आज यी चिठी हजारौँले पढिसकेका छन् । फरक यति हो चिठीकी नायिका हामीसमक्ष भौतिकरूपमा हुनुहुन्न ।



सुरेन्द्रराज गोसाई

'जेलका चिठीहरू' पुस्तक सामान्य पाठकदेखि प्रबुद्ध व्यक्तित्वहरूले पनि रुचाउनुभयो । महत्त्वपूर्ण प्रतिक्रिया प्राप्त भयो । ठाउँ-ठाउँमा परिचर्चा कार्यक्रमहरू भए । प्रत्येक पाठकले आफ्नै निम्ति लेखिएको अनुभूत गरे । कला-संस्कृति, सभ्यता, इतिहास, समाज र जीवन दर्शनबारे अध्यक्षज्यूका विचार बुझ्ने पाठकले अवसर पाए । सबैभन्दा आश्चर्यको विषय त उहाँले अत्यन्त कठोर यातनाबिच कसरी सुन्दर विचार व्यक्त गर्ने शक्ति राख्नुभयो, कडा निगरानीबिच कसरी चिठी लेख्ने र हातमा पुर्‍याउने प्रबन्ध मिलाउनुभयो, आफ्नै कामरेडहरूको असह्य यातनापश्चात्को चित्कारबिच सुन्दर आशा तथा उज्यालो भविष्यबारे कसरी चिन्तन गर्न सक्नुभयो, अँध्यारो कोठामा बसेर सौन्दर्यचेतबारे कसरी छलफल गर्न सक्नुभयो, जेलका फलामे बारको कुनै परवाह नगरी विचारले ओतप्रोत आत्मीय भावना जीवनसङ्गीनीसम्म पुर्‍याउन सक्ने कस्तो बलियो मन ! कस्तो प्रेमिल मन ! यी र यस्ता प्रश्नले पाठकको हृदय झङ्कृत अवश्य गर्छन् । यी चिठीमार्फत हाम्रा अध्यक्ष्यज्यूको बेग्लै व्यक्तित्वसँग साक्षात्कार हुनेछ र शोभा भाउजूको समर्पित मन झन् नजिकबाट अनुभूत गर्न पाउनेछ ।



नेपाली भाषाबाट 'जेलका चिठीहरू' प्रकाशित भएको १२ वर्षपछि अङ्ग्रेजी भाषामा प्रकाशित भयो 'Letters From Jail' को नाममा । यी चिठीहरूले थप चमक पाएको धेरैले अनुभव गरे । थप व्यापकता पाएकोमा धेरैले खुसी व्यक्त गरे । Letters From Jail प्रबुद्ध पाठकहरूसमक्ष पुर्‍याउने क्रममा गत वर्षको भदौतिर काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरमा पुगियो । डिरेक्टर डा. लि र नेपाली साथीहरूसँग भेटघाट एवम् कुराकानी भयो । त्यही बैठकमा यस पुस्तक चिनियाँ भाषामा अनुवाद नगरेसम्म अधुरो रहने मनसाय चिनियाँ मित्रहरूले राख्नुभयो । हाम्रो मनकै कुरा बुझेर भन्नुभएको अनुभव भयो । काम सुरु भयो । मिस चाङ र मित्र प्रणयको निरन्तरको प्रयासपश्चात् अनुवाद तयार भयो । सम्पादन कार्य पनि चाँडै सकाउनुभयो । विशेष आभार डा. लि, अनुवादकद्वय प्रणय र चाङप्रति । यसै विद्यालका चिनियाँ भाषा शिक्षिकाद्वय राजमती र आशमतीलाई सहयोगका लागि आभार । अन्य सहयोगी मित्रहरूलाई पनि धन्यवाद छ ।

आशा छ, चिनियाँ पाठकहरूले अभिरुचिपूर्वक पढ्नुहुनेछ र प्रतिक्रिया दिएर सहयोग गर्नुहुनेछ । चिनियाँ मित्रहरूका निम्ति नेपाल र नेपाली संस्कृति एवम् समाज हेर्ने एउटा आँखीझ्याल बन्ने पूर्ण विश्वास छ । यो पुस्तक नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध थप प्रगाढ बनाउने महत्त्वपूर्ण कृति साबित हुने विश्वास छ । चिनियाँ साहित्य नेपाली र अङ्ग्रेजी भाषामा पढ्ने अवसर पाएर नेपाली साहित्यानुरागीहरू खुसी भएझैँ नेपाली साहित्य चिनियाँ भाषामा पढ्न पाउँदा चिनियाँ पाठक मित्रहरू हर्षित हुनुहुने विश्वास छ । यस पुस्तकमा रहेका कमीकमजोरी अर्को प्रकाशनमा हटाइने वचनबद्धता पनि व्यक्त गर्दछु ।

आगामी दिनमा पनि काठमाडौँ विश्वविद्यालय कन्फुसियस सेन्टरसँग सहकार्य जारी रहने विश्वास छ । यस पुस्तकलाई यस विद्यालयबाट दोस्रो प्रकाशनको रूपमा प्रकाशित गर्ने अनुमति दिनुभएकोमा आदरणीय लेखक तथा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) प्रति आभार व्यक्त गर्दछु ।

***(उक्त विचार वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले बाल विकास स्कूलद्वारा आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिठीहरू' सार्वजनिकीकरण कार्यक्रममा राख्नुभएको मन्तव्यको सार सङ्क्षेप)***

# प्रदेश आम्दानीको स्रोत र आत्मनिर्भरताको प्रश्न जहाँको तहीँ

यो बजेट विनियोजनमा नेपाल मजदुर किसान पार्टीको सैद्धान्तिक विमति हो । हामीले त्यसकारण समग्र बजेटप्रति असहमति स्वरूप साङ्केतिक रूपमा केही मन्त्रालयमा खर्च कटौतीको प्रस्ताव राखेका हौँ । सदनमा चर्चा भयो "संस्कृति" प्राथमिकताबाट नै हराएछ । भाषा, कला, संस्कृति र सभ्यता प्राथमिकताको विषय या विचार हामीले बरोबर राख्यौँ । बागमती प्रज्ञा प्रतिष्ठान, प्रदेश सांस्कृतिक प्रतिष्ठानको प्रस्ताव मात्र होइन भक्तपुर जस्तो सांस्कृतिक पुरातात्त्विक महत्त्वका सहरलाई सांस्कृतिक नगर घोषणाको माग पनि पटकपटक राख्यौँ । प्रदेश सरकारको दृष्टि त्यता पुग्दै पुगेन ।

उद्योग, पूर्वाधार, कृषिलगायतका मन्त्रालयहरू उत्पादन केन्द्रित नभएको र आत्मनिर्भरता केन्द्रित नभएकोमा हाम्रो विरोध हो । ती मन्त्रालय प्राथमिकता र उद्देश्यमा समेत चुकेकोमा हाम्रो आपत्ति हो । कृषि तथा खाद्य उत्पादनमा हामी कति परनिर्भर छौँ, हामी अवगत नै छौँ । खाने तेलमा परनिर्भर छौँ, हाम्रै प्रदेशको ऐतिहासिक नगरी खोकना बुङ्गमति तोरीको तेलमा प्रसिद्ध थियो । आज त्यो तोरी क्यानडा र अस्ट्रेलियाबाट समेत आयात गर्छौं । अन्य प्याकेट तेल भारतबाट आउँछ । मकैमा आत्मनिर्भर हुन सक्ने हाम्रो देश मकैको तेल पनि आयात गर्छ । मकै या पपकर्न अर्जेन्टिनाबाट ल्याउँछ । गहुँ युक्रेन र रुसबाट, दाल, चामल, गेडागुडी भारत र तेस्रो मुलुकबाट आयात हुन्छ । परनिर्भरताको सानो दृष्टान्त मात्र हो यो । कम्तीमा दैनिक उपभोग्य वस्तु उत्पादनलाई उद्योगसँग जोड्नुपर्ने होइन र ? आफ्नै उत्पादनबिना आत्मनिर्भरता असम्भव छ । दिगो विकास त सम्भव नै छैन । यसरी हाम्रा सम्भावनाहरूमा बजेट विनियोजन नभई अनुत्पादक क्षेत्रमा बजेट टुक्रा टुक्रामा बाँडिनु गलत हो । यसमा हाम्रो विरोध हो । यो बजेटप्रति विश्वास र भरोसा गर्न मिल्ने आधार नै नभएकोले हाम्रो असहमति छ । र यो बजेट अर्थमन्त्रीले भन्नुभएझैँ विकासको धार नै परिवर्तन गर्ने, कायापलट नै गर्ने खालको पटक्कै छैन । मुख्यमन्त्रीले भन्नुभएझैँ जनमुखी, गरिबमुखी र उत्पादनमुखी पनि होइन । यो झुट र भ्रम नफैलाउन आग्रहसहित खर्च कटौतीको प्रस्ताव पेश गर्दछु ।



सृजना सैंजू

### प्रदेश कर तथा आम्दानीको व्यवस्थामाथि छलफल

केन्द्र सरकारले अप्रगतिशील या प्रतिगामी कर नीति ल्यायो । त्यसको रिफ्लेक्सन अर्थात् परावर्तन प्रदेश सरकारहरूमा पर्नु अस्वाभाविक होइन । किनभने सङ्घीय व्यवस्थाको नौ वर्षमा कर नीति स्वायत्त र विकेन्द्रित हुन सकेको छैन ।

अधिकतम वार्षिक आम्दानी ४० लाखभन्दा माथि गर्ने व्यक्तिको ट्याक्स स्ल्याव ३९ प्रतिशतबाट २९ प्रतिशतमा घटाइनु कर प्रणालीमा अप्रगतिशीलताको उदाहरण हो । गरिबको बिजुलीमा ५ प्रतिशत भ्याट, शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता शुल्क या करको विरोध नेपाल मजदुर किसान पार्टीले सुरुदेखि नै गर्‍यो । बागमती प्रदेशले व्यवहारबाट यो कर व्यवस्थाको विरोध गरोस् भन्ने हामीले माग गर्यौं । जिरामा कर हिरामा छुट, नुनमा कर सुनमा छुट, पानीमा कर मदिरामा छुट को असामाजिक व्यवहार यता नदेखाओस् भन्ने कामना गर्यौं । किसानको हकमा २ करोड माथिको लगानी गर्नेलाई मात्र अनुदान र कर छुटको किसानमारा व्यवहार यहाँ नदेखाओस् भन्ने कामना गर्‍यौं । तर, त्यसो भएन । यहाँ माथि जस्तै अर्थमन्त्रीज्यूले आर्थिक विधेयकका पन्नाहरू च्यात्नु भएन बस् बाँकी लय त्यही हो । यता कृषि आयकर दोहोर्‍याइयो । किसानमाथि करको भार थप्ने कि सहुलियत दिने ? किसानलाई उत्पादनको वातावरण, सिँचाई, मल, बिउ प्रदान गर्नुपर्ने कि करले डाम्नुपर्ने ? आजका अर्थमन्त्रीले हिजो प्रतिपक्षमा रहँदा यो कृषि कर किसानमारा छ भनेर चर्को विरोध गर्नुभएको मलाई स्मरण छ । कृषिमन्त्रीले हिजो जवाफ दिनुभयो – "रासायनिक मल कारखाना प्रदेशले स्थापना गर्ने होइन ।" के गर्ने त किसानका लागि प्रदेशले ? आश्वासनमा ८ – ९ वर्ष त बितिसक्यो । प्राङ्गारिक मल कारखानाको कार्यान्वयन पनि नारा र कागज मै सीमित छ ।

उत्पादन रोकेर प्रदेश आम्दानीको स्रोत सबै घरजग्गा कारोबार, गिटी बालुवा, दहत्तर बहत्तर जस्ता प्राकृतिक स्रोतको दोहनलाई बढाउने प्रदेशको कर व्यवस्था गलत छ । कर छुटको व्यवस्था ढुकुटी कमजोर बनाउने खेल नै हो । यतातिर प्रदेश सरकार नीतिगत रूपमै किन यति खुकुलो ? प्रश्न उठिरहेको छ ।

प्रदेशले आम्दानीको स्रोत या दायरा उत्पादन, ससाना उद्योग, साना विद्युत उत्पादन, पर्यटन र सेवा क्षेत्रबाट खोज्नुपर्छ । विदेशी विलासिताका सामानमा कर, स्वदेशमै भएका वस्तुलाई प्राथमिकता र आयातित वस्तुमाथि करको दायरा विकास मननीय छ ।

*(वाग्मती प्रदेश सभा सदस्य सृजना सैंजूले प्रदेशसभाको बजेट अधिवेशन २०८३ का क्रममा गत असार २० गते खर्च कटौती र प्रदेश कर विध्ययेकमाथि छलफलमा राख्नुभएको विचारको सम्पादित अंश)*

# ऐतिहासिक भ्रष्टाचार विरोधी सङ्घर्षको संस्मरण कार्यक्रम

भक्तपुर । "भ्रष्टाचार गर्नु भनेको आर्थिक अनियमितता मात्र होइन कसैले जिम्मेवार पदमा रहँदा गलत निर्णय गरी जनताको सेवा नगर्ने खालका निर्णयहरू गरी अकुत सम्पत्ति कमाउनु हो । पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँको रूपमा रहन्छ । वर्तमान सरकार पनि पुँजीवादी व्यवस्थाको निरन्तरता हो । यस कुरामा सबै जनता सचेत हुनुपर्ने आजको आवश्यकता हो ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टी सानो ब्यासी एकाइ समितिद्वारा आयोजित २०२५ साउन २ र २०२६ असार १९ गते भक्तपुरका अग्रज किसान कार्यकर्ताहरूले गरेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा आयोजित प्रवचन कार्यक्रममा साउन ७ गते नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले व्यक्त गर्नुभएको हो ।

समाजमा चन्दामात्र धेरै दिनेलाई समाजसेवीको संज्ञा दिनु गलत संस्कार भएको र त्यस्ता व्यक्तिहरूको आर्थिक स्रोत भ्रष्टाचार गरेर कमाएको हुन सक्ने भएकोले स्रोतको खोजी गरी सोको छानबिन हुनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।

उहाँले रास्वपा पार्टी भ्रष्टाचारको काण्डै काण्डमा परेका नेताहरूको जमात रहेको र सुशासनको नाउँमा कुशासन गरिरहेको उदाहरण सरकारले वैदेशिक ऋण लिएर जनताको थाप्लोमा ऋणको भार थपेबाट स्पष्ट हुने जिकिर गर्नुभयो ।

युवा विद्यार्थीहरूले सही राजनीतिको लागि अध्ययनलाई जोड दिनुपर्ने औचित्यतामाथि पनि उहाँले स्पष्ट पार्नुभयो । भक्तपुर नगरपालिकाले देकोमिवा जग्गा एकीकरण आयोजनाबाट पीडित जनताको मागलाई सही सम्बोधन गरिरहेको र सामाजिक सञ्जालमा फैलाइरहेको भ्रमहरू साँचो नभएको कुरा स्पष्ट पार्दै उहाँले देशको परिवर्तनको लागि राजनीतिक रूपमा सचेत भई सही विचारहरूको उपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा समितिका सदस्य पवनकृष्ण सुवालले स्लाइड प्रस्तुतिसहित भ्रष्टाचारका विभिन्न रूपहरूमध्ये राजनीतिक भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, सहकारी तथा वित्तीय क्षेत्रको भ्रष्टाचार, सार्वजनिक ठेक्का तथा विकास आयोजना भ्रष्टाचारबारे जानकारी दिनुभई २०२५ साउन २ र असार १९को भ्रष्टाचारविरोधी आन्दोलनका कारणहरूबारे बताउनुभएको थियो ।

सो कार्यक्रममा समितिका अध्यक्ष सरोज दथेपुथेको सभापतित्वमा भएको थियो ।

**काठमाडौं...**

नगर प्रमुख प्रजापतिले भक्तपुरमा सामुदायिक र संस्थागत विद्यालयबिच कुनै विभेद नराखी समान अवसर प्रदान गरिएको उल्लेख गर्दै नगरपालिका देशमै पहिलोपटक आफ्नै कलेज सञ्चालन गर्ने स्थानीय तह बनेको सन्दर्भबारे पनि उल्लेख गर्नुभयो ।

उहाँले उच्च शिक्षालाई प्रोत्साहन गर्न शैक्षिक ऋणको व्यवस्था गरिएको तथा इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्रलगायतका विषय अध्ययन गर्ने नगरवासी विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षणसँगै नगरको मौलिक पहिचान जोगाउँदै विकासको काम अघि बढाइएको उहाँले गर्नुभयो । उहाँले सम्पदा र विकासलाई सँगसँगै अघि बढाउने भक्तपुरको अभ्यास नै नगरको विशिष्ट परिचय बनेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले उत्तर कोरियाको विकास र समृद्धि आफूले प्रत्यक्ष रूपमा अवलोकन गर्ने अवसर पाएको उल्लेख गर्दै उत्तर कोरियालाई सुन्दर र व्यवस्थित देशको रूपमा चित्रण गर्नुभयो ।

उहाँले उत्तर कोरियामा बालबालिकाको शिक्षालाई विशेष प्राथमिकता दिइएको, त्यहाँका बालदरबार (किन्डरगार्टेन) अध्ययनयोग्य रहेको तथा प्रत्येक नागरिकको लागि खेलकुदलाई अनिवार्य बनाइएको बताउनुभयो ।

सांसद गोसाईंले भक्तपुरको विकास पनि लामो सङ्घर्ष, स्पष्ट दृष्टिकोण र जनसहभागिताको परिणाम भएको उल्लेख गर्दै बुद्धिजीवी, सम्पदाप्रेमी, भाषाप्रेमी तथा आम जनताको सहयोगका कारण आजको उपलब्धि सम्भव भएको बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय स्थापनाको प्रयास राजनीतिक पूर्वाग्रहका कारण अघि बढ्न नसकेको उल्लेख गर्दै ख्वप विश्वविद्यालय स्थापनाले भक्तपुरको शैक्षिक तथा बौद्धिक विकासले अझ नयाँ उचाइ हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले टोलीलाई स्वागत गर्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले भूकम्पीय इन्जिनियरिङ र सहरी डिजाइन र सम्पदा संरक्षणजस्ता विषयहरू अध्ययन र अध्यापन गराउँदै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तारालाल श्रेष्ठले भक्तपुरको अध्ययन तथा अनुसन्धान गर्ने क्रममा आफूहरू यहाँ आएको बताउँदै विदेशी सहयोगबिना भूकम्पबाट क्षतिग्रस्त सम्पदाको पुनर्निर्माण गरेको कार्य अनुकरणीय रहेको बताउनुभयो ।

उहाँले भक्तपुरको विकास मोडेलबाट आफूहरू निकै प्रभावित भएको उल्लेख गर्दै यसलाई नजिकबाट बुझ्न र अध्ययन गर्न भक्तपुर अध्ययन भ्रमणमा आफूहरू आएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगरको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, पुराना र नयाँ बस्तीको योजनाबद्ध विकास, सम्पदा संरक्षण तथा नगरले अवलम्बन गरेका विकासका अभ्यासबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा सहभागी बुद्धिजीवी र संस्कृतिविद्हरूले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको शैक्षिक ऋण कार्यक्रम, त्यसको कार्यविधि, लाभग्राही छनोट प्रक्रिया तथा प्रभावकारिताबारे जिज्ञासा राख्नुभएको थियो ।

त्यसैगरी उपभोक्ता अधिकारको संरक्षण तथा बजार अनुगमन कसरी प्रभावकारी रूपमा सञ्चालन गरिएको छ भन्ने विषय र शिक्षा क्षेत्रसँग सम्बन्धित पाठ्यक्रम समयानुकूल परिमार्जन र अद्यावधिक गर्ने विषयमा पनि छलफल भएको थियो ।

भक्तपुरलाई 'मानवताको सहर' को रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ प्रभावकारी ढङ्गले चिनाउनुपर्ने सुझाव दिँदै उहाँहरूले भक्तपुरको कला, संस्कृति र सम्पदाले नै नगरको पहिचान निर्माण गरेको धारणा व्यक्त गर्नुभयो ।

नेपालभाषाको लिपि संरक्षण र प्रवर्द्धनमा थप जोड दिनुपर्ने, भाषा र लिपिको संरक्षणले सांस्कृतिक पहिचानलाई अझ सुदृढ बनाउने बताउँदै उहाँहरूले भक्तपुरले नेपालको कला, संस्कृति, सम्पदा र सभ्यताको पहिचान जोगाउन त्यसको संरक्षण र प्रवर्द्धनलाई निरन्तरता दिनुपर्ने सुझाव दिनुभएको थियो ।

नगर प्रमुख सुनील प्रजापतिले उपस्थित बुद्धिजीवी, संस्कृतिकर्मी तथा सम्पदाप्रेमीहरूलाई भक्तपुर नगरपालिकाद्वारा प्रकाशित विभिन्न पुस्तक तथा प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

उक्त टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको निरीक्षण तथा अवलोकन भ्रमण गरी त्यहाँ सञ्चालन भइरहेको शैक्षिक, स्वास्थ्य तथा प्राविधिक सेवाबारे जानकारी लिएको थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तारालाल श्रेष्ठसहित, अभियन्ता सुमन सायमी, राकेश कायस्थ, रवीन्द्रकुमार श्रेष्ठ, राजमान मानव, सामाजिक अभियन्ता तथा लेखक गौरी नेपाली, प्राध्यापक रवि महर्जन, समाजसेवी रामकुमार श्रेष्ठलगायत ३० जनाको उपस्थिति थियो ।


## बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


# सम्भाषण : रोहितको 'जेलका चिट्ठीहरू'




**तारालाल श्रेष्ठ**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष रोहितको साहित्य, संस्कृति र राजनीतिमिश्रित कृतिका बारेमा मलाई एघार महिनाअघि जानकारी भयो । रोहितको सङ्घर्षपूर्ण जीवन र उहाँको कृतिसँग परिचित भएको एक वर्ष पनि पुगेको छैन । यो निकै ढिलो भयो । यो मेरो गल्ती हो ।

सन् २०१० मा विद्यावारिधि अध्ययन पूरा गरेपछि प्रतिष्ठाको खोजीमा बुर्जुवावृत्तमै बढी समय बिताएँ, सायद । मैले रोहितलाई औसत राजनीतिज्ञको रूपमा मात्र देखेँ । उहाँको अगुवाइमा अनवरत जारी भक्तपुरको इतिहासलाई देख्दै देखिनँ । समकालीन भक्तपुर विकासको नमुनालाई पनि नजरअन्दाज गरेँ । जुन विकासका नमुनाको परिकल्पनाकार रोहित हुनुहुन्छ उहाँको सन् २०१५ मा प्रकाशित 'सय वर्षपछिको भक्तपुर' किताबलाई भनपाले मार्गनिर्देश गरिरहेको विषयबारे पनि भर्खरै मात्र थाहा पाएँ ।

त्रिभुवन विश्वविद्यालयको जीवनी लेखन पाठ्यक्रम पुन:निर्माण गर्ने क्रममा रोहितको 'लेटर फ्रम जेल' (सन् २०२५) प्रकाशित भएको थाहा भयो । जबकि 'जेलका चिट्ठीहरू' किताब नेपालीमा सन् २०१२ मै प्रकाशित भएको रहेछ । मलाई यसबारे जानकारी थिएन । विद्यावारिधिपश्चात् मेरो अध्ययन नेपाल र दक्षिण एसियाली साहित्यिक क्षेत्रमै समर्पित रह्यो । रोहितका कुनै पनि किताबका बारेमा मलाई जानकारी भएन । बुर्जुवा सार्वजनिक वृत्तले उहाँका कृतिहरू अदृश्य बनाइदियो । अथवा म आफैँ सबाल्टर्नको सार्वजनिक वृत्तसम्म फैलन असफल भएँ । यो मेरो गल्ती थियो ।

धेरैले रोहितलाई साँघुरो राजनीतिक रङ्गले हेर्छन्, त्यसरी नै चिन्छन् । मैले पनि रोहितलाई सतही रूपमा मात्र चिनेको रहेछु, हाम्रो भेटघाट पनि भएको थिएन । यथार्थमा मैले रोहितलाई चिनेकै थिइनँ । उहाँको राजनीतिक व्यक्तित्वभित्र बाँचेको साहित्यिक-सांस्कृतिक सौन्दर्यचेतसँग जोडिएका कृतिहरू मेरो लागि अदृश्य रह्यो । उहाँका साहित्यिक कृतिहरूसँग म पूरै अनभिज्ञ थिएँ । मेरो प्राज्ञिक वृत्तसँग जोडिएका प्राध्यापक, लेखक, बुद्धिजीवी, अभियन्ता कसैले पनि उहाँका कृतिका बारेमा कहिल्यै कुरा गरेको मलाई याद छैन । मैले नचिनेरै रोहितलाई लामो समय बिताएछु । रोहितको मूल योगदान देख्दै देखेनछु । उहाँ जुन देश, समुदाय र संस्कृतिलाई योगदान दिइरहनुभएको छ त्यो देश, समुदाय र संस्कृति मेरो हो । उहाँले जुन विश्व दृष्टिकोणले समुदायको हितमा योगदान दिइरहनुभएको छ त्यो मेरो पनि हितमा छ । जहाँ व्यक्ति, सामूहिक र शक्तिमा रूपान्तरित भइरहेको छ, यस्तो शक्ति जसले सामूहिकता र समुदायको स्वाधीनतामा अभियन्तालाई समर्पित गराउँदो रहेछ । सबाल्टर्न अध्ययनमा तल्लीन भएर पनि यी कुरा मैले देख्दै देखेनछु, दशकौँ दशक । यी कुरा देख्न हाम्रो हेराइ अलग चाहिँदो रहेछ; औपनिवेशिक दृष्टिकोण दिमागबाट हटाउनु पर्दो रहेछ । हाम्रो ज्ञानेन्द्रिय तथा भावनात्मक बौद्धिकतालाई पनि औपनिवेशिक प्रभावभन्दा पर राखेर हेर्नुपर्ने रहेछ । तब मात्र रोहित र उहाँको समुदायको विद्रोही चेतनासहित सिर्जित सत्व देख्न सकिँदो रहेछ ।

सन् २०२४ सम्म मैले न रोहितलाई चिनेँ, न त उहाँको कुनै कृति नै पढेँ । जबकि मैले धेरै जेल जर्नलहरू पढेँ र पढाएँ : मार्टिन लुथर किङ जुनियरको 'लेटर्स फ्रम बर्गिमघम जेल,' अन्तोनियो गाम्चीको 'प्रिजन नोटबुक' सहित धेरै कृतिहरू, नुगीवा थियाङको 'डिटेन्ड: अ राइटर्स प्रिजन डायरी,' सिरिन इबादीको 'फ्रम दी लिभिङ रुम टु दी कोर्टरुम,' र 'इरान अवेकनिङ,' अम्बेडकरको 'लेटर फ्रम अम्बेडकर टु डब्लु.ई.बी. दु बोइस्,' बीपी कोइरालाको 'जेल जर्नल,' जङ्गबहादुर राणाको 'बेलायत यात्रा,' लैनसिंह बाङ्देलको 'मुलुक बाहिर,' भन्दै जाँदा लिस्ट लामो बन्दै जान्छ । यद्यपि, रोहितको जीवनभर जारी साहित्य सिर्जना तथा सांस्कृतिक योगदानबारे मलाई एकरत्ति जानकारी थिएन । यो मेरो गल्ती थियो । यो मेरो गल्ती हो ।

सन् २०२५ जुलाईमा विश्वविद्यालयको जीवनी लेखन पाठ्यक्रम परिमार्जन गर्दै गर्दा पुँजीवादी बजारमा उपभोग्य वस्तुझैँ बेच्ने उद्देश्यले प्रकाशित किताबभन्दा प्रतिरोधी इतिहासको नमुनालायक जीवनीकृति खोज्न थालेँ । बुर्जुवा सार्वजनिक वृत्तमा अदृश्य रहेको रोहितको 'जेलका चिट्ठीहरू' सबाल्टर्न सार्वजनिक वृत्तमा उपस्थित देखेँ । बाल विकास माध्यमिक विद्यालय प्रकाशक रहेछ, जहाँ अहिले हामी चिनियाँ भाषामा अनुवादित 'जेलका चिट्ठीहरू' सार्वजनिक गर्न भेला भएका छौँ । एउटा गुठी स्कूलले राजनीतिक तथा सांस्कृतिक प्रतिरोधी इतिहास बोकेको किताब प्रकाशन गर्नु नै नमुना कार्य देखिन्छ । शैक्षिक संस्थाहरूसँग जोडिएर बौद्धिक व्यक्तिहरूसँग सङ्गत बढ्यो । पिँधबाट भक्तपुरको बहुआयामिक इतिहास अध्ययन गर्ने ढोका खुल्यो । रोहितको 'जेलका चिट्ठीहरू' पढ्दा हाम्रो इतिहास, राजनीति, संस्कृति र साहित्यका बृहत् ऐतिहासिकता उपस्थित भयो । जसले लुकेर बसेको विद्रोही इतिहास हेर्ने आयामसहित भक्तपुर विकास मोडलको मार्गदर्शन देखाइदियो । यसले आफैले आफूलाई खोज्न पनि अभिप्रेरित गर्‍यो : मकवानपुरमा जन्मिएको एक पहिचानविहीन नेवा: जसले युवा अवस्थामै अङ्ग्रेजी साहित्यमा विद्यावारिधि अध्ययन पूरा त गर्‍यो तर उसलाई आफ्नो भाषा, संस्कृति, गुठी, पुर्खाको उत्पत्ति भूमि आदिबारे केही थाहा छैन । रोहितको किताबका पानाहरूमा आफ्नो पहिचानले आकार लिँदै गरेको आभाष भयो । पुर्खाको उत्पत्ति भूमिको आधार खुल्दै गएको भान भयो ।

यहाँ रोहितको 'जेलका चिट्ठीहरू' बारेमै केही थप कुरा राख्छु । एउटा साहित्यिक कृतिले बहुल अर्थ बोकेको हुन्छ । तिनलाई हेर्ने, विवेचना र विश्लेषण गर्ने निश्चित दृष्टिकोणअनुसार अलगअलग अर्थबोध हुन्छ । न्यु क्रिटिकल दृष्टिकोणले कुनै पनि कृति (टेक्स) लाई ऐतिहासिक परिवेश (कन्टेक्स) भन्दा पर राखेर अध्ययन गर्न सुझाउँछ । कृतिभित्रै शब्द संरचनाले जुन कुरा बोल्छ त्यतिमै कृतिलाई सीमित बनाउन खोज्छ । ऐतिहासिक पृष्ठभूमिमा नउभीइकन प्रभावपरक र पूर्वाग्रही भ्रमबाट मुक्त भई कृतिलाई हेर्ने आग्रहमा न्यु क्रिटिकल दृष्टिकोण कठोर मानकमा रूपान्तरण भएको देखिन्छ । रोहितको कृतिले ऐतिहासिक, सांस्कृतिक र राजनीतिक पृष्ठभूमिलाई समेट्छ र कृति अध्ययनमा यस्ता कठोर मानक भत्काइदिन्छ । साहित्यलाई भूराजनीतिक-सांस्कृतिक विषयसँग जोडिदिन्छ । रोहितको साहित्यिक कृति विशिष्ट सांस्कृतिक इतिहासको रूपमा उपस्थित हुन्छ । जहाँ भूराजनीतिक-सांस्कृतिक विषय साहित्यमार्फत उजागर हुन्छ । साहित्यिक सौन्दर्य सांस्कृतिक-राजनीतिक विषयसँगै प्रतिबिम्बित हुन्छ । रोहितका कृतिलाई अध्ययन गर्दा ऐतिहासिक पृष्ठभूमिलाई पर राख्न मिल्दैन । ऐतिहासिक पृष्ठभूमि कृति सँगसँगै उपस्थित हुन्छ ।

रोहितको कृतिमा, न्यु हिस्टोरिसिस्टले सुझाएझैँ, भूराजनीतिक-सांस्कृतिक सौन्दर्यका आयामहरू ऐतिहासिक र समकालीन सन्दर्भसँगै उभिन्छन् । पाठकले रोहितको 'जेलका चिट्ठीहरू' पढेर मात्र पुग्दैन, ती चिट्ठीहरू जन्माउने ऐतिहासिक परिवेश र परिस्थिति पनि पढ्नु पर्दछ, बुझ्नु पर्दछ । उहाँका चिट्ठीहरूले त्यस समयको प्रतिरोधी आन्दोलन सन्दर्भको ऐतिहासिकता दर्साउँछ । न्यान्सी फ्रेजरको 'सबाल्टर्न पब्लिक' र कार्लो जिन्जबर्गको 'माइक्रोहिस्ट्री' ले औँल्याएझैँ उहाँका चिट्ठीहरूले हैकमले अदृश्य बनाएर दबाइएको इतिहासलाई उजागर गरिदिन्छ । नअटाइएका आवाजलाई सार्वजनिक वृत्तमा उभ्याइदिन्छ । जुगन हबरमासले जसरी बुर्जुवा सार्वजनिक वृत्तको विस्तार गर्दै त्यसैभित्रै आफ्नो आवाज अटाउने स्पेस खोज्न छाडेर अलग्गै सबाल्टर्नको सार्वजनिक वृत्त निर्माणमा रोहितका चिट्ठीहरू वाचाल देखिन्छन् । ग्राम्चीले औँल्याएझैँ, 'हैकम,' 'बौद्धिक,' र 'अथक अभियानकर्मी' को कर्तव्यबोध गराउन उहाँका निजी चिट्ठीहरू सार्वजनिक विमर्शको विषय बनेर गुन्जिन्छन् । जहाँ रोहितको समुदाय 'अथक अभियन्ता' बनेर प्रतिरोधी सिर्जनामा समर्पित देखिन्छन् । उहाँका ससाना चिट्ठीहरू भक्तपुरको कलात्मक तथा सांस्कृतिक प्रस्तुतिझैँ रङ्गीन स्वरूपमा प्रतिबिम्बित हुन्छन् । चिट्ठीमार्फत दबिएका, दबाइएका ऐतिहासिक आवाजहरू प्रतिध्वनित हुन्छन् ।

रोहित त्यसताका २२ महिना जेल परेको बुझिन्छ तर उहाँले जेलबाट कति वटा चिट्ठीहरू लेख्नुभयो, यकिन भन्न सकिन्न । यस कृतिमा सन् १९८८ र १९८९ मा नख्खु जेलबाट लेखिपठाएको २१ वटा चिट्ठी समेटिएको छ । सम्बोधित प्रापक शोभा प्रधानले चिट्ठीको जवाफ लेखिन् वा लेखिनन्; यसै भन्न सकिन्न । कृति पढ्दा उहाँ सन् २०२२ जून २२ मा क्यान्सरका कारण बितेको बुझिन्छ । उहाँको सङ्घर्षका बारेमा मलाई कुनै जानकारी थिएन । एक स्कूल शिक्षिका, बृहत् परिवारकी बुहारी र कमरेड शोभाले भोगेका पीडाका दृश्यहरू चिट्ठीमा यदाकदा टुक्राटाक्री ध्वजाहरूबाट चियाउँदा मात्रै देख्न सकिन्छ । अदृश्यतामै उहाँको उपस्थिति देख्न सकिन्छ । उहाँको अनुपस्थिति नै उहाँको उपस्थिति बन्छ । उहाँको आवाज मौनतामा मात्रै सुनिन्छ । यसरी हेर्दा, भक्तपुरमा प्रतिरोधी बौद्धिक महिला व्यक्तित्व निर्माण कसरी जारी रहन्छ भन्ने विषयले थप अध्ययन मात्रै माग गर्दैन, गायत्री चक्रवर्ती स्पिभाकको दाबीमा सहमति वा असहमतिसहित 'सबाल्टर्न बोल्न सक्छ कि सक्दैन' र 'महिला सबाल्टर्न साँच्चै बोल्न सक्दैन त' भन्ने विषयमा गहन बौद्धिक विमर्श माग गर्छ । भक्तपुरको महिला नेतृत्वको सुनिश्चित भविष्यका लागि यो विमर्श अत्यावश्यक देखिन्छ ।

शोभा प्रधानको मौनताभित्र अध्यक्ष रोहित अथक अभियन्ताको लडाइँ लडिरहेको देखिन्छ । जहाँ उहाँको समुदाय प्रत्यक्ष परोक्ष दुबै स्वरूपको हैकमविरुद्ध उभिन्छन् । वैकल्पिक शक्ति निर्माणको क्रममा राजनीतिक दल गठन गर्छ, नेमकिपा । स्थानीय र अन्तर्राष्ट्रिय दुवै स्वरूपका दमनकारीविरुद्ध उनीहरू निरन्तर उभिन्छन् । रन्जित गुहाले सबाल्टर्न अध्ययनको क्रममा उजागर गर्ने गरेको विचारले भन्छ : 'हैकम होइन जस्तो लाग्ने, हैकम' देखिने हैकमभन्दा बढी डरलाग्दो दमन लाद्न सक्रिय रहन्छ । आफ्नो समुदाय र देशमा 'डोमिनेन्स वीडाउट हेजेमोनी' डरलाग्दो रूपमा लादिएको देख्ने रोहित जीवनभर प्रशिक्षक, विद्रोही अगुवा र सङ्गठक बनेर साहित्यलाई संस्कृति र राजनीतिसँग जोडिरहेको सिर्जनशील व्यक्तिका रूपमा देखा पर्छन् ।

विश्वविद्यालयमा जीवन लेखनी अध्ययनको क्रममा एउटा उदाहरण दोहोर्‍याइरहन्छु : हाम्रो जीवन नै इतिहास, भूगोल, धर्म, आध्यात्म, सङ्गीत, भाषा, साहित्य सबै हो, के चाहिँ होइन र ? यो तथ्य रोहितको लेखनीमा प्रतिबिम्बित देखिन्छ, उहाँका चिट्ठीहरूमार्फत । उहाँको जीवनीपरक अस्तित्वहरू : ऐतिहासिक, साहित्यिक र राजनीतिक अस्तित्व एक आपसमा खप्टिएर उपस्थित हुन्छन् । पाठकलाई उहाँको स्पष्ट पहिचान पहिल्याउन गाह्रो पर्छ । एक राजबन्दी चिट्ठीहरूमार्फत बौद्धिक विद्रोही व्यक्तिका रूपमा पुस्तकका पानाभरि उभिन्छन् । कतै प्रेमिल श्रीमान् त कतै प्यारो बुबा बनेर उभिन्छन् । यद्यपि, उहाँ सामाजिक सांस्कृतिक अभियन्ता तर आफ्नो वैचारिक, नैतिक राजनीति र व्यवहारबाट सदा अविचलित देखिनुहुन्छ । उहाँको वैचारिक व्यवहारबाटै आफ्नो समुदाय र देशप्रति समर्पित देखिन्छ, जसको उपलब्धि समकालीन भक्तपुर विकासका कार्यहरूमा पनि प्रतिबिम्बित देखिन्छ ।

अन्तमा, आफ्ना गल्तीहरू स्वीकार गर्दै कसैले पत्याऊन् वा नपत्याऊन्, स्वाधीन स्वरमा यति भन्छु : रोहितका निजी चिट्ठीहरूले बृहत् भूराजनीतिक-सांस्कृतिक सूक्ष्म इतिहास उजागर गर्छ जहाँ 'म्याक्रो इतिहास' 'माइक्रो इतिहास' मार्फत प्रतिबिम्बित हुन्छ । उहाँको जीवनीमिश्रित यी चिट्ठी र अन्य कृतिहरूले हामीलाई क्षणिक होइन अनवरत समर्पित 'अथक अभियन्ता' बन्न अभिप्रेरित गर्दछ, जुन सामुदायिक शक्ति, सांस्कृतिक सौन्दर्य र नैतिक राजनीतिको रक्षार्थ अपरिहार्य हुन्छ ।

***(यो मन्तव्य बाल विकास इङलिस सेकेन्डरी स्कूलद्वारा शुक्रबार आयोजित चिनियाँ भाषामा अनुदित 'जेलका चिट्ठीहरू' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक तारालाल श्रेष्ठले व्यक्त गर्नुभएको हो-सं)***

# नवप्रवर्तनको ध्येयले दुईदिने राष्ट्रिय प्रदर्शनी सम्पन्न



भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा दुईदिने 'आरोहण २' राष्ट्रिय प्रदर्शनी साउन ७ गते एक विशेष समारोहबिच शुभारम्भ भयो । बी.ई. तथा बी.आर्क. अध्ययनरत विद्यार्थीहरू र ख्वप आर्किटेक्चरल स्टुडेन्ट्स एक्टिभिटी सर्कलको नेतृत्वमा आयोजित उक्त प्रदर्शनी साउन ७ र ८ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म कलेज परिसरमा सञ्चालन गरिएको छ ।

प्रदर्शनीमा वास्तुकलाका थेसिस, इन्जिनियरिङका अन्तिम वर्षका परियोजनाहरू, डिजाइन स्टुडियोका कार्यहरू, अनुसन्धानमूलक सिर्जनाहरू, नवीन प्रविधिमा आधारित नमुनाहरू तथा विविध प्रदर्शनी स्टलहरू राखिएका छन् । यसले विद्यार्थीहरूको सिर्जनशीलता, प्राविधिक दक्षता तथा व्यावहारिक सीपलाई विद्यार्थी, प्राध्यापक, पेसागतविज्ञ तथा सर्वसाधारणसमक्ष प्रस्तुत गर्ने अवसर प्रदान गरेको छ ।

कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले गर्नुभयो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपप्रमुख तथा ख्वप इन्जिनियरिङ कलेज व्यवस्थापन समितिका उपाध्यक्ष आर्किटेक्ट रजनी जोशीले कलेजले आफ्नो स्थापनाको २५ औँ वर्ष मनाइरहेको उल्लेख गर्दै कलेज स्थापना गर्न गरिएको सङ्घर्ष र समर्पणको स्मरण गर्नुभयो । उहाँले सक्षम प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले कलेज स्थापना गरिएको बताउँदै त्यस उद्देश्यलाई सफल बनाउन अनुशासित, मेहनती तथा समर्पित शिक्षक-कर्मचारी र विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो ।

उहाँले पाठ्यक्रममा आधारित अध्ययनसँगै अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको व्यक्तित्व विकास, नेतृत्व क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

उपप्रमुख जोशीले अन्तरविषयगत सहकार्यले विभिन्न विषयका विद्यार्थीहरूबिच सहकार्यको भावना विकास गर्नुका साथै कक्षाकोठामा आर्जित सैद्धान्तिक ज्ञान र सीपलाई व्यावहारिक जीवन तथा पेसामा रूपान्तरण गरी राष्ट्र र जनताको सेवामा समर्पित हुन प्रेरणा प्रदान गर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इन्जिनियर सुजन माकले प्रदर्शनीमा प्रस्तुत विद्यार्थीहरूको सिर्जनशीलता, सीप, लगनशीलता तथा समर्पणप्रति प्रशंसा गर्नुभयो । उहाँले यस्ता प्रदर्शनीहरू विद्यार्थीहरूबिच ज्ञान, अनुभव र नवीन विचारहरूको आदानप्रदान हुने उत्कृष्ट पीयर-लर्निङ मञ्च भएको उल्लेख गर्दै यसले शिक्षालाई अझ जीवनोपयोगी, व्यावहारिक र मूल्यवान बनाउने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इन्जिनियर सुनिल दुवालले यस्ता कार्यक्रमहरू विद्यार्थी जीवनका अविस्मरणीय अनुभव बन्ने उल्लेख गर्दै यस्ता गतिविधिहरूले कक्षाकोठामा हासिल गरिएको ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने अवसर प्रदान गर्ने र सिकाइ प्रक्रियालाई अझ प्रभावकारी बनाउने धारणा व्यक्त गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य सुवेगमान बिजुक्छेँले कलेजले विद्यार्थीहरूको प्रतिभा, सिर्जनशीलता र प्राविधिक दक्षतालाई उजागर गर्न निरन्तर अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

यसअघि आर्किटेक्टर विभाग प्रमुख आर्किटेक्ट अर्चना बाडे श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँले प्रदर्शनीको उद्देश्य विद्यार्थीहरूमा नवप्रवर्तनको भावना विकास गर्नु, शैक्षिक सहकार्यलाई सुदृढ बनाउनु तथा उनीहरूले गरेका अध्ययन, अनुसन्धान र डिजाइन कार्यहरू समाजसमक्ष प्रस्तुत गर्न अवसर सिर्जना गर्नु रहेको बताउनुभयो ।

विभिन्न इन्जिनियरिङ तथा वास्तुकला विषयका विद्यार्थीहरूको सहभागितामा सम्पन्न भइरहेको 'आरोहण - २ राष्ट्रिय प्रदर्शनी' ले ज्ञान आदानप्रदान, अन्तरविषयगत सहकार्य तथा व्यावसायिक अन्तरक्रियालाई प्रवर्द्धन गर्नुका साथै ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक उत्कृष्टता, नवप्रवर्तन र विद्यार्थीहरूको समग्र व्यक्तित्व विकासप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ ।

दुई दिनसम्म सञ्चालन हुने उक्त प्रदर्शनी सर्वसाधारण, विद्यार्थी, शिक्षक, प्राध्यापक, अनुसन्धानकर्ता तथा पेसागत क्षेत्रका व्यक्तिहरूका लागि खुला रहनेछ । प्रदर्शनीमार्फत आगन्तुकहरूले विद्यार्थीहरूले तयार पारेका उत्कृष्ट थेसिस, अनुसन्धान, डिजाइन तथा प्राविधिक परियोजनाहरू अवलोकन गर्न सक्नेछन् ।

**शासक...**

सिर्जनात्मक तालिमसमेत नि:शुल्क प्रदान गरिरहेको बताउनुभयो ।

कार्यक्रममा काष्ठकलाका प्रशिक्षक इन्द्रकाजी शिल्पकारलाई सम्मान गरिएको थियो । कम्प्युटर तालिममा यस वर्ष विभिन्न जिल्लाका ६० वटा विद्यालयका २२० जना विद्यार्थी भर्ना भएकोमा १६३ जना नियमित कक्षामा उपस्थित भएका थिए ।

कार्यक्रममा सृजन लवजु, प्रविना बनमाला, बिरज लोहला, बैबिदलक्ष्मी बाहाला र सौरव बज्राचार्यले पनि बोल्नुभएको थियो ।

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

***देश...***

नाट्यकर्मी समाज नेपालका अध्यक्ष एवं कार्यक्रमका सभापति लक्ष्मीप्रसाद चवालले 'रामशेखरया ख्याल ब्वज्या' देखाउन विभिन्न चरणमा विभिन्न प्रयास गरेको जानकारी दिनुभयो ।

नाट्यकर्मी समाजले गरिरहेको गतिविधिबारे प्रकाश पार्दै आस्था थियटरको जीर्णोद्धारमा सहयोग गर्ने विभिन्न पक्षको योगदानको स्मरण गर्दै साउन १९ गतेसम्म हरेक दिन साँझ ५ बजे हुने ख्याल प्रहसन हेरी सहयोग गर्न आग्रह गर्नुभयो ।

रवीन्द्रप्रसाद कुसीले ख्याल ब्वज्या (प्रहसन) को आवश्यकताबारे चर्चा गर्नुभयो ।

उद्घाटन समारोहपछि 'खेल खत्तम' ख्याल देखाइएको थियो । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाले प्रस्तुत गरेको उक्त ख्यालको जय प्रजापतिले निर्देशन गर्नुभएको थियो भने सोको व्यवस्थापन नारायणी खौँजुले गर्नुभएको थियो ।

प्रहसनपछि आशाकाजी थकु र राजेन्द्र श्रेष्ठले ख्यालको समीक्षा गर्नुभएको थियो ।

त्यसरी नै साउन १० गते क्षेरावती द्य: देखाइयो । ख्वप कलेजले प्रस्तुत गर्ने सो ख्याल राजेन्द्रप्रसाद श्रेष्ठले निर्देशन गर्नुभएको थियो ।

**शनिवारीय...**

एक स्वतन्त्र र प्रजातान्त्रिक देशको रूपमा मात्रै उल्लेख छ । विदेशमा कुनै उपनिवेश नभएको देशको रूपमा अमेरिकी जनताको आँखोमा छारो हाल्दै छ । अमेरिकाको आजको भौतिक प्रगति अन्य कमजोर देशहरूमाथिको दोहन हो ।

'अन्नपूर्ण' दैनिक निश्चय पनि विविध विषयमा सूचना लेख, रचना र विश्लेषणात्मक लेखले प्रश्रय पाएको दैनिक हो । २७ असार २०८३ कै अङ्कले 'बच्चाले बचाएको कृषि जीवनशैली' शीर्षकको भनाइले सबै संवेदनशील पाठकहरूको ध्यान तान्यो ।

खेतखेतको बाटो, चौबाटो र खेतखेतकै 'बल्चा', 'झोपडी', 'पकोचा' आदि थरीथरीका पाटी बनाइएका छन् । हो, एक हिसाबले उत्पादनको वस्तु र उत्पादनको शैलीकै कारण स्थानीय संस्कृतिको उत्थान भएको हुन्छ । उपत्यकाका अन्य सहरमा 'बल्चा' नभनी 'फल्चा' वा थरीथरीका पाटी बनाइएका हुन्थे । 'गोलाकार झ्यालजस्तो भित्ता भएको एक फल्चालाई नेपाली भाषामा 'भत्क्या पाटी' नाम दिइयो । तर, त्यसको नाम अहिले 'लान्चा फल्चा : अर्थात् दुई तीनतिरै सडक भएको पाटी हो । तर, व्यवस्थित पाटी वा फल्चा भएको ठाउँमा 'ढुङ्गेधारा' , 'कुवा', 'पोखरी' वा कुनै पानीको स्रोत भएकै हुन्छ र अगाडि पछाडि कतै गरुडको चिह्न पनि हुन्छ ।

**एकक्षण** | प्रधान

## निजी क्षेत्रलाई सरकारले बोकेर हिंड्ने होइन बरु तिनीहरूलाई ऐन कानुनभित्र स्वतन्त्र रूपले काम गर्न दिनुपर्छ

हिजोका सरकारहरू जसरी आफ्नो बल, बुद्धि र घमण्डले निस्तेज हुँदै गए आजका सरकार पनि हेर्दाहेर्दै पतनोन्मुख स्थितिमा देखिनेछ - यदि वर्तमान देशको अर्थतन्त्रमा व्यापक परिवर्तन ल्याउन सकेन भने ।

देशको अर्थतन्त्र र परिस्थितिको तस्बिर तलका समाचार शीर्षकहरूले बताउँछन् -

'अन्नदेखि तरकारीसम्म विदेशकै भर', 'वर्ष दिनमै ४ खर्बका कृषि तथा पशुजन्य वस्तु आयात' (नागरिक दैनिक, ११ साउन २०८३) ।

१) यदि वर्तमान सरकारका अर्थमन्त्रीले फेरि 'विश्व बैङ्क, 'अन्तर्राष्ट्रिय मुद्राकोष' र 'एसियाली विकास बैङ्क' सँग ऋण लिएर नै ऋण तिरेको खण्डमा देश नेपाल संयुक्त राज्य अमेरिकाको नव-उपनिवेशमा बदलिनेछ । यसकारण, मन्त्रीहरूलाई सरकारले दिने गरेको अङ्ग रक्षकहरूले मन्त्रीहरूको सुरक्षा मात्रै होइन ती मन्त्रीहरूले विदेशीको सल्लाहमा लागेर ऋण लिँदै गएमा देश आर्थिकरूपले नर्कमै डुब्ने भए मन्त्रीहरूलाई विदेशमा भाग्न दिनु हुँदैन । पहिले केही सांसद र मन्त्रीहरूसँग ३-४ वटा देशको पासपोर्ट हुन्थे । यसकारण, बजेटलाई तासको जुवा जस्तै खेल्ने मन्त्रीहरूका सबै पासपोर्टहरू प्रहरी वा सेनाको हातमा हुनु आवश्यक छ, भाग्न दिनु हुँदैन ।

२) भ्रष्टाचारले व्यापार, सरकारी कार्यालयहरू र सामाजिक क्षेत्रमा समेत अर्थतन्त्रलाई घुमाइफिराइ नकारात्मक असर पर्ने काम गर्ने हुँदा भ्रष्टाचारलाई तत्काल नियन्त्रण गर्न नसकेपछि न्यून गर्न आवश्यक छ । सरकारी कार्यालयहरूमा हुने भ्रष्टाचारको अर्थ हो देशभित्र गम्भीर खतरा आउँदै छ - तकियामुनि सर्प राखेर सुत्ने व्यक्ति जस्तै । तल हेरौँ -

(क) 'अख्तियार पुग्यो सशस्त्रमा ११ करोड हिनामिना प्रकरण, भ्रष्टाचार कसुरमा छानबिन' (नयाँ पत्रिका, ११ साउन २०८३) ।

'झापा र सुनसरीमा कार्यरत अधिकृतहरू छानबिनमा", 'भेप तस्करीमा सघाउने इन्स्पेक्टर कारबाहीमा' (नयाँ पत्रिका, ११ साउन २०८३) ।

३) 'पहिरोले सडक पुरेपछि १० दिनदेखि तातोपानी नाकाबन्द', 'दर्जनभन्दा बढी स्थानमा पहिरोले सडक अवरुद्ध हुँदा आयात निर्यात ठप्प, ४० भन्दा बढी कन्टेनर अलपत्र' (नयाँ पत्रिका, ११ साउन २०८३) ।

यसको अर्थ हो, तिब्बतबाट आउने नेपाली सामान बजारमा बजार भाउ बढ्नेछ, नेपाली उपभोक्ता मारमा पर्छन् र त्यही विदेशी महँगो सामानले नेपाली रकम बिदेसिनेछ । यस स्थितिले नेपाल र नेपाली जनताकै अहित गर्छ । यसबारे सरकार चनाखो हुनुपर्ने हो ।

जेठ महिनादेखि नै यस्ता पहिरो आउने ठाउँहरूको जाँचबुझ गरी तत्कालै मर्मत सम्भारमा ध्यान दिनेबारे सरकारहरूलाई जनताको तहबाट लेख, रचना र पत्रहरू लेखेर सजग पार्दै आएको थियो भने संसद्मा पनि बारम्बार यसबारे सरकारको ध्यानाकर्षण गरेको समाचारमा जनताले पढेकै हुन् ।

तर सम्बन्धित मन्त्रालयहरू विभागीय कार्यालयहरूले बेवास्ता गर्दा धेरै धेरै जन-धनको क्षति हुँदै आएको हो । यसबारे सम्बन्धित कार्यालय र हाकिमहरूलाई जिम्मेवार ठहऱ्याई कानुनी कारबाही चलाएमा मात्र सबै क्षेत्र सतर्क हुने विश्वास गर्न सकिन्छ ।

४) 'सरकारले निजी क्षेत्रलाई साक्षी होइन, साझेदार बनाउनुपर्छ' (कान्तिपुर, ११ साउन २०८३) ।

यो भनाइ हो - एक उत्पादनमूलक उद्योगका कार्यकारी निर्देशकको ।

देशको अर्थतन्त्रका जानकार, अध्येता, चिन्तक र परिवेक्षकहरूलाई थाहा भएको विषय हो । पुँजीवादी व्यवस्थामा निजी उद्योगहरूले आ-आफ्नै पुँजी र सोचले देशको आर्थिक विकासमा सहयोग गर्ने हो । नेपालमा हिजो एउटै समुदायको बैङ्क थिएन, आज १० वटाभन्दा बढी होला । नेपालको बजेट बनाउँदा अर्थमन्त्री नै कोही उद्योगपतिहरूकै सल्लाहमा काम गर्दछन् । निजी उद्योगपतिहरूकै सल्लाहमा हिजो सबै सरकारका उद्योगहरू निजीकरण गरिएका हुन् । त्यसको फल नेपाली जनताले भोग्दै छन् । सरकारले निजी क्षेत्रलाई चम्चाले खुवाउने होइन, तिनीहरूलाई स्वतन्त्र रूपले काम गर्न दिनुपर्छ ।

कविता

## निदाउन कसरी सके होलान् ?

✦ स्नेह

देशभरि आगजनी गर्नेहरू
संसद् र सरकारमा कसरी पुगे ?
के राजालाई टिकाउने
बहुदलवादीहरूका सरकारहरू
यो दुइतिहाइको सरकार
सेनाकै भरमा टिकेको हो र ?
होइन भने
सिंहदरवार जलाउनेहरूलाई
कारबाही कहिले हुने हो ?
भाग खोज्दै रास्वपामा
तिहुन चाखुवाहरू कसरी पुगे ?
सुनसरीमा गोली चल्यो किन ?
मृत्युको जिम्मेवारी कसले लिने ?
कर्फ्यु लगाउनैपर्ने किन ?
के भदौ २३ र २४ दोहोरिने हो ?
होइन भने
देश खरानी बनाउनेहरू
निदाउन कसरी सके होलान् ?

(२०८३ साउन ११)

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३